## मन्तव्य

सूर्योदय नगरपालिकाको लागि दिगो विकास लक्ष्य अनुकूल मध्यमकालीन खर्च संरचनाको तर्जुमा गरी सार्वजनिक गर्न पाउँदा म गौरवान्वित  छु। यो दस्तावेजले आर्थिक वृद्धिलाई बढावा दिन र नगरपालिकाका स्रोतहरूको सन्तुलित वितरण सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ।

स्थानीय सरकार व्यवस्थापन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार तीनवटै तहका सरकारहरूले मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ। हामीले यस वर्ष सूर्योदय नगरपालिकाको आवधिक योजना,  विषयगत योजनाहरू, नगरपालिकाका नीतिहरूका अतिरिक्त आर्थिक सर्वेक्षण प्रतिवेदन, २०८०/८१ र दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन २०७९ र दिगो विकास लक्ष्य प्राप्ति मार्ग-चित्र २०८१ लाई समेत २०८०/८१-२०८३/८४ को मध्यमकालीन खर्च संरचना तर्जुमाको आधारको रूपमा प्रयोग गरेका छौं।

आवधिक योजनालाई वार्षिक बजेटको स्रोत र बजेटलाई नतिजासँग जोडेर दीर्घकालीन सोचअनुरुपको प्राप्ति सुनिश्चित मध्यमकालीन खर्च संरचना महत्त्वपूर्ण हुन्छ। यसले प्राथमिकताका क्षेत्रहरूमा लगानी केन्द्रित गरी र स्थानीय आवश्यकताहरूको सम्बोधन गर्न सहयोग पुऱ्याउनेछ, जसले दिगो आर्थिक विकासको लागि जग निर्माण गर्नेछ।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा संलग्न सबै कर्मचारी तथा पदाधिकारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। सूर्योदय नगरपालिकाको समृद्धि र विकासको लागि तपाईंहरू बहुमूल्य योगदान र सुझावहरूले हामीलाई नगरपालिकाको समग्र विकासलाई मार्गदर्शन गर्ने दस्तावेज तयार गर्न मद्दत गरेकोछ। यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाले हाम्रो सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउने र दिगो विकासमैत्री विकास प्रक्रियालाई सुदृढ बनाउने विश्वास लिएको छु।

रण बहादुर राई
नगर प्रमुख

# विषय सूची

## परिच्छेद – १ : परिचय


१.१ पृष्ठभूमि ........ 1
१.२ अवधारणा र उद्देश्य ........ 1
१.३ कानुनी तथा संस्थागत व्यवस्था ........ 2
*कानुनी व्यवस्था* ........ *2*
*संस्थागत व्यवस्था* ........ *2*
१.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ........ 3
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि र प्रकृया ........ 4


## परिच्छेद – २ : मध्यमकालीन खर्च संरचना


२.१ पृष्ठभूमि ........ 6
२.२ अवसर र चुनौती ........ 6
२.३ सोच, उद्देश्य तथा रणनीति ........ 7
*२.३.१ दीर्घकालीन सोच* ........ *7*
*२.३.२ नगर विकास लक्ष्यहरू* ........ *7*
*२.३.३ नगर विकासका उद्देश्यहरू* ........ *7*
२.४ मध्यमकालीन आर्थिक खाका ........ 8
२.५ मध्यमकालीन नतिजा खाका ........ 8
२.६ मध्यमकालीन बजेट खाका ........ 9
*आयको प्रक्षेपण* ........ *10*
*व्ययको अनुमान* ........ *11*
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड ........ 11
*२.७.१ प्राथमिकता क्रमको आधारमा बाँडफाँट* ........ *11*
*२.७.२ दिगो विकासको लक्ष्यको आधारमा बाँडफाँट* ........ *12*
*२.७.३ लैङ्गिक सङ्केतका आधारमा बाँडफाँट* ........ *12*
*२.७.४ जलवायु सङ्केतका आधारमा बाँडफाँट* ........ *13*
२.८ विषयक्षेत्रगत बाँडफाँड ........ 13


## परिच्छेद – ३: आर्थिक विकास क्षेत्र


३.१ कृषि तथा खाद्य सुरक्षा ........ 15
*३.१.१ पृष्ठभूमी* ........ *15*
*३.१.२ समस्या तथा चुनौती* ........ *15*
*३.१.३ सोच* ........ *16*
*३.१.४ उद्देश्य* ........ *16*
*३.१.५ रणनीति* ........ *16*
*३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *16*
*३.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *17*
*३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण* ........ *17*
*३.१.९ जोखिम पक्ष तथा अनुमान* ........ *18*
३.२ सिँचाइ ........ 19
*३.२.१ पृष्ठभूमि* ........ *19*
*३.२.२ समस्या तथा चुनौती* ........ *19*
*३.२.३ सोच* ........ *19*
*३.२.४ उद्देश्य* ........ *19*

*३.२.५ रणनीति* ........ 19
*३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ 19
*३.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ 20
*३.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ 20
*३.२.९ जोखिम पक्ष तथा अनुमान* ........ 20
३.३ पशुपन्छी विकास ........ 21
*३.३.१ पृष्ठभूमि* ........ 21
*३.३.२ समस्या तथा चुनौती* ........ 21
*३.३.३ सोच* ........ 21
*३.३.४ उद्देश्य* ........ 21
*३.३.५ रणनीति* ........ 22
*३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ 22
*३.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ 22
*३.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ 23
*३.३.९ जोखिम पक्ष तथा अनुमान* ........ 23
३.४ उद्योग व्यापार ........ 24
*३.४.१ पृष्ठभूमि* ........ 24
*३.४.२ समस्या तथा चुनौती* ........ 24
*३.४.३ सोच* ........ 24
*३.४.४ उद्देश्य* ........ 24
*३.४.५ रणनीति* ........ 25
*३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ 25
*३.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ 25
*३.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ 25
*३.४.९ जोखिम पक्ष तथा अनुमान* ........ 26
३.५ पर्यटन तथा संस्कृति ........ 26
*३.५.१ पृष्ठभूमि* ........ 26
*३.५.२ समस्या तथा चुनौती* ........ 27
*३.५.३ सोच* ........ 27
*३.५.४ उद्देश्य* ........ 27
*३.५.५ रणनीति* ........ 27
*३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ 27
*३.५.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ 28
*३.५.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ 28
*३.५.९ जोखिम पक्ष तथा अनुमान* ........ 28
३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था ........ 29
*३.६.१ पृष्ठभूमि* ........ 29
*३.६.२ समस्या तथा चुनौती* ........ 29
*३.६.३ सोच* ........ 29
*३.६.४ उद्देश्य* ........ 29
*३.६.५ रणनीति* ........ 30
*३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ 30
*३.६.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ 30
*३.६.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ 30
*३.६.९ जोखिम पक्ष तथा अनुमान* ........ 31

३.७ श्रम तथा रोजगारी ........ 31
*३.७.१ पृष्ठभूमि ........ 31*
*३.७.२ समस्या तथा चुनौती ........ 32*
*३.७.३ सोच ........ 32*
*३.७.४ उद्देश्य ........ 32*
*३.७.५ रणनीति ........ 32*
*३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 32*
*३.७.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ........ 33*
*३.७.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ........ 33*
*३.७.९ जोखिम पक्ष तथा अनुमान ........ 34*
३.८ गरिबी निवारण ........ 34
*३.८.१ पृष्ठभूमि ........ 34*
*३.८.२ समस्या तथा चुनौती ........ 34*
*३.८.३ सोच ........ 35*
*३.८.४ उद्देश्य ........ 35*
*३.८.५ रणनीति ........ 35*
*३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 35*
*३.८.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ........ 36*
*३.८.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ........ 36*
*३.८.९ जोखिम पक्ष तथा अनुमान ........ 36*

**परिच्छेद – ४ : सामाजिक विकास क्षेत्र**

४.१ शिक्षा विज्ञान तथा प्रविधि ........ 38
*४.१.१ पृष्ठभूमि: ........ 38*
*४.१.१ पृष्ठभूमि: ........ 38*
*४.१.२ समस्या तथा चुनौती ........ 39*
*४.१.२ समस्या तथा चुनौती ........ 40*
*४.१.३ सोच ........ 40*
*४.१.४ उद्देश्य ........ 40*
*४.१.५ रणनीति ........ 40*
*४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 41*
*४.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ........ 42*
*४.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ........ 43*
*४.१.९ जोखिम पक्ष तथा अनुमान ........ 44*
४.२ स्वास्थ्य तथा पोषण ........ 46
*४.२.१ पृष्ठभूमि ........ 46*
*४.२.२ समस्या तथा चुनौती ........ 46*
*४.२.३ सोच ........ 47*
*४.२.४ उद्देश्य ........ 47*
*४.२.५ रणनीति ........ 47*
*४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 48*
*४.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ........ 48*
*४.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ........ 49*
*४.२.९ जोखिम पक्ष तथा अनुमान ........ 50*
४.३ खानेपानी तथा सरसफाइ ........ 52

*४.३.१ पृष्ठभूमि* ........ *52*
*४.३.२ समस्या तथा चुनौती* ........ *52*
*४.३.३ सोच* ........ *52*
*४.३.४ उद्देश्य* ........ *52*
*४.३.५ रणनीति* ........ *52*
*४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *52*
*४.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *53*
*४.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *53*
*४.३.९ जोखिम पक्ष तथा अनुमान* ........ *54*
४.४ महिला बालबालिका तथा लक्षित वर्ग ........ 55
*४.४.१ पृष्ठभूमि* ........ *55*
*४.४.२ समस्या तथा चुनौती* ........ *55*
*४.४.३ सोच* ........ *56*
*४.४.४ उद्देश्य* ........ *56*
*४.४.५ रणनीति* ........ *56*
*४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *56*
*४.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *57*
*४.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *57*
*४.४.९ जोखिम पक्ष तथा अनुमान* ........ *58*
४.५ युवा तथा खेलकुद ........ 59
*४.५.१ पृष्ठभूमि* ........ *59*
*४.५.२ समस्या तथा चुनौती* ........ *59*
*४.५.३ सोच* ........ *59*
*४.५.४ उद्देश्य* ........ *59*
*४.५.५ रणनीति* ........ *59*
*४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *60*
*४.५.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *60*
*४.५.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *60*
*४.५.९ जोखिम पक्ष तथा अनुमान* ........ *61*
४.६ सामाजिक सुरक्षा र पञ्जीकरण ........ 62
*४.६.१ पृष्ठभूमि* ........ *62*
*४.६.२ समस्या तथा चुनौती* ........ *62*
*४.६.३ सोच* ........ *62*
*४.६.४ उद्देश्य* ........ *62*
*४.६.५ रणनीति* ........ *63*
*४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *63*
*४.६.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *63*
*४.६.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *63*
*४.६.९ जोखिम पक्ष तथा अनुमान* ........ *64*


**परिच्छेद – ५ : पूर्वाधार विकास क्षेत्र**


५.१ आवास, भवन तथा बस्ती विकास ........ 65
*५.१.१ पृष्ठभूमि* ........ *65*
*५.१.२ समस्या तथा चुनौती* ........ *65*
*५.१.३ सोच* ........ *65*

*५.१.४ उद्देश्य* ........ *66*
*५.१.५ रणनीति* ........ *66*
*५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *66*
*५.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *66*
*५.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *66*
*५.१.९ जोखिम पक्ष तथा अनुमान* ........ *67*
**५.२ सडक, पुल तथा यातायात ........ 68**
*५.२.१ पृष्ठभूमि* ........ *68*
*५.२.२ समस्या तथा चुनौती* ........ *68*
*५.२.३ सोच* ........ *68*
*५.२.४ उद्देश्य* ........ *68*
*५.२.५ रणनीति* ........ *68*
*५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *68*
*५.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *69*
*५.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *69*
*५.२.९ जोखिम न्यूनीकरणका लागि सिफारिस* ........ *70*
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा ........ 71
*५.३.१ पृष्ठभूमि* ........ *71*
*५.३.२ समस्या तथा चुनौती* ........ *71*
*५.३.३ सोच* ........ *71*
*५.३.४ उद्देश्य* ........ *71*
*५.३.५ रणनीति* ........ *71*
*५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *71*
*५.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *72*
*५.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *72*
*५.३.९ जोखिम न्यूनीकरणका लागि सिफारिस* ........ *73*
५.४ सूचना, सञ्चार तथा प्रविधि ........ 74
*५.४.१ पृष्ठभूमि* ........ *74*
*५.४.२ समस्या तथा चुनौती* ........ *74*
*५.४.३ सोच* ........ *74*
*५.४.४ उद्देश्य* ........ *74*
*५.४.५ रणनीति* ........ *74*
*५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *74*
*५.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान* ........ *75*
*५.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण* ........ *75*
*५.४.९ जोखिम पक्ष र अनुमान* ........ *76*

**परिच्छेद – ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

६.१ वन हरियाली भूसंरक्षण तथा जैविक विविधता ........ 77
*६.१.१ पृष्ठभूमि* ........ *77*
*६.१.२ समस्या तथा चुनौती* ........ *77*
*६.१.३ सोच* ........ *77*
*६.१.४ उद्देश्य* ........ *77*
*६.१.५ रणनीति* ........ *77*
*६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य* ........ *77*

*६.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 78*
*६.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ..... 78*
*६.१.९ जोखिम पक्ष तथा अनुमान ..... 79*
६.२ वातावरण तथा फोहरमैला व्यवस्थापन ..... 80
*६.२.१ पृष्ठभूमि ..... 80*
*६.२.२ समस्या तथा चुनौती ..... 80*
*६.२.३ सोच ..... 80*
*६.२.४ उद्देश्य ..... 80*
*६.२.५ रणनीति ..... 80*
*६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 80*
*६.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 81*
*६.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ..... 81*
*६.२.९ जोखिम पक्ष तथा अनुमान ..... 82*
६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ..... 83
*६.३.१ पृष्ठभूमि ..... 83*
*६.३.२ समस्या तथा चुनौती ..... 83*
*६.३.३ सोच ..... 83*
*६.३.४ उद्देश्य ..... 83*
*६.३.५ रणनीति ..... 83*
*६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 83*
*६.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 84*
*६.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ..... 84*
*६.३.९ जोखिम पक्ष तथा अनुमान ..... 85*


**परिच्छेद – ७ : संस्थागत विकास र सुशासन क्षेत्र**


७.१ नीति, कानुन, न्याय तथा सुशासन ..... 86
*७.१.१ पृष्ठभूमि ..... 86*
*७.१.२ समस्या तथा चुनौती ..... 86*
*७.१.३ सोच ..... 86*
*७.१.४ उद्देश्य ..... 86*
*७.१.५ रणनीति ..... 86*
*७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 86*
*७.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 87*
*७.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ..... 87*
*७.१.९ जोखिम पक्ष तथा अनुमान ..... 88*
७.२ सङ्गठन, मानव संसाधन र क्षमता विकास ..... 89
*७.२.१ पृष्ठभूमि ..... 89*
*७.२.२ समस्या तथा चुनौती ..... 89*
*७.२.३ सोच ..... 89*
*७.२.४ उद्देश्य ..... 89*
*७.२.५ रणनीति ..... 89*
*७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 89*
*७.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 90*
*७.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ..... 90*
*७.२.९ जोखिम पक्ष तथा अनुमान ..... 91*

७.३ राजश्व तथा स्रोत परिचालन ..... 92
*७.३.१ पृष्ठभूमि ..... 92*
*७.३.२ समस्या तथा चुनौती ..... 92*
*७.३.३ सोच ..... 92*
*७.३.४ उद्देश्य ..... 92*
*७.३.५ रणनीति ..... 92*
*७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 93*
*७.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 93*
*७.३.८ कार्यक्रम/ आयोजनाको सङ्क्षिप्त विवरण ..... 93*
*७.३.९ जोखिम पक्ष तथा अनुमान ..... 94*
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ..... 95
*७.४.१ पृष्ठभूमि ..... 95*
*७.४.२ समस्या तथा चुनौती ..... 95*
*७.४.३ सोच ..... 95*
*७.४.४ उद्देश्य ..... 95*
*७.४.५ रणनीति ..... 95*
*७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 96*
*७.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान ..... 96*
*७.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण ..... 96*
*७.४.९ जोखिम पक्ष तथा अनुमान ..... 97*

**अनुसूचीहरु**

*अनुसूची १ : शीर्षकगत रुपमा त्रि-वर्षीय  आय अनुमान ..... 98*
*अनुसूची २ : तीन आर्थिक वर्षको अनुमान, प्राथमिकीकरण र साङ्केतीकरण ..... 100*
*अनुसूची ३ : आयोजनाहरुको प्राथकिकीकरण तालिका ..... 105*
*अनुसूची ४ : जलवायु सङ्केत र लैङ्गगिक सङ्केत अनुसार आयोजनाहरुको साङ्केतिकरण तालिका ..... 110*
*अनुसूची ५: त्रि-वर्षीय खर्च र स्रोतको अनुमान ..... 115*
*अनुसूची ६: मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि आबद्ध समितिहरू: ..... 127*

## तालिका सूची


परिच्छेद – १ : परिचय.............................................................................................1

तालिका १.१ मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि निर्धारण गरिएको कार्यतालिका ..........4

परिच्छेद – २ : मध्यमकालीन खर्च संरचना..............................................................6

तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य ..........8
तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य..........8
तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र खर्चको प्रक्षेपण ..........10
तालिका नं २.४: प्राथमिकताका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण..........11
तालिका नं २.५ दिगो विकासको लक्ष्यका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण..........12
तालिका नं २.६ लैङ्गिक सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ..........13
तालिका नं २.७ जलवायु सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण..........13
तालिका नं २.८: आगामी तीन आर्थिक वर्षको विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रू. हजारमा)..........13

परिच्छेद – ३: आर्थिक विकास क्षेत्र ..........................................................................15

तालिका ३.१: कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..........16
तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..........17
तालिका ३.३: कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..........17
तालिका ३.४ : सिंचाई उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..........20
तालिका ३.५ : सिंचाई उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..........20
तालिका ३.६: सिंचाई उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........20
तालिका ३.७ : पशुपक्षी विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..........22
तालिका ३.८: पशुपक्षी विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..........22
तालिका ३.९: पशुपक्षी विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........23
तालिका ३.१०: उद्योग व्यापार उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..........25
तालिका ३.११: उद्योग व्यापार उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..........25
तालिका ३.१२: उद्योग व्यापार उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........26
तालिका ३.१३ : पर्यटन तथा संस्कृति उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..........27
तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..........28
तालिका ३.१५: पर्यटन तथा संस्कृति उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........28
तालिका ३.१६ : भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..........30
तालिका ३.१७ : भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..........30
तालिका ३.१८: भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........31
तालिका ३.१६ : श्रम तथा रोजगारी उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..........32
तालिका ३.१७ : श्रम तथा रोजगारी उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..........33
तालिका ३.१८: श्रम तथा रोजगारी उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..........33
तालिका ३.२२ : गरिवी निवारण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..........35
तालिका ३.२३ : गरिवी निवारण उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ..........36
तालिका ३.२४: गरिवी निवारण उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........36

परिच्छेद – ४ : सामाजिक विकास क्षेत्र ........ 38

तालिका ४.१ : शिक्षा विज्ञान तथा प्रविधि उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 41
तालिका ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 42
तालिका ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 43
तालिका ४.४ : स्वास्थ्य तथा पोषण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 48
तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 49
तालिका ४.६: स्वास्थ्य तथा पोषण उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 49
तालिका ४.७ : खानेपानी तथा सरसफाई उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 52
तालिका ४.८ : खानेपानी तथा सरसफाई उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 53
तालिका ४.९: खानेपानी तथा सरसफाई उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 53
तालिका ४.१० : महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 56
तालिका ४.११ : महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 57
तालिका ४.१२: महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 57
तालिका ४.१० : युवा तथा खेलकुद उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 60
तालिका ४.१४ : युवा तथा खेलकुद उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 60
तालिका ४.१५: युवा तथा खेलकुद उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 60
तालिका ४.१६ : सामाजिक सुरक्षा र पञ्जिकरण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 63
तालिका ४.१७ : सामाजिक सुरक्षा र पञ्जिकरण उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 63
तालिका ४.१८: सामाजिक सुरक्षा र पञ्जिकरण उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 64

परिच्छेद – ५ : पूर्वाधार विकास क्षेत्र ........ 65

तालिका ५.१ : आवास भवन तथा वस्ति विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 66
तालिका नं. ५.२ आवास, भवन तथा वस्ती विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 66
तालिका नं. ५.३ आवास, भवन तथा वस्ती विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 67
तालिका ५.४: सडक, पुल तथा यातायात उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 68
तालिका ५.५: सडक, पुल तथा यातायात उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 69
तालिका ५.६: सडक, पुल तथा यातायात उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 69
तालिका ५.७: जलस्रोत, विद्यूत तथा स्वच्छ उर्जा उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 72
तालिका ५.८: जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 72
तालिका ५.९: जलस्रोत, विद्यूत तथा स्वच्छ उर्जा उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 72
तालिका ५.१०: सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 74
तालिका ५.११: सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 75
तालिका ५.१२: सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 75

परिच्छेद – ६ :वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ 76

तालिका ६.१: वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 78
तालिका ६.२: वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 78
तालिका ६.३: वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 78
तालिका ६.४ : वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 80
तालिका ६.५ : वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ........ 81

तालिका ६.६ : वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.....................81
तालिका ६.७ : विपद जोखिम व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकुलन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .....................................................................................................................................84
तालिका ६.८ : विपद जोखिम व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकुलन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..84
तालिका ६.९: विपद जोखिम व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकुलन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..................................................................................................................................84

परिच्छेद – ७ : संस्थागत विकास र सुशासन क्षेत्र....................................................................86

तालिका ७.१ : नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..............................87
तालिका ७.२ : नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान....................................87
तालिका ७.३: नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ...........................87
तालिका ७.४ : संगठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......................89
तालिका ७.५ : संगठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान .............................90
तालिका ७.६: संगठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण....................90
तालिका ७.७ : राजश्व तथा स्रोत परिचालन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......................................93
तालिका ७.८ : राजश्व तथा स्रोत परिचालन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान ...........................................93
तालिका ७.९: राजश्व तथा स्रोत परिचालन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...................................93
तालिका ७.१० : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .............96
तालिका ७.११: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान.....................96
तालिका ७.१२ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...........96

# परिच्छेद – १ : परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको सन्दर्भमा यस नगरपालिकाले आर्थिक वर्ष २०७८/७९ देखि मध्यमकालिन खर्च संरचना तर्जुमा गर्ने अभ्यास सुरु गरेको छ । नेपाल सरकारले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का माध्यमबाट मध्यमकालीन खर्च संरचनाको विधि, औजार, चरण तथा प्रक्रियालाई स्पष्ट पारेर स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तर्जुमामा मार्गदर्शन गरेको छ । यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधान, संघीय र प्रादेशिक नीति, कानुन र  आवधिक विकास योजनाहरू, क्षेत्रगत योजना, गुरुयोजना र रणनीतिक योजनाहरू, नगरपालिकाको आर्थिक सर्वेक्षण प्रतिवेदन, दिगो विकास लक्ष्य स्वैच्छिक पुनरावलोकन प्रतिवेदन एवं सरोकारवालाहरू सँगको छलफलको निष्कर्षलाई मुख्य आधारको रूपमा लिइएको छ ।

## १.२ अवधारणा र उद्देश्य

मध्यमकालिन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजारको रूपमा काम गर्दछ । यसले स्रोतको आँकलन गरी प्राथमिकताको क्षेत्रमा मध्यमकालिन अवधिको लागि स्रोतको बाँडफाँड सहितको अनुमानको खाका तयार गर्दछ । यसरी तयार गरिएको मध्यमकालीन खर्च संरचना अनुरूप स्थानीय तहले नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्दछ । यो खाका तयार गर्दा गत आर्थिक वर्षको वास्तविक स्रोत अनुमान र खर्च अनुसार आगामी दुई वर्षको प्रक्षेपण गरिन्छ । प्रत्येक वर्ष बजेट कार्यान्वयन पश्चात् प्रगति समीक्षा गरी बाँकी दुई वर्षको बजेट परिमार्जन सहित प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालिन खर्च संरचनामा चक्रिय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गरिनु पर्दछ । तसर्थ यस खर्च संरचनालाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र अनुदान तथा सहायताको अनुमान समेतलाई समेटेर हरेक वर्ष परिमार्जन गरिन्छ । यो तरिकाले बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका पुर्‍याउनका साथै बजेटलाई नगरको निर्धारित लक्ष्य, उद्देश्य, नतिजा र उपलब्धिसँग आबद्ध गराउँछ ।

मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :–

क. आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धि मूलक बनाउनु,

ख. आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,
ग. स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,
घ. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु,
ङ. बजेट अनुमानलाई यथार्थपरक बनाउनु ।

## १.३ कानुनी तथा संस्थागत व्यवस्था

मध्यमकालिन खर्च संरचना तर्जुमाका लागि देहाय बमोजिमको कानुनी तथा संस्थागत व्यवस्था गरिएको छ :

**कानुनी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । मध्यमकालीन खर्च संरचनामा देहायका विवरणहरू समावेश गर्नु पर्ने व्यवस्था रहेको छः–

क. प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य,
ख. प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुस्ट्याँई,
ग. प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिको दुई वर्ष आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
घ. प्रस्तावित योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण,
ङ. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
च. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता,
छ. सञ्चालित योजना भए गत आ. व. मा छुट्टाइएको खर्च अनुसार लक्ष्य हासिल भएनभएको यथार्थ विवरण ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीयतह समेतको स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्न आवश्यक भएको छ ।

**संस्थागत व्यवस्था**

मध्यमकालीन खर्च संरचना नै आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :–

**१. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समिति मार्फत भएको छ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः–

क. मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

ख. आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,
ग. प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

**२. मध्यमकालीन खर्च संरचना कार्यदल**

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको कार्यदल रहेको छ । उक्त कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, परिमार्जनका साथै महाशाखा/शाखा/एकाइ अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने तथा सो महाशाखा/शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्ने कार्य गरेको छ।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक
ख. विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरू – सदस्य
ग. योजना शाखा प्रमुख – सदस्य सचिव
घ. विषयगत रूपमा एकीकृत रूपमा बजेट तयारीका लागि कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पादन गर्दछ:
ङ. विषयगत समितिहरूसँग आवश्यक समन्वय गर्ने,
च. मध्यमकालीन खर्च संरचनासम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने,
छ. मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने,
ज. त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आँकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,
झ. मध्यमकालीन खर्च संरचनासम्बन्धी अन्य कार्यहरू गर्ने।

**३. विषयगत योजना तर्जुमा समितिहरू**

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत महाशाखा/शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुन: प्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरू मार्फत भएको छ । मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहाय बमोजिमका कार्यहरू गरेका छन् :

क. कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने।
ख. विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने।
ग. कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने।

विषयक्षेत्रगत रूपमा देहायका विषयगत योजना तर्जुमा समितिहरू रहेका छन्।

क. आर्थिक विकास समिति
ख. सामाजिक विकास समिति
ग. पूर्वाधार विकास समिति
घ. वन तथा वातावरण समिति
ङ. सुशासन तथा संस्थागत क्षमता विकास समिति

## १.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

विश्वको लागि दिगो र सुरक्षित भविष्य हासिल गर्न संयुक्त राष्ट्र सङ्घको १५ औं महासभाले विश्वव्यापी लक्ष्यहरूको सेटको रूपमा दिगो विकास लक्ष्यहरू (SDGs) पुरा गर्ने प्रतिबद्धता पारित गरेको थियो। सहस्राब्दी विकास लक्ष्यहरूमा आधारित भएर दिगो

विकासका सूचकहरू निर्धारित गरिएका छन् जसले सन् २०३० सम्ममा गरिबी अन्त्य गर्ने, वातावरणको संरक्षण गर्ने र सबैका लागि शान्ति र समृद्धि हासिल गर्ने लगायतका १७ लक्ष्यहरू अघि सारेको छ। ती लक्ष्यहरू हासिल गर्ने जिम्मेवारी संघीय, प्रदेश र स्थानीय सरकारहरूको पनि रहेको छ, किनकी यसले नेपालको दीर्घकालीन परिकल्पना 'समृद्ध नेपाल: सुखी नेपाली' सँग प्रत्यक्ष सम्बन्ध राख्दछ। यी लक्ष्यहरूको प्राप्ति गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व पनि हो तसर्थ यी प्रतिबद्धताहरूलाई देशको आवधिक र वार्षिक योजनाहरूमा समावेश गरिनुपर्छ।

तीनवटै तहका सरकारहरूले आवधिक योजना तर्जुमा गर्दा विकास उपलब्धिहरूलाई दिगो विकास लक्ष्यहरूको (SDGs) प्राप्तिलाई केन्द्र बनाएर तिनिहरूको योगदानको आँकलन गर्ने प्रयासको अभ्यास भइरहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन सूर्योदय नगरपालिकाले दिगो विकास लक्ष्यहरूको स्वैच्छिक पुनरावलोकन मार्फत हाल सम्म हासिल गरेका उपलब्धिहरूको समीक्षा र निर्धारित सूचकहरूको आन्तरिकीकरण सहित स्थानीय लक्ष्यको निर्धारण गरेको छ। नगरपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक योजना र कार्यक्रमहरूको तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूलाई प्राप्ति गर्न लगानीमा चालु, पुँजीगत, र वित्तीय व्यवस्था तर्फको खर्चको सन्तुलित विनियोजन, क्षेत्रगत लगानीको खाका निर्धारण, सार्वजनिक, सहकारी र निजी क्षेत्रबाट हुन सक्ने लगानीको आँकलन, लक्ष्य प्राप्तिका लागि अवलम्बन गरिने नीतिको तर्जुमा, कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको ढाँचा एवं लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य र साझेदारीलाई प्राथमिकता दिँदै आएको छ।

समग्रमा, स्थानीय सरकारको मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्यबीच प्रत्यक्ष सम्बन्ध हुन्छ। स्थानीय सरकारहरूले दिगो विकास लक्ष्यहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका आफ्ना प्राथमिकताका आयोजना र कार्यक्रमहरूका लागि स्रोतहरू सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न आवश्यक छ। यसका लागि सूर्योदय नगरपालिकाले आफ्नो मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यसँग सम्बन्ध स्थापित गर्ने प्रयास गरेको छ। वित्तीय खाका र परिणाम खाकाका सूचकहरूले दिगो विकास लक्ष्यहरूको प्राप्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुर्याउँछन्। दिगो विकास लक्ष्यका आधारमा क्षेत्रगत रूपमा बजेटको विनियोजन गरिएको छ। मध्यमकालीन खर्च संरचनामा प्रस्तुत गरिएका उद्देश्य र रणनीतिहरूले दिगो विकास लक्ष्यमा योगदान पुर्याउँछन्। दिगो विकास लक्ष्य हासिल गर्नका चुनौती र समस्याको पनि विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने र लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा लगानी गर्ने आयोजना तथा कार्यक्रममा विशेष ध्यान दिइएको छ। मध्यमकालीन खर्च संरचनालाई सकेसम्म दिगो विकास लक्ष्य मैत्री बनाउने प्रयास गरिएको छ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि र प्रकृया

स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ ले मध्यमकालीन खर्च संरचनालाई वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियासँगै आबद्ध गरी देहाय अनुसार चरणबद्ध रूपमा तर्जुमा गर्ने व्यवस्था गरेको छ। मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिका निर्धारण गरिएको छ :

*तालिका १.१ मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि निर्धारण गरिएको कार्यतालिका*

| क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवं स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आँकलन | वैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |

| क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | वैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ १५ गते भित्र | विषयगत महाशाखा/शाखा र वडा कार्यालय |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेस | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेट मा प्रविष्टि | असार मसान्त भित्र | आर्थिक विकास/योजना महाशाखा/शाखा |

# परिच्छेद – २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनको लागि महत्वपूर्ण औजार हो र वित्तीय अनुशासन सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ। यसले संघीय कानुनहरूद्वारा अनिवार्य रूपमा प्राथमिकता क्षेत्रहरूमा कोष र स्रोतहरू विनियोजनलाई सुनिश्चित गर्दछ। आर्थिक खाका, नतिजा खाका र बजेट खाका सहितको यस मध्यमकालीन खर्च संरचनामा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम, आगामी दुई आर्थिक वर्षको खर्च अनुमान र प्रक्षेपणहरू समावेश गरिएका छन्।

सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०८१/८२-२०८३/८४ को लागि मध्यमकालीन खर्च संरचना तयार गर्दा दिगो विकास लक्ष्य, चालु पन्ध्रौं राष्ट्रिय आवधिक योजना, कोशी प्रदेश र सूर्योदय नगरपालिकाको पहिलो आवधिक विकास योजनाका नीति तथा कार्यक्रम, दिगो विकास स्वैच्छिक पुनरावलोकनबाट निर्धारित लक्ष्यहरू तथा आर्थिक सर्वेक्षण २०८०/८१ का सूचकलाई आधार बनाइएको छ। यस दस्तावेजले दीर्घकालीन सोच अनुरूप नगरपालिकाका निर्दिष्ट उद्देश्यहरू प्राप्त गर्न नगरपालिकालाई मार्गदर्शन गर्नेछ।

मध्यमकालीन खर्च संरचनाले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने र दिगो आर्थिक विकासलाई प्रवर्धन गर्ने क्षेत्रमा लगानी गर्ने सुनिश्चित गर्न स्थानीय प्राथमिकता र विकास कार्यक्रमहरूमा तुलनात्मक लाभका क्षेत्रहरू समेट्छ। आवधिक योजनालाई वार्षिक बजेटसँग र वार्षिक बजेटलाई नतिजासँग जोडेर मध्यमकालीन खर्च संरचनाले दीर्घकालीन सोच र वित्तीय अनुशासनलाई प्रवर्धन गर्दछ। यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारी औजार बन्ने र सूर्योदय नगरपालिकाको सर्वाङ्गीण विकासमा मार्गदर्शन गर्नेछ।

## २.२ अवसर र चुनौती

सूर्योदय नगरपालिकाले आर्थिक विकासका लागि धेरै अवसरहरू बोकेको छ। यस क्षेत्रका प्रसिद्ध पर्यटकीय स्थलहरू, जस्तै कन्याम, फिक्कल, र श्रीन्तु, साथै चिया खेती, अदुवा, अम्लिसो र अन्य नगदे बालीहरूले व्यवसायहरूको प्रवर्धन र रोजगारीका अवसरहरू सिर्जना गरेका छन्। कृषि र पशुपालनमा व्यावसायिकताको वृद्धिले स्थानीय उत्पादनका लागि थप टेवा पुर्याएको छ। नगरको आन्तरिक सडक सञ्जाल, भारतको पश्चिमबङ्गालको दार्जिलिङ जिल्लासँगको सिमाना र मेची राजमार्गले यातायातको सहजता र आर्थिक अवसरहरू बढाएको छ। मेचीखोला, विरिङखोला, सिद्धिखोला र जोगमाई नदीले जलविद्युत र सिँचाइ सुविधा विस्तारको अवसर सिर्जना गरेको छ।

स्थानीय सरकारहरूबीच प्रतिस्पर्धात्मक भावनाको विकासबाट दिगो विकास, उत्थान, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हुन सक्दछ। सूर्योदय नगरपालिकामा पर्यटन तथा भौतिक पूर्वाधारको विकासमा अन्तरसरकारी चासो र सहकार्य बढ्दै गएको छ। स्थानीय सरकार सञ्चालनका लागि आवश्यक व्यवसायिक र कानुनी आधार तय भई कार्यान्वयनमा आएको छ र तीनै तहका निर्वाचित सरकारहरू समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा क्रियाशील छन्।

सवालमा विद्यमान विकासको प्रवृत्ति अनुरूप दिगो विकासका प्रतिबद्धताहरू, राष्ट्रिय तथा प्रादेशिक योजना र स्थानीय आवधिक विकास योजनाले लिएको लक्ष्य हासिल गर्नु ठूलो चुनौती हो। उत्पादन, रोजगारी र आयमा समानुपातिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण र मर्यादित जीवनयापनको वातावरण निर्माण प्रमुख चुनौती हुन्। 'कोभिड–१९'

महामारी र  विभिन्न मुलुकहरूमा चलिरहेको द्वन्दको विश्वव्यापी फैलावटको प्रभाव, विश्वव्यापी रूपमा देखिएको उच्च स्तरको मूल्य वृद्धि र वातावरणीय ह्रास र जलवायु परिवर्तनका कारण हुन सक्ने विपद्को बढ्दो जोखिमलाई पनि लक्ष्य प्राप्तिका बाधकका रूपमा हेरिएको छ।

जटिल भौगोलिक संरचना र भू-बनोट, बढ्दो विकास लागत, बढ्दो प्रशासनिक तथा सञ्चालन खर्च र जनताको बढ्दो माग र आवश्यकताका कारण विकास प्रतिफल हासिल गर्न कठिन भएको छ। व्यवस्थित सहरी विकास, सुविधा युक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी र ऊर्जाको उपलब्धता, सरसफाइ सुविधा र सूचना प्रविधि, कृषि तथा पशुपालन व्यवसायको विविधीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, उत्पादनशील रोजगारीमा वृद्धि र जनसाङ्ख्यिक लाभको सदुपयोग हुन सकेको छैन। सीप विकास, प्राकृतिक स्रोतको दिगो उपयोग, सुदृढ बजारीकरण प्रणाली, स्थानीय उत्पादनको मूल्य शृङ्खलामा संलग्नता, युवा स्वरोजगारका अवसर सिर्जना र दिगो पूर्वाधार निर्माणको अभाव महसुस भएको छ। स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको दक्ष, सन्तुलित र प्रभावकारी व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम राख्न चुनौतीपूर्ण छ। वित्तीय संघीयताको मर्म अनुरूप स्थानीय तहको जिम्मेवारी पूरा गर्न स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, जनशक्ति र संस्थागत क्षमता अभिवृद्धिको काम यथोचित रूपमा अघि बढ्न सकेको छैन।

## २.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नगरपालिकाले आफ्नो दीर्घकालीन सोच, आवधिक विकास योजना, वार्षिक बजेट तथा कार्यक्रम लगायत विभिन्न मार्गनिर्देशनहरूलाई आधार बनाएको छ। नगरको विकासका लागि दीर्घकालीन सोच,लक्ष्य, उद्देश्य र रणनीतिहरू निम्नअनुसार तय गरिएका छन्:

### २.३.१ दीर्घकालीन सोच

*"सूर्योदय नगरपालिकाको समृद्धताः प्राङ्गारिक कृषि, पर्या-पर्यटन र आर्थिक समानता"*

सूर्योदय नगरपालिकाको यो दीर्घकालीन सोच नेपाल सरकारको सोच 'समृद्ध नेपालः सुखी नेपाली' र कोशी प्रदेशको दीर्घकालीन सोच 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' लाई टेवा पुर्याउँदै नगरवासीको आय र वितरणको असमानताका समस्याहरूलाई सम्बोधन, मानव विकास सूचकाङ्कमा वृद्धि, उत्पादन, उत्पादकत्व र बचतमा वृद्धि, लगानीका अवसरहरूको विस्तार, रोजगारीका थप अवसरहरू सिर्जना र जीवनस्तरमा सुधार ल्याउने परिकल्पना गरेको छ।

### २.३.२ नगर विकास लक्ष्यहरू

नगरपालिकाले नगरको आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनका पक्षमा सुधार गर्ने लक्ष्य राखेको छ। यो सुधारले नागरिकको जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

### २.३.३ नगर विकासका उद्देश्यहरू

क. नगरपालिकाले नगर विकासका लागि देहायका उद्देश्यहरू निर्धारण गरेको छ:
ख. व्यावसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
ग. वातावरणमैत्री पूर्वाधार विकास मार्फत पर्यटन र आर्थिक तथा सामाजिक विकासको आधार तयार पार्ने,
घ. प्राकृतिक श्रोतको दिगो उपयोग गरी जीवन सुरक्षित बनाउने र विपद् व्यवस्थापनमा सुधार गर्ने,
ङ. शासकीय सुशासन प्रवर्धन गर्ने,
च. दक्ष जनशक्तिको विकास, विस्तारित रोजगारी र लैङ्गिक समानताको माध्यमबाट उच्च आर्थिक वृद्धि हासिल गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

नेपालको दिगो विकासका लक्ष्यहरू, सङ्घीय सरकार, प्रदेश सरकार, र सूर्योदय नगरपालिकाले अपनाएको दीर्घकालीन दृष्टिकोण, लक्ष्य, र उद्देश्यको आधारमा आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक तय गरिएको छ। यस अनुसार, तीन वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं २.१ मा प्रस्तुत गरिएको छ।

*तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| मानव विकास सूचकाङ्क | अङ्क | ०.५८ | ०.५९ | ०.६० | ०.६१ | ०.६२ |
| आर्थिक वृद्धि | प्रतिशत | ९ | ९.२० | ९.५० | ९.६५ | ९.७० |
| कुल गार्हस्थ्य उत्पादन | रु. करोड | ८५० | ९०० | ९५० | १००० | १०५० |
| प्रतिव्यक्ति वार्षिक आय | रु. हजार | १४५ | १५० | १५५ | १६० | १७० |
| कृषि तथा पशुपालन क्षेत्रमा संलग्न जनसङ्ख्या | प्रतिशत | ७५.८० | ७४ | ७२ | ७० | ७० |
| कृषि क्षेत्रको औसत वार्षिक वृद्धि दर | प्रतिशत | ९ | ९.५० | १० | ११ | १२ |
| आम्दानीको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ७१ | ६८ | ६५ | ६२ | ५९ |
| कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| मापदण्ड अनुसार बनेका आवास घर | प्रतिशत | ७२ | ७३ | ७४ | ७६ | ७८ |
| बाह्रै महिना सवारी साधन सञ्चालन हुने सडक | कि.मि. | १२३ | १४० | १६० | १८० | २०० |
| वन बुट्यान क्षेत्र | प्रतिशत | ५७ | ५८ | ५८.५ | ५९ | ६० |
| बेरोजगारी दर | प्रतिशत | ७ | ६ | ५ | ४.५ | ४ |
| वैदेशिक रोजगारीमा गएको जनसङ्ख्या | सङ्ख्या | ० | ३०० | ३४१ | ३५० | ३५० |
| महिलाको नाममा सम्पत्ति हुने महिला | प्रतिशत | ० | १५ | १८ | २० | २० |
| पाइपबाट खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८६ | ९० | ९५ | ९७ | ९९ |
| गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १२ | ११.५० | ११ | १०.५० | १० |
| औसत आयु | वर्ष | ७२.१० | ७३ | ७४ | ७५ | ७५ |
| साक्षरता दर | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९६ |
| नगरपालिकाको सेवाबाट सन्तुष्ट जनसङ्ख्या | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९५ |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपालको दिगो विकास लक्ष्य, सङ्घीय सरकार, प्रदेश सरकार, र सूर्योदय नगरपालिकाले अपनाएको दीर्घकालीन दृष्टिकोण, लक्ष्य, र उद्देश्यको आधारमा आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाका लागि निम्नलिखित नतिजा खाका तयार गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका २.२ मा प्रस्तुत गरिएको छ।

*तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कृषि उत्पादन वृद्धि दर | प्रतिशत | ३.४ | ३.५ | ३.६ | ३.७ | ३.८ |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| मासु उत्पादन वार्षिक | मे.टन | ४७० | ४७५ | ४८० | ४८५ | ४९० |
| महिला स्वामित्व भएका उद्यमको सङ्ख्या | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ |
| व्यवस्थित होमस्टे | सङ्ख्या | १३० | १५० | १७० | १९० | २१० |
| सहकारी क्षेत्रमा महिलाको सहभागिता | प्रतिशत | ४६ | ४८ | ५० | ५२ | ५४ |
| सूचीकृत बेरोजगार व्यक्ति | सङ्ख्या | ६३० | ६०० | ५७० | ५४० | ५०० |
| गरिब घरपरिवार | सङ्ख्या | १०३० | ९५० | ८५० | ७५० | ६५० |
| प्राथमिक तहमा खुद भर्ना दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| वार्षिक मृत्यु हुने पाँच वर्षमुनिका बालबालिका | प्रति हजार | १ | १ | १ | १ | १ |
| सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या | प्रतिशत | ६२ | ६५ | ७० | ७५ | ८० |
| स्वास्थ्य बीमाले समेटेका लक्षित वर्गका घरपरिवार | सङ्ख्या | ८०० | ८५० | ९०० | ९५० | १००० |
| राष्ट्रिय खेलाडीका रूपमा खेलीरहेका खेलाडी | सङ्ख्या | ९ | १० | १२ | १४ | १६ |
| जन्मदर्ता गरिएको बालबालिका | प्रतिशत | ८५ | ८८ | ९० | ९५ | १०० |
| सुरक्षित आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| कालोपत्रे सडक | किमी | ४०.८ | ४५ | ५० | ५५ | ६० |
| विद्युत् पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९८.५ | ९९ | ९९.५ | १०० | १०० |
| इन्टरनेट सँग जोडिएका जनसङ्ख्याको हिस्सा | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| वृक्षरोपण गरिएको बिरूवा | सङ्ख्या (१० लाखमा) | ०.४ | १ | १.५ | २ | २.५ |
| दैनिक फोहोरमैला उत्पादन | मे.टन | १.५ | १.४ | १.३ | १.२ | १ |
| विपद्को कारण प्रभावित भएका व्यक्ति (प्रति १ लाखमा) | सङ्ख्या | १ | ०.८ | ०.६ | ०.४ | ०.२ |
| स्थानीय सेवा प्रवाह सम्बन्धी निर्देशिका, कार्यविधि र विषय क्षेत्रगत योजना तर्जुमा | सङ्ख्या | १२२ | १२५ | १३० | १३५ | १४० |
| तालिम प्राप्त कर्मचारी | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० |
| कुल बजेटमा आन्तरिक आयको अनुपात | प्रतिशत | २६.१९ | २७ | २८ | २९ | ३० |
| योजना तर्जुमा तथा अनुगमनमा नागरिक सहभागिता | प्रतिशत | २०.५ | २२ | २४ | २६ | २८ |

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा दिगो विकास लक्ष्यको मार्ग चित्र, आवधिक विकास योजना, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रमलाई ध्यानमा राखिएको छ । साथै, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रमहरू, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, पूर्वाधारमाथि जोड, वित्तीय सुशासनलाई समेत महत्त्व दिइएको छ । दिगो विकास लक्ष्यको स्थानीय लक्ष्यलाई आधार मानी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

यसले वित्तीय सघनताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास, समुचित विकासका लागि विकास आयोजनाहरू र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलाई प्रोत्साहन गर्दछ। नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका आयोजना, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमहरूको लागि आवश्यक रकम छुट्याएर (Earmark) बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तयार पारिएको छ।

क्रमागत कार्यक्रम, योजनाका कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्ने क्षमताको विश्लेषण गरिएको छ। मध्यमकालीन योजना बनाउँदा आन्तरिक आय तथा राजस्व परिचालनको विकास, वर्तमानको वस्तुगत अवस्था र आगामी वृद्धि गर्न सक्ने क्षमता तथा प्रभावलाई ध्यान दिइएको छ।

त्रिवर्षीय बजेट विनियोजन र खर्चको प्रक्षेपण तालिका २.३ मा उल्लेख गरिएको छ।

*तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र खर्चको प्रक्षेपण*

**आयको प्रक्षेपण**

रकम रु हजारमा

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | त्रिवर्षीय अनुमान | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | जम्मा |
| **नेपाल सरकारबाट हस्तान्तरण हुने क्रियाकलाप सञ्चालनका लागि** | | | | | | |
| सशर्त अनुदान चालु | ४०९६३० | ४०१४६८ | ४२०७४६ | ४६२६०१ | ५०८८६१ | १३९२२०७ |
| सशर्त अनुदान पुँजीगत | ४७४९८ | २९२०० | २८९६५ | ३१८६२ | ३५०४८ | ९५८७४ |
| विषेश अनुदान चालु | | ७००० | ० | ० | ० | ० |
| विषेश अनुदान पुँजीगत | १३००० | १५००० | ११००० | १२१०० | १३३१० | ३६४१० |
| समपुरक अनुदान पुँजीगत | १७००० | २०००० | १३००० | १४३०० | १५७३० | ४३०३० |
| **जम्मा** | **४८७१२८** | **४७२६६८** | **४७३७११** | **५२०८६२** | **५७२९४८** | **१५६७९८३** |
| **कोशी प्रदेश सरकारबाट हस्तान्तरण हुने क्रियाकलाप सञ्चालनका लागि** | | | | | | |
| सशर्त अनुदान चालु | ९५४५८ | ७०५० | ६७४० | ७४१४ | ८१५६ | २२३१० |
| सशर्त अनुदान पुँजीगत | ० | १२२२९ | १४३२५ | १५७५८ | १७३३३ | ४७४१६ |
| समपुरक अनुदान पुँजीगत | १०००० | १३००० | १३००० | १४३०० | १५७३० | ४३०३० |
| **जम्मा** | **१०५४५८** | **३२२७९** | **३४०६५** | **३७४७२** | **४१२१९** | **११२७५६** |
| **गरपालिकाले छनोट गर्ने क्रियाकलाप सञ्चालनका लागि** | | | | | | |
| आन्तरिक श्रोत | ५४१३९ | ७२५५० | ६८७५० | ७५०१५ | ८१६१४ | २२५३७९ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १३०३४७ | १७५६६९ | १८३९७५ | २०२३७३ | २२२६१० | ६०८९५७ |
| अन्य आय | ९०३ | ५० | ० | ० | ० | ० |
| न्तरसरकारी वित्तीय हस्तान्तरण (समानिकरण अनुदान) | | | | | | |
| क) संघीय सरकार | १६७९८० | १५७६०० | १५८४०० | १७४२४० | १९१६६४ | ५२४३०४ |
| ख) प्रदेश सरकार | ८८५८ | १०१४८ | १०११७ | ११129 | १२२४२ | ३३४८७ |
| वैदेशिक | | | | | | ० |
| जनसहभागिता | ९१७६ | १२५०० | ० | ० | ० | ० |
| वित्तीय व्यवस्था (प्राप्ति) | | ० | ० | ० | ० | ० |
| बैंक मौज्दात | | १४५६१३ | १६७७०८ | ० | ० | १६७७०८ |
| **जम्मा** | **३७१४०३** | **५७४१३०** | **५८८९५०** | **४६२७५६** | **५०८१२९** | **१५५९८३६** |
| **कुल जम्मा** | **९६३९८९** | **१०७९०७७** | **१०९६७२६** | **१०२१०९०** | **११२२२९७** | **३२४०११३** |

**व्ययको अनुमान**

रकम रु हजारमा

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | त्रिवर्षीय अनुमान | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | जम्मा |
| चालु | ५६२७५१ | ७११३५६ | ७१६३३३ | ७०१९७३ | ७७१२२६ | २१८९५३२ |
| पूंजीगत | ४३४२२३ | ४१८७९२ | ३८०३९३ | ३१९११७ | ३५१०७१ | १०५०५८१ |
| वित्तीय | ० | ० | | | | |
| **जम्मा** | **९९६९७४** | **११३०१४८** | **१०९६७२६** | **१०२१०९०** | **११२२२९७** | **३२४०११३** |

नेपाल सरकार र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने समानीकरण अनुदान वापतको रकमबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरू नगरपालिकाले छनोट गर्ने भएकोले त्यस्तो रकमलाई *त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान* तालिकामा नगरपालिकाको स्रोतको रुपमा उल्लेख गरिएको छ। आम्दानी प्रक्षेपणको विस्तृत विवरण अनुसूची – १ मा समावेश गरिएको छ।

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

यस खण्डमा आगामी तीन वर्षका लागि विभिन्न आधारहरूमा तयार पारिएको बजेट अनुमान र प्रक्षेपणको विवरण समावेश गरिएको छ। यी आधारहरूमा प्राथमिकता, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतहरू समावेश छन्, जसले बजेट निर्धारणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा तयार गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

### २.७.१ प्राथमिकता क्रमको आधारमा बाँडफाँट

प्राथमिकता क्रमको आधारमा कार्यक्रमहरूको बजेट अनुमान तथा प्रक्षेपण तयार पारिन्छ। यस आधारले आवश्यकता र महत्वका आधारमा संसाधनहरूको उचित बाँडफाँड सुनिश्चित गर्दछ। यसले स्थानीय सरकारले आवश्यक र समयमा सेवाहरू प्रदान गर्न सक्ने वातावरण सिर्जना गर्दछ। कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.४ मा प्रस्तुत गरिएको छ।

*तालिका नं २.४: प्राथमिकताका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

| प्राथमिकताक्रम | आयोजना सङ्ख्या | २०८१/८२ को खर्च अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ७३ | ८६४६६० | ७८.८४% | ८०९७२९ | ७९.३०% | ८९०४७१ | ७९.३४% |
| प्राथमिकता दोस्रो (P2) | ५८ | २३२०६६ | २१.१६% | २११३६१ | २०.७०% | २३१८२५ | २०.६६% |
| जम्मा | **१३१** | **१०९६७२६** | **१००%** | **१०२१०९०** | **१००%** | **११२२२९६** | **१००%** |

कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण तालिका अनुसूचीमा समावेश गरिएको छ

### २.७.२ दिगो विकासको लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकासका लक्ष्यहरूलाई मध्यनजर गरी बजेट विनियोजन र प्रक्षेपण गरिन्छ। यसले दीर्घकालीन विकासका उद्देश्यहरू प्राप्ति गर्ने कार्यक्रमहरूलाई प्राथमिकता दिन्छ। यस आधारले नगरपालिकाले सामाजिक, आर्थिक र पर्यावरणीय टिकाउपनमा योगदान पुऱ्याउने आयोजनाहरूमा लगानी गर्ने नीति अपनाउँछ। कार्यक्रम तथा आयोजनाहरूको दिगो विकासको लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.५ मा प्रस्तुत गरिएको छ।

*तालिका नं २.५ दिगो विकासको लक्ष्यका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

| सङ्केत नं | दिगो विकास लक्ष्यहरू | आयोजना सङ्ख्या | २०८१/८२ को खर्च अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **SDG 1** | गरिबीको अन्त्य | ५ | ४६३० | ०.४२% | ४११८ | ०.४०% | ४५२७ | ०.४०% |
| **SDG 2** | शून्य भोकमरी | ८ | १३५४४ | १.२३% | ११८१३ | १.१६% | १२९८० | १.१६% |
| **SDG 3** | स्वस्थ जीवन | २१ | ११७३३७ | १०.७०% | ११६७७५ | ११.४४% | १२७४०७ | ११.३५% |
| **SDG 4** | गुणस्तरीय शिक्षा | १५ | ३७४१०६ | ३४.११% | ३९९८६१ | ३९.१६% | ४३९०९९ | ३९.१३% |
| **SDG 5** | लंङ्गीक समानता | ४ | ३६९९५ | ३.३७% | ३६५२५ | ३.५८% | ४०१६५ | ३.५८% |
| **SDG 6** | सफा पानी र स्वच्छता | ४ | ६५८९ | ०.६०% | ५१७७ | ०.५१% | ५६८५ | ०.५१% |
| **SDG 7** | आधुनिक उर्जामा पहुँच | ३ | १३०० | ०.१२% | १०२२ | ०.१०% | ११२१ | ०.१०% |
| **SDG 8** | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १७ | १८५५०० | १६.९१% | १५४५८१ | १५.१४% | १६५९४८ | १४.७९% |
| **SDG 9** | उद्योग नवीन खोज र पूर्वाधार | १७ | २४९६८७ | २२.७७% | २०६५४७ | २०.२३% | २२६८६४ | २०.२१% |
| **SDG 10** | असमानता न्यूनीकरण | १ | ११६८ | ०.११% | ९१७ | ०.०९% | १००८ | ०.०९% |
| **SDG 11** | दिगो सहर र समुदाय | १२ | ४३३५७ | ३.९५% | ३९४७८ | ३.८७% | ४३३८६ | ३.८७% |
| **SDG 12** | दिगो उपभोग र उत्पादन | १ | ६२०० | ०.५७% | ४८७२ | ०.४८% | ५३४९ | ०.४८% |
| **SDG 13** | जलवायु परिवर्तन अनुकुलन | ५ | ९०७३ | ०.८३% | ७१२९ | ०.७०% | ७८२८ | ०.७०% |
| **SDG 14** | पानी मुनिको जीवन | ० | ० | ०% | ० | ०% | ० | ०% |
| **SDG 15** | जमिन माथिको जीवन | ३ | १००० | ०.०९% | ७८७ | ०.०८% | ८६२ | ०.०८% |
| **SDG 16** | शान्ति तथा न्यायपूर्ण र सशत्त समाज | १४ | २१८८० | २.००% | १७३४८ | १.७०% | २४०५० | २.१४% |
| **SDG 17** | दिगो विकासका लागि साझेदारी | १ | २४३६० | २.२२% | १४१४० | १.३८% | १६०१७ | १.४३% |
| **जम्मा** | | **१३१** | **१०९६७२६** | **१००%** | **१०२१०९०** | **१००%** | **११२२२९६** | **१००%** |

कार्यक्रम तथा आयोजनाहरूको दिगो विकास लक्ष्य अनुसारको वर्गीकरण तालिका अनुसूचीमा समावेश गरिएको छ।

### २.७.३ लैङ्गिक सङ्केतका आधारमा बाँडफाँट

लैङ्गिक समावेशिता र समानतालाई प्रोत्साहित गर्ने लक्ष्य अनुरूप बजेट विनियोजन गरिन्छ। यो आधारले कार्यक्रमहरूमा लिङ्गीय सन्तुलन र समान अवसर सुनिश्चित गर्न मद्दत पुर्याउँछ। यसले लैङ्गिक न्याय र समानता प्राप्ति गर्ने आयोजनाहरूमा ध्यान केन्द्रित गर्दछ। कार्यक्रम तथा आयोजनाहरूको लैङ्गिक सङ्केत बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.६ मा प्रस्तुत गरिएको छ।

*तालिका नं २.६ लैङ्गिक सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

| लैङ्गिक सङ्केत | आयोजना सङ्ख्या | २०८१/८२ को खर्च अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **निर्दिष्ट (१)** | ७ | १९९२७ | १.८२% | १७२४२ | १.६९% | १८९४२ | १.६९% |
| **सहयोगी (२)** | २२ | ७०९१५ | ६.४७% | ५९३३२ | ५.८१% | ६४१८५ | ५.७२% |
| **तटस्थ (३)** | १०२ | १००५८८४ | ९१.७२% | ९४४५१६ | ९२.५०% | १०३९१६९ | ९२.५९% |
| **जम्मा** | **१३१** | **१०९६७२६** | **१००%** | **१०२१०९०** | **१००%** | **११२२२९६** | **१००%** |

कार्यक्रम तथा आयोजनाहरूको लैंगिक सङ्केत वर्गीकरण तालिका अनुसूचीमा समावेश गरिएको छ।

### २.७.४ जलवायु सङ्केतका आधारमा बाँडफाँट

जलवायु परिवर्तनसँग सम्बन्धित सङ्केतकहरूलाई ध्यानमा राखी बजेट अनुमान र प्रक्षेपण गरिन्छ। यसले पर्यावरणीय टिकाउपन र जलवायु अनुकुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने कार्यक्रमहरूलाई प्राथमिकता दिन्छ। यस प्रक्रियाले जलवायु परिवर्तनका प्रभावलाई कम गर्न उपयुक्त रणनीति अपनाउन मद्दत पुर्याउँछ। कार्यक्रम तथा आयोजनाहरूको जलवायु सङ्केत बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.७ मा प्रस्तुत गरिएको छ।

*तालिका नं २.७ जलवायु सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

| जलवायु सङ्केत | आयोजना सङ्ख्या | २०८१/८२ | | २०८२/८३ | | २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **अत्यन्त सान्दर्भिक (१)** | ७ | ९०२३ | ०.८२% | ७०९२ | ०.६९% | ७७८४ | ०.६९% |
| **सान्दर्भीक (२)** | १८ | ८११९६ | ७.४०% | ७१७९८ | ७.०३% | ७८९०० | ७.०३% |
| **तटस्थ (३)** | १०६ | १००६५०७ | ९१.७७% | ९४२२०० | ९२.२७% | १०३५६१२ | ९२.२८% |
| **जम्मा** | **१३१** | **१०९६७२६** | **१००%** | **१०२१०९०** | **१००%** | **११२२२९६** | **१००%** |

कार्यक्रम तथा आयोजनाहरूको जलवायु सङ्केत अनुसारको वर्गीकरण तालिका अनुसूचीमा समावेश गरिएको छ।

## २.८ विषयक्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण सम्बन्धी विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत रूपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.८ मा गरिएको छ।

*तालिका नं २.८: आगामी तीन आर्थिक वर्षको विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रू. हजारमा)*

| क्षेत्र/उपक्षेत्र | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | | आ.व. २०८३/८४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पूँजीगत | कुल | चालु | पुँजीगत |
| **आर्थिक विकास** | **१४०९५३** | **६२५५८** | **७८३९५** | **१२४७४५** | **५८७६१** | **६५९८४** | **१३७६०३** | **६४५८७** | **७३०१६** |
| सिँचाइ | **३१४९५** | ० | ३१४९५ | **३२२०४** | ० | ३२२०४ | **३५४२०** | ० | ३५४२० |
| उद्योग, व्यापार, व्यवसाय | **१०६१५** | १०३१५ | ३०० | **१०६२०** | १०३८४ | २३६ | **११६७५** | ११४१६ | २५९ |
| कृषि तथा खाद्य सुरक्षा | **१९३९४** | १२२४४ | ७१५० | **१६३१६** | १०६९८ | ५६१८ | **१७९२३** | ११७५५ | ६१६८ |
| गरिबी निवारण | **१३३०** | १३३० | ० | **१११७** | १११७ | ० | **१२२८** | १२२८ | ० |
| पर्यटन तथा संस्कृति | **३५६२८** | २५७८ | ३३०५० | **२४९४७** | २०५० | २२८९७ | **२७८९८** | २२५१ | २५६४७ |
| पशुपन्छी विकास | **१२६९३** | ११२९३ | १४०० | **१०७८४** | ९६८४ | ११०० | **११८४६** | १०६३८ | १२०८ |
| भूमि व्यवस्था, सहकारी र वित्तीय व्यवस्था | **८००** | ८०० | ० | **६२९** | ६२९ | ० | **६९०** | ६९० | ० |
| श्रम तथा रोजगारी | **२८९९८** | २३९९८ | ५००० | **२८१२८** | २४१९९ | ३९२९ | **३०९२३** | २६६०९ | ४३१४ |

| क्षेत्र/उपक्षेत्र | आ.व. २०८१/८२ | | | आ.व. २०८२/८३ | | | आ.व. २०८३/८४ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पूँजीगत | कुल | चालु | पुँजीगत |
| **सामाजिक विकास** | **५०७७७६** | **४७५९५०** | **३१८२६** | **५२८९१०** | **५०००००६** | **२८९०४** | **५७९९७९** | **५४८२१६** | **३१७६३** |
| महिला, वालवालिका, सामाजिक संरक्षण र समावे | **१५०९८** | १४६९८ | ४०० | **१२०५५** | ११६४६ | ४०९ | **१३२३८** | १२७८९ | ४४९ |
| शिक्षा, कला, भाषा तथा संस्कृति | **३७५४०३** | ३५४८६६ | २०५३७ | **४००६६१** | ३८०८४७ | १९८१४ | **४३९९७५** | ४१८१९४ | २१७८१ |
| सामाजिक सुरक्षा तथा पञ्जीकरण | **१६६३** | १४१३ | २५० | **१४६२** | १२६६ | १९६ | **१६०७** | १३९१ | २१६ |
| खानेपानी तथा सरसफाइ | **६५८९** | २०० | ६३८९ | **५१७७** | १५७ | ५०२० | **५६८५** | १७३ | ५५१२ |
| जनस्वास्थ्य तथा पोषण | **९९८८६.५** | ९७६३६.५ | २२५० | **१०२२५०** | १००४८२ | १७६८ | **१११४५२** | १०९५११ | १९४१ |
| युवा तथा खेलकुद | **९१३७** | ७१३७ | २००० | **७३०५** | ५६०८ | १६९७ | **८०२२** | ६१५८ | १८६४ |
| **पूर्वाधार विकास** | **२६०८८९** | **५३६६** | **२५५५२३** | **२१६९३५** | **४२१७** | **२१२७१८** | **२३८२८२** | **४६२९** | **२३३६५३** |
| जलस्रोत, विद्युत् तथा स्वस्थ उर्जा | **५००** | ० | ५०० | **३९३** | ० | ३९३ | **४३१** | ० | ४३१ |
| भवन, आवास, वस्ती तथा सहरी विकास | **२७९३९** | ५०० | २७४३९ | **२५४१०** | ३९३ | २५०१७ | **२७९२५** | ४३१ | २७४९४ |
| सडक, पुल तथा यातायात | **२२७५००** | ९१६ | २२६५८४ | **१८७२४२** | ७२० | १८६५२२ | **२०५६५५** | ७९० | २०४८६५ |
| सूचना तथा सञ्चार प्रविधि | **४९५०** | ३९५० | १००० | **३८९०** | ३१०४ | ७८६ | **४२७१** | ३४०८ | ८६३ |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | **२२८२३** | **१२५२३** | **१०३००** | **१७९३४** | **९८४१** | **८०९३** | **१९६९०** | **१०८०४** | **८८८६** |
| वन, भू-संरक्षण तथा जैविक विविधता | **१०००** | ५०० | ५०० | **७८७** | ३९४ | ३९३ | **८६२** | ४३१ | ४३१ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | **१२७५०** | ४०५० | ८७०० | **१००१८** | ३१८२ | ६८३६ | **११०००** | ३४९४ | ७५०६ |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन | **९०७३** | ७९७३ | ११०० | **७१२९** | ६२६५ | ८६४ | **७८२८** | ६८७९ | ९४९ |
| **संस्थागत विकास र सुशासन** | **१६४२८५** | **१५९९३५** | **४३५०** | **१३२५६६** | **१२९१४८** | **३४१८** | **१४६७४२** | **१४२९८९** | **३७५३** |
| तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | **३८५०** | ३८५० | ० | **३०२४** | ३०२४ | ० | **३३२२** | ३३२२ | ० |
| नीति, कानुन, न्याय तथा सुशासन | **३२००** | ३०५० | १५० | **२५१४** | २३९६ | ११८ | **२७६१** | २६३२ | १२९ |
| राजश्व तथा स्रोत परिचालन | **१५००** | १५०० | ० | **११७९** | ११७९ | ० | **१२९४** | १२९४ | ० |
| संगठन विकास, मानव संसाधन र क्षमता विकास | **१५५७३५** | १५१५३५ | ४२०० | **१२५८४९** | १२२५४९ | ३३०० | **१३९३६५** | १३५७४१ | ३६२४ |
| **कुल जम्मा** | **१०९६७२६** | **७१६३३२** | **३८०३९४** | **१०२१०९०** | **७०१९७३** | **३१९११७** | **११२२२९६** | **७७१२२५** | **३५१०७१** |

आर्थिक वर्ष ०८१/८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद – ३: आर्थिक विकास क्षेत्र

"नगरको आर्थिक संरचनामा समयानुकूल सुधार : कुल ग्राहस्थ उत्पादन र प्रतिव्यक्ति आय वृद्धि ,नगरवासीको आर्थिक अवस्थामा सुधार "

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमी

सूर्योदय नगरपालिकाको अर्थतन्त्रको ठूलो हिस्सा कृषिले ओगटेको छ र बहुसङ्ख्यक जनसङ्ख्याका लागि कृषि तथा पशुपालन नै जीविकाको प्राथमिक स्रोतको रूपमा रहेको छ। यस नगरपालिकाभित्र व्यावसायिक कृषि अन्तरगत नगदे बालीको व्यापकता रहेको छ। यो क्षेत्र पाँच “अ” (अदुवा, अलैँची, ओलन, अम्लिसो र अकवरे खुर्सानी) को उत्पादन हुने प्रमुख स्थानको रूपमा पनि सुपरिचित छ। मौसमी तथा बेमौसमी तरकारी, फलफूल तथा आलु र पशुपन्छीपालन अन्तर्गत मुख्य रूपमा गाईपालन मार्फत यस क्षेत्रका कृषकहरू प्रशस्त आय आर्जन गर्न सफल भएका छन्। कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित उद्योग तथा प्रसोधन केन्द्रहरू स्थापना भएका छन्। खाद्य सुरक्षाका दृष्टिले अन्नबालीको उत्पादन न्यून भएपनि स्थानीय बजारमा सहज तथा प्रयाप्त उपलब्धता रहेको छ। कृषि क्षेत्रको विकासका लागि सिँचाइ सुविधाको विस्तार हुँदै गएको छ। सडक यातायातको सहज पहुँचका कारण बजारीकरणमा सहजता रहेको छ। किसानको आम्दानी र कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न नगरपालिकाले उच्च मूल्यका बाली खेती तथा उन्नत नश्लका पशुपन्छी पालनलाई प्रोत्साहन गर्दै आएको छ। कृषि तथा पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक शीतभण्डार, सङ्कलन केन्द्र, बिक्री केन्द्र जस्ता पूर्वाधार विकास गर्ने र स्थानीय कृषि उपजको बजार व्यवस्थापन गर्न सहजीकरणको भूमिका खेल्ने नीति नगरपालिकाले लिएको छ। अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न कृषिजन्य वस्तुको बजारीकरणको लागि नगरस्तरीय बिक्री तथा सङ्कलन केन्द्र साथै कृषि एम्बुलेन्सको व्यवस्थापन गरी प्रभावकारी रूपमा सञ्चालनको तयारीमा रहेको छ।

### ३.१.२ समस्या तथा चुनौती

सूर्योदय नगरपालिकामा कृषि क्षेत्रका विविध समस्याहरू र चुनौतीहरू विद्यमान छन्। कृषि प्रसार सेवामा पर्याप्त जनशक्ति र श्रोत साधनको अभावले कृषकहरूलाई आवश्यक सेवाहरू प्रभावकारी रूपमा पुर्याउन कठिनाइ हुन्छ। कृषि क्षेत्रको वास्तविक तथ्यांक उपलब्ध नहुनाले योजना निर्माण, कार्यान्वयन र अनुगमनमा चुनौतीहरू उत्पन्न भएका छन्। लाभग्राहीहरूको सङ्ख्या धेरै हुँदा कार्यक्रमलाई समावेशी बनाउन चुनौतीपूर्ण हुन्छ, जसले वास्तविक कृषकहरूको पहिचान र लक्षित सेवा प्रदान गर्न कठिनाई उत्पन्न गर्छ। जलवायु परिवर्तन, बाढी, खडेरी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूले कृषि उत्पादनमा प्रतिकुल असर पुर्याउँछन्, जसले कृषकहरूको आय र खाद्य सुरक्षामा असर पुर्याउँछ। कृषकहरूमा नयाँ कृषि प्रविधिहरू अपनाउन झन्झट र संकोचको अवस्था रहनाले उत्पादन वृद्धि र कृषि आधुनिकिकरणमा समस्या उत्पन्न हुन्छ। सामुदायिक संलग्नता र सहकार्यको अभावले सामूहिक खेती, सहकारी संस्था र अन्य सामुदायिक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन सक्दैनन्। सीमित बजार पहुँच, मूल्य अस्थिरता, र अस्थिर बजार अवस्थाले कृषकहरूको आम्दानीमा असर पुर्याउँछ। कृषि उत्पादनको बजार मूल्यमा उतार-चढावले कृषि व्यवसायलाई चुनौतीपूर्ण बनाउँछ। साथै, रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति र जैविक विविधतामा नकारात्मक असर पुर्याउँछ, जसले कृषि वातावरण संरक्षण र जैविक विविधताको संरक्षणमा चुनौती उत्पन्न गरेको छ।

### ३.१.३ सोच

“व्यवसायिक कृषि: नगरवासीको समृद्धि”

### ३.१.४ उद्देश्य

क. सबै नागरिकको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा बर्षैभरि पहुँच सुनिश्चित गर्नु।
ख. दिगो तथा उत्थानशील कृषि अभ्यास र जमिन र माटोको गुणस्तर अभिवृद्धि गर्नु।
ग. कृषि व्यवसायलाई विशिष्टिकृत तथा व्यावसायिक तुल्याउनु।
घ. कृषि व्यवसायको विकासमा उच्चस्तरको सेवा तथा सुविधा उपलब्ध गराउनु।
ङ. कृषि व्यवसायबाट उच्च आय तथा स्वरोजगारको अवसर सिर्जना गर्नु।

### ३.१.५ रणनीति

क. खाद्यान्न उत्पादन र उच्च मूल्य बाली, व्यावसायिक तथा विशिष्टिकृत कृषिको विकास गर्ने गरी।
ख. कृषिजन्य उत्पादनको प्रसोधन, भण्डारण र बजारीकरणलाई व्यवस्थित गर्ने।
ग. बजारको मागअनुसारका कृषि क्षेत्रको प्रवर्धनमा सहकारी खेती प्रणालीलाई प्रवर्धन र प्रोत्साहन गर्ने।
घ. अन्तर–सरकार एवं समुदायसँगको साझेदारी तथा सहकार्यमा सिँचाइ सुविधाको विस्तार र व्यवस्थापनलाई प्रभावकारी बनाउने।
ङ. कुलो तथा नहरबाट सिँचाइ सुविधा पुग्न नसक्ने क्षेत्रमा वैकल्पिक विधिबाट सिँचाइ सुविधाको विस्तार गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको आधारमा तीन आर्थिक वर्षको अपेक्षित नतिजा तालिका ३.१ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१: कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कृषि उत्पादन वृद्धि दर | % | ३.४ | ३.५ | ३.६ | ३.७ | ३.८ |
| कृषि यान्त्रिकरणको स्तर | % | ४५ | ४८ | ५० | ५२ | ५५ |
| सिँचाइ सुविधा भएका क्षेत्रफल | हेक्टर | १००० | १०५० | ११०० | ११५० | १२०० |
| मूल्य श्रृंखला विकास | परियोजना सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ |
| बजार सुविधा | संरचना सङ्ख्या | ८ | ९ | १० | १२ | १४ |
| माटो परीक्षण प्रयोगशाला स्थापनाको सङ्ख्या | प्रयोगशाला | २ | ३ | ४ | ५ | ६ |
| मल वितरण प्रणाली सुधार | सुधार परियोजना | ५ | ६ | ७ | ८ | ९ |
| कृषकहरूको आम्दानी वृद्धि दर | % | २.५ | ३.० | ३.५ | ४.० | ४.५ |
| बीउबिजन उत्पादन | टन | ५०० | ५५० | ६०० | ६५० | ७०० |
| कृषि तालिमको सङ्ख्या | तालिम | २० | २५ | ३० | ३५ | ४० |
| कृषि बीमा कार्यक्रम | बीमा योजना सङ्ख्या | १० | १२ | १४ | १६ | १८ |
| आधुनिक कृषि प्रविधिको प्रयोग | % | ३० | ३५ | ४० | ४५ | ५० |
| जैविक कृषि उत्पादन | हेक्टर | २०० | २५० | ३०० | ३५० | ४०० |

### ३.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १९३९४ | १२२४४ | ७१५० | | १५९६५ | ३४२९ | ० | १९३९४ |
| **२०८२/८३** | १६३१६ | १०६९८ | ५६१८ | | १२५४४ | ३७७२ | ० | १६३१६ |
| **२०८३/८४** | १७९२३ | ११७५५ | ६१६८ | | १३७७४ | ४१४९ | ० | १७९२३ |
| **कुल जम्मा** | **५३६३३** | **३४६९७** | **१८९३६** | | **४२२८३** | **११३५०** | **०** | **५३६३३** |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.३: कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि तथा वाली व्यवस्थापन | कृषि उत्पादनमा वृद्धि | २०८१/८२ - २०८३/८४ | १४०३७ | कृषि उत्पादनमा वृद्धि, आर्थिक सुधार, आत्मनिर्भरता |
| २ | मौरी पालन कार्यक्रम | मह उत्पादनमा वृद्धि | २०८१/८२ - २०८३/८४ | १३२४ | मह उत्पादनमा वृद्धि, आयमा वृद्धि |
| ३ | तालिम तथा क्षमता विकास | कृषकहरूको क्षमता अभिवृद्धि | २०८१/८२ - २०८३/८४ | ९४०३ | उत्पादनमा सुधार |
| ४ | पूर्वाधार विकास सहायता | कृषि पूर्वाधारमा सुधार | २०८१/८२ - २०८३/८४ | १०३२९ | कृषि पूर्वाधारमा सुधार, उत्पादनमा वृद्धि |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | नँया च्याउ पकेट विकास कार्यक्रम संचालन | २०८१/८२ - २०८३/८४ | ३९७२ | च्याउ उत्पादनको क्षेत्र विस्तार, आधुनिक प्रविधि प्रयोगद्वारा उत्पादन वृद्धि, कृषकहरूको आयमा वृद्धि |
| ६ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | कृषि तथा पशु सेवाका प्राविधिकहरूको तलब भत्ता व्यवस्थापन, किसान सूचीकरण, तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम सञ्चालन | २०८१/८२ - २०८३/८४ | १६६८ | कृषि क्षेत्रको सुदृढीकरण, किसानहरूको तथ्यांक व्यवस्थापन, र कृषि तथ्यांकको अध्यावधिक |
| ७ | कृषि विभाग | कृषि स्नातक करार, हरित विद्यालय कार्यक्रम (श्री करफोक विद्यामन्दिर मा.वि.-वडा नं.१२, श्री जनक मा.वि.-वडा नं. ४), रैथाने बाली प्रवर्धन कार्यक्रम | २०८१/८२ - २०८३/८४ | ५७१० | कृषि क्षेत्रको विकास, स्थानीय बालीहरूको संरक्षण र प्रवर्धन, तथा विद्यालयस्तरमा हरित कार्यक्रमको प्रवर्धन |
| ८ | वडास्तरीय कार्यक्रमहरू | किसानहरूको क्षमता अभिवृद्धि गरी स्थानीय उत्पादनमा वृद्धि गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने | २०८१/८२ - २०८३/८४ | ७१९० | स्थानीय उत्पादन वृद्धिका लागि किसानहरूको क्षमता अभिवृद्धि, खाद्य सुरक्षा र पोषणमा सुधार, कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकाको कृषि क्षेत्रले विभिन्न जोखिमहरूको सामना गरिरहेको छ। सीमित श्रोत साधन र जनशक्तिको अभावले कृषि प्रसार र सेवामा चुनौती उत्पन्न गरेको छ, जसले कृषकहरूलाई आवश्यक सहयोग र मार्गदर्शन प्रदान गर्न कठिनाई भएको छ। कृषि क्षेत्रको वास्तविक तथ्यांक उपलब्ध नहुनाले तथ्यांक व्यवस्थापन र सूचना प्रणालीलाई सशक्त बनाउन कठिनाई भएको छ। लाभग्राही धेरै हुँदा कार्यक्रमलाई समावेशी बनाउन कठिनाई हुन्छ र वास्तविक कृषक छुट्न सक्ने सम्भावना रहन्छ। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र महामारीले कृषि उत्पादनमा प्रतिकुल असर पुर्याउँछन्, जसले कृषकहरूको आय र खाद्य सुरक्षामा नकारात्मक प्रभाव पार्छ। कृषि सम्बन्धी सूचना प्रवाह सम्पूर्ण क्षेत्रमा हुन नसक्ने जोखिम रहन्छ, जसले कृषकहरूलाई समयमै जानकारी पुर्याउन कठिनाई उत्पन्न गराउँछ। कार्यक्रमहरूको लागि सामुदायिक संलग्नताको कमी र नयाँ प्रविधि अपनाउन संकोचका कारण उत्पादन वृद्धि र कृषि आधुनिकिकरणमा समस्या उत्पन्न भएको छ। साथै, सीमित बजार पहुँच, मूल्य अस्थिरता र अस्थिर बजार अवस्थाले कृषकहरूको आम्दानीमा असर पुर्याउँछ।

यी जोखिमहरूलाई सम्बोधन गर्नका लागि निम्न सिफारिसहरू गरिएका छन्:

क. कृषि प्रसार सेवामा जनशक्ति र श्रोत साधनको पर्याप्त व्यवस्था गरिनु पर्नेछ।

ख. कृषि क्षेत्रको वास्तविक तथ्यांक सङ्कलन र व्यवस्थापनलाई सशक्त बनाउन सूचना प्रणालीलाई सुधार गर्न आवश्यक छ।

ग. कार्यक्रमहरूलाई समावेशी बनाउन प्रभावकारी रणनीति अपनाउन आवश्यक छ, जसले वास्तविक कृषकहरूको पहिचान र लक्षित सेवा प्रदान गर्न मद्दत पुर्याउँछ।

घ. जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र महामारीका विरुद्ध कृषि क्षेत्रलाई उत्थानशील बनाउन आवश्यक तयारी र योजना बनाउनुपर्नेछ।

ङ. कृषि सम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग बढाउन आवश्यक छ।

च. सामुदायिक संलग्नता बढाउन र नयाँ प्रविधि अपनाउन कृषकहरूलाई प्रोत्साहित गर्न तालिम र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।

छ. बजार पहुँचलाई सुधार गर्न र कृषि उत्पादनको बजार मूल्य स्थिर राख्न सहकारी संस्था र सामूहिक खेतीलाई प्रवर्धन गर्नुपर्नेछ।

ज. माटोको उर्वराशक्ति र जैविक विविधताको संरक्षण गर्न जैविक खेती र प्राकृतिक विधिहरूलाई प्रोत्साहित गर्नुपर्नेछ।

## ३.२ सिँचाइ

### ३.२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका नेपालको सुदूर पूर्वी क्षेत्रमा अवस्थित छ। मेची नदी र अन्य धेरै नदी र खोलाहरू सिँचाइको स्रोतको रूपमा प्रयोग गरिन्छ। स्वीस सरकारले साना सिँचाइ आयोजनाको कार्यान्वयनमा सहयोग गर्दै आएको छ। हालसम्म कुल १०७२ हेक्टर खेती योग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध छ। यस क्षेत्रले सिँचाईका सीमित स्रोतहरू, ठाडो भूगोल र कृषियोग्य भूमिमा बसोबास विस्तार जस्ता चुनौतीहरूको सामना गरिरहेको छ। सिँचाई सुविधाको उचित व्यवस्थापन, मर्मतसम्भार र न्यायोचित वितरणको पनि अभाव छ।

चैतको मध्यसम्ममा वर्षभरि सिँचाई सुविधा भएको १०७२ हेक्टर जमिन रहेको छ, जुन गत वर्षको ९८६ हेक्टरभन्दा बढी हो। बाह्र महिना सञ्चालनमा रहेका सिँचाई आयोजनाको सङ्ख्या पनि गत वर्ष २५ वटाबाट बढेर यो वर्ष ३० पुगेको छ। सिँचाई हुने क्षेत्रमा हाल बाली घनत्व १६८ प्रतिशत रहेकोमा चैतको मध्यसम्ममा १८५ प्रतिशत पुग्ने अनुमान गरिएको छ। यसका साथै ५७ सिँचाई आयोजना पहिचान गरिएको छ भने १३ आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भएको छ।

### ३.२.२ समस्या तथा चुनौती

यस क्षेत्रको भौगोलिक बनावटले सिँचाई पूर्वाधारका लागि चुनौती खडा गरेको छ। सिँचाईका सीमित स्रोत र खेतीयोग्य जमिनमा बसोबास विस्तारले समस्यालाई अझ बढाएको छ। सिँचाई सुविधाको समन्यायिक वितरण र दिगो उपयोग, मर्मत र व्यवस्थापनको पनि अभाव छ। अधिकांश कृषि क्षेत्रहरू सिँचाईका लागि आकाशको पानीमा भर पर्छन्, जुन दीर्घकालीन रूपमा दिगो विकल्प होइन।

### ३.२.३ सोच

"दिगो सिँचाइ उच्च प्रतिफल"

### ३.२.४ उद्देश्य

क. दिगो तथा व्यवस्थित सिँचाइमार्फत उत्पादनको अभिवृद्धि गर्नु।
ख. सिँचाइ सुविधाको न्यायोचित एवम् समतामूलक वितरणलाई प्रवर्धन गर्नु।

### ३.२.५ रणनीति

क. अन्तर–सरकार एवम् समुदायसँगको साझेदारी तथा सहकार्यमा सिँचाइ सुविधाको विस्तार र व्यवस्थापनलाई प्रभावकारी गराउने।
ख. कुलो तथा नहरबाट सिँचाइ सुविधा पुग्न नसक्ने क्षेत्रमा वैकल्पिक विधिबाट सिँचाइ सुविधाको विस्तार गर्ने।
ग. सिँचाइ आयोजनाको नियमित मर्मत तथा दिगो व्यवस्थापनमा उपभोक्ता समितिलाई जिम्मेवार तुल्याउने।
घ. सिँचाइ सुविधा उपलब्ध भएको क्षेत्रमा सिँचाइ सुविधाको उपलब्धतालाई न्यायोचित र समतामूलक तुल्याउने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.४ : सिँचाइ उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| बाह्रै महिना सिँचाइ हुने जग्गा | हेक्टर | ९८६ | ११४९ | ११५० | १२०० | १२५० |
| स्प्रीङ कल सिँचाइ सुविधा पुऱ्याउने | किसान सङ्ख्या | - | - | - | - | - |
| निर्माण सम्पन्न सिँचाइ आयोजना | सङ्ख्या | २६ | ३० | ४० | ४५ | ५० |
| नयाँ आयोजनाको डि.पि.आर तयारी | सङ्ख्या | - | ६ | - | - | - |
| साना सिँचाइ आयोजना सङ्ख्या | सङ्ख्या | १६ | २६ | ३२ | - | - |
| साना सिँचाइ आयोजनाबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ३४०.५ | ४१०.५ | ५४८.५ | - | - |

### ३.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिँचाइ उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.५ : सिँचाइ उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ३१४९५ | ० | ३१४९५ | ० | ७७४५ | १६९६५ | ६७८५ | |
| **२०८२/८३** | ३२२०४ | ० | ३२२०४ | ० | ६०८० | १८६६० | ७४६४ | |
| **२०८३/८४** | ३५४२० | ० | ३५४२० | ० | ६६८२ | २०५२८ | ८२१० | |
| **कुल जम्मा** | **९९११९** | **०** | **९९११९** | **०** | **२०५०७** | **५६१५३** | **२२४५९** | |

### ३.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सिँचाइ उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.६: सिँचाइ उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | साना सिँचाइ कार्यक्रमम | सिँचाई सुविधा सुधार | २०८१/८२ - २०८३/८४ | ९९११९ | कृषिक्षेत्रको सिँचाइ सुविधा विस्तार |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

सिँचाइ सुविधाको विस्तार र दिगो व्यवस्थापनका लागि तीनै तहका सरकार र समुदायबीच समन्वय र सहकार्य आवश्यक छ। अपेक्षित परिणामहरू प्राप्त गर्नका लागि सिँचाइ पूर्वाधारको समयमै निर्माण र मर्मत महत्त्वपूर्ण छ । त्यसो गर्न असफल हुँदा परियोजना असफल हुन सक्छ । सिँचाइ आयोजनाहरूको उचित योजना, अनुगमन र मूल्याङ्कनका साथै निर्णय प्रक्रियामा सरोकारवालाहरूलाई संलग्न गराएर जोखिम न्यूनीकरण गर्न सकिन्छ । सरकारले सीमित स्रोतसाधनमा निर्भरता घटाउन वैकल्पिक सिँचाइ सुविधामा पनि लगानी गर्नुपर्छ।

सिँचाइ क्षेत्रको विकास र व्यवस्थापनमा स्थानीय, प्रदेश, र सङ्घीय सरकारको सक्रिय भूमिका, स्थानीय समुदायको संलग्नता, नवीन प्रविधिको प्रयोग र उचित समन्वयको आवश्यकता छ। सिँचाइ सुविधाको दीर्घकालीन सुधार, कृषि उत्पादनको वृद्धि, र स्थानीय कृषकहरूको जीवनस्तरमा सकारात्मक प्रभाव पार्नका लागि निम्न पहल आवश्यक छ।

- क. तीनै तहका सरकार र स्थानीय समुदायबीच सिँचाइ सुविधाको विकास र व्यवस्थापनका लागि बलियो समन्वय र साझेदारी।
- ख. सिँचाइका लागि वर्षा पानी सङ्कलन, भूमिगत जलको उपयोग जस्ता वैकल्पिक स्रोतहरूको उपयोगलाई प्रवर्धन गर्न।
- ग. सिँचाइ पूर्वाधारको नियमित मर्मतसम्भार र अनुगमन प्रणालीलाई मजबुत बनाउन आवश्यक छ।
- घ. उपभोक्ता समितिहरूलाई सशक्त बनाउँदै जिम्मेवारीको भावना विकास गराउन।
- ङ. सिँचाइका लागि ड्रिप इरिगेसन, स्प्रिङ्कल प्रणाली जस्ता नवप्रविधिहरूको प्रयोगलाई प्रोत्साहन ।
- च. सिँचाइ सुविधाको लागि स्थानीय स्रोतहरूको अधिकतम उपयोग गर्दै सिँचाइ क्षेत्रको विस्तार गर्न।
- छ. सिँचाइ पूर्वाधारको दीर्घकालीन उपयोग र मर्मतको लागि स्थायी व्यवस्थापन प्रणाली विकास गर्न।
- ज. सिँचाइ आयोजनाहरूको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सरोकारवालाहरूसँगको सहकार्य।

## ३.३ पशुपन्छी विकास

### ३.३.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकामा पशुपालन कृषि क्षेत्रको महत्वपूर्ण अङ्ग हो। यहाँका कृषकहरूले गाई, भैंसी, बाख्रा, सुँगुर, कुखुरा, हाँस आदि पशुपन्छी पालेका छन्। यस नगरपालिकामा दैनिक सरदर ७०,००० लिटर दुध उत्पादन हुने गरेको छ। पशुपन्छीजन्य उत्पादनहरूमा दुध, मासु, अण्डा, तथा अन्य दुग्धजन्य उत्पादनहरू प्रमुख छन्। नगरपालिकामा ६२ वटा डेरी उद्योग, ६४ वटा दुध सङ्कलन केन्द्रहरू सञ्चालनमा छन्। पशुपन्छी स्वास्थ्य, पोषण, व्यवस्थापन, तथा रोग नियन्त्रणमा नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

### ३.३.२ समस्या तथा चुनौती

सूर्योदय नगरपालिकाको पशुपन्छी विकास क्षेत्रमा विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। उत्पादन भएका पशुजन्य पदार्थहरूको बजारको सुनिश्चितता नहुनु, अकस्मात नयाँ रोगहरू फैलिएर पशुपन्छीहरूको धेरै मात्रामा मृत्यु हुन सक्ने सम्भावना, पशुपालनमा संलग्न कृषकहरूको ज्ञान र सीपको कमी, पशुपन्छीको खानपान तथा स्वास्थ्य सेवामा नियमितता नहुनु, गोठ सुधार र यान्त्रिकीकरणको अभाव, बजारीकरण र प्रशोधनको कमी, र मौसम परिवर्तन तथा प्राकृतिक प्रकोपको जोखिम यस क्षेत्रको मुख्य चुनौतीहरू हुन्। यी समस्याहरूले गर्दा पशुपालनमा संलग्न कृषकहरूको आर्थिक स्थिति बिग्रन सक्छ र पशुपन्छी उत्पादनमा प्रत्यक्ष असर पर्न सक्छ।

### ३.३.३ सोच

"व्यावसायिक पशुपालन: समृद्ध नगर निर्माण"

### ३.३.४ उद्देश्य

- क. पशुपन्छीजन्य उपजको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु
- ख. व्यावसायिक पशुपन्छीपालनको प्रवर्धन र पशुपन्छीजन्य उत्पादनमा आधारित उद्यम विकास गर्नु
- ग. पशुपन्छीहरूको स्वास्थ्य सुधार र रोग नियन्त्रणमा वृद्धि गर्नु

### ३.३.५ रणनीति

क. पशुपन्छीपालनबाट गरिब तथा सामाजिक रूपमा पिछडिएका वर्गको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने

ख. उन्नत पशुपालन पेसालाई कृषक परिवारको प्रमुख आय श्रोतको रूपमा विकास गरी प्रमुख आय आर्जनको माध्यमका रूपमा विकसित गर्ने

ग. पशुपन्छीजन्य उत्पादनको प्रशोधन र गुणस्तर परीक्षण गरी उद्यमशीलता र बजारीकरण सुनिश्चितता गर्ने

घ. पशुपन्छी स्वास्थ्य सेवाहरूको पहुँच र गुणस्तरमा सुधार गर्ने

ङ. कृषकहरूलाई आधुनिक पशुपालन प्रविधिमा तालिम दिने र उनीहरूको क्षमता अभिवृद्धि गर्ने

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.७ : पशुपन्छी विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| दैनिक सरदर दुध उत्पादन | लिटर | ३८००० | ७०००० | ७५००० | ८०००० | ८५००० |
| डेरी उद्योग | सङ्ख्या | ६२ | ६२ | ६३ | ६४ | ६५ |
| दुध सङ्कलन केन्द्र | सङ्ख्या | ६४ | ६४ | ६६ | ६८ | ७० |
| मासु उत्पादन वार्षिक | मे. टन | ४६१ | ४७० | ४७५ | ४८० | ५०० |
| गोठ सुधार भएका पशुपालक कृषक | सङ्ख्या | १५०० | १५२२ | १५५० | १५७५ | १६०० |
| पशुपालक समूह | सङ्ख्या | १९ | १९ | २० | २१ | २२ |
| वार्षिक रेविज पहिचान | सङ्ख्या | ५०० | ७०० | १००० | १२०० | १५०० |
| वार्षिक खोरेत पहिचान | सङ्ख्या | ४५ | ५० | ६० | ६५ | ७० |
| सेक्स सिमेन मार्फत कृत्रिम गर्भाधान | सङ्ख्या | ५०० | ६०० | ८०० | १००० | १२०० |
| कृत्रिम गर्भाधान सफलता | प्रतिशत | ६२ | ६३ | ६५ | ६८ | ७० |
| तालिम प्राप्त पशुसेवा प्राविधिक परिचालन | प्राविधिक सङ्ख्या | १५ | १६ | १८ | १९ | २० |
| डाले घाँस बिरुवा वितरण | कृषक सङ्ख्या | १२०० | १२५० | १३०० | १३५० | १४०० |
| घाँस विउ वितरण | केजी | ५०० | ५५० | ६०० | ६५० | ७०० |
| वार्षिक घाँस उत्पादन | मे. टन | ९०० | ९५० | १००० | ११०० | १२०० |
| गाई फर्म | सङ्ख्या | ३९ | ४० | ४२ | ४४ | ४५ |
| बाख्रा फर्म | सङ्ख्या | ४३ | ४४ | ४६ | ४८ | ५० |

### ३.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपन्छी विकास उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.८ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.८: पशुपन्छी विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १२६९३ | ११२९३ | १४०० | | १०११६ | २५७७ | ० | |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८२/८३** | १०७८४ | ९६८४ | ११०० | | ७९४९ | २८३५ | ० | |
| **२०८३/८४** | ११८४६ | १०६३८ | १२०८ | | ८७२८ | ३११८ | ० | |
| **कुल जम्मा** | **३५३२३** | **३१६१५** | **३७०८** | | **२६७९३** | **८५३०** | **०** | |

### ३.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पशुपन्छी विकास उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.९ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.९: पशुपन्छी विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशु स्वास्थ्य र रोग नियन्त्रण | पशुधनको स्वास्थ्य सुधार | २०८१/८२ - २०८३/८४ | ७२२० | पशुधनको स्वास्थ्य सुधार, रोगको नियन्त्रण |
| २ | पशुधन उत्पादन प्रवर्धन | पशुपालनमा वृद्धि | २०८१/८२ - २०८३/८४ | १४५६७ | पशुपालनमा वृद्धि, आर्थिक सुधार |
| ३ | तालिम, सचेतना र व्यवस्थापन | पशुपालन क्षमता अभिवृद्धि | २०८१/८२ - २०८३/८४ | १५६३ | पशुपालनमा दक्षता |
| ४ | पूर्वाधार र उपकरण सहायता | पशुपालन पूर्वाधारमा सुधार | २०८१/८२ - २०८३/८४ | ३४४३ | पशुपालन पूर्वाधारमा सुधार, उत्पादनमा वृद्धि |
| ५ | पशु सेवा विभाग | पशुपन्छी स्वास्थ्य सुधार, रोग नियन्त्रण, र पशुपालन अभ्यासको प्रवर्धन | २०८१/८२ - २०८३/८४ | ८५३० | पशुपन्छीको स्वास्थ्यमा सुधार, रोगहरूको न्यूनीकरण, र पशुपालनमा उत्पादनशीलता वृद्धि |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकामा पशुपन्छी विकास क्षेत्रसँग सम्बन्धित जोखिमहरू धेरै छन्। उत्पादन भएका पशुजन्य पदार्थहरूको बजार सुनिश्चितता नहुनु, अकस्मात नयाँ रोगहरूको फैलावटले पशुपन्छीहरूको धेरै मात्रामा मृत्यु हुन सक्ने सम्भावना, पशुपालनमा संलग्न कृषकहरूको ज्ञान र सीपको कमी, पशुपन्छीको खानपान तथा स्वास्थ्य सेवामा नियमितता नहुनु, गोठ सुधार र यान्त्रिकीकरणको कमी, बजारीकरण र प्रशोधनको अभाव, मौसम परिवर्तन तथा प्राकृतिक प्रकोपको जोखिम जस्ता समस्याहरू यस क्षेत्रको विकासका लागि चुनौतीपूर्ण छन्। यी जोखिमहरूले पशुपन्छी उत्पादनमा प्रत्यक्ष असर पार्न सक्छन्, जसले गर्दा कृषकहरूको आर्थिक स्थितिमा नकारात्मक प्रभाव पार्न सक्छ।

जोखिमहरूको न्यूनीकरणका लागि सिफारिसहरू:

क. बजार व्यवस्थापनको सुदृढीकरण:
   सहकारी र निजीक्षेत्रको सहभागितामा उत्पादन भएका पशुजन्य पदार्थहरूको प्रभावकारी बजार व्यवस्थापन गर्ने।
   स्थानीय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय बजारसम्म पहुँच विस्तार गर्न कार्यक्रमहरूको सञ्चालन गर्ने।

ख. प्रकोप व्यवस्थापन:
   पशुपालकहरूलाई रोग पहिचान र नियन्त्रणमा तालिम दिने।
   प्रभावकारी रोग निरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्ने।
   सङ्क्रामक रोगहरूको रोकथाम र नियन्त्रणका लागि नियमित खोप कार्यक्रमहरू सञ्चालन गर्ने।

ग. उद्यमशीलता प्रवर्धन:

पशुपालनमा आधारित उद्यमशीलता प्रवर्धनका लागि तालिम र सहकार्यका कार्यक्रमहरू सञ्चालन गर्ने।
आर्थिक रूपमा आत्मनिर्भर बन्न कृषकहरूलाई वित्तीय सहायता र परामर्श उपलब्ध गराउने।

घ. प्रशोधन र गुणस्तर परीक्षण:
पशुपन्छीजन्य उत्पादनहरूको प्रशोधन र गुणस्तर परीक्षणलाई प्राथमिकता दिने।
आधुनिक प्रविधिको प्रयोग गरेर उत्पादनको गुणस्तर सुधार गर्ने।

ङ. सङ्कट व्यवस्थापन:
पशुपालनमा सङ्कट व्यवस्थापनको लागि प्रभावकारी योजना, अनुगमन, र मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने।
आपतकालीन अवस्थामा तत्काल राहतका कार्यक्रमहरू सञ्चालन गर्ने।

च. सहकार्य र समन्वय:
तीनै तहका सरकार र समुदायबीच समन्वय र सहकार्य सुनिश्चित गर्ने।
पशुपालन क्षेत्रको विकासका लागि नीति र कार्यक्रमहरूमा सरोकारवालाहरूको सहभागिता बढाउने।

छ. प्रशिक्षण र क्षमता विकास:
कृषकहरूलाई आधुनिक पशुपालन प्रविधिमा तालिम दिने र उनीहरूको क्षमता अभिवृद्धि गर्ने।
पशु स्वास्थ्य र पोषण सम्बन्धी तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने।

ज. आहारा व्यवस्थापन:
पशुपन्छीको लागि आहारा व्यवस्थापन गर्ने।
घाँस उत्पादन र वितरणका कार्यक्रमहरू सुदृढ गर्ने।

## ३.४ उद्योग व्यापार

### ३.४.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा उद्योग र व्यापारले ओगटेको छ। नगरपालिकामा विभिन्न प्रकारका उद्योगहरू, विशेष गरी नगदे बाली र पशुधनमा आधारित उद्योगहरूको व्यापकता रहेको छ। साना उद्यम विकास कार्यक्रम र अन्य सरकारी योजनाहरू मार्फत नगरवासीहरूले उद्यमशीलता र सीप विकास तालिम प्राप्त गरेका छन्, जसले गर्दा व्यवसायिक गतिविधिमा वृद्धि भएको छ। औद्योगिक विकास र व्यापार विस्तारका लागि नगरपालिकाले विभिन्न नीति तथा कार्यक्रमहरू लागु गर्दै आएको छ।

### ३.४.२ समस्या तथा चुनौती

सूर्योदय नगरपालिकाको उद्योग तथा व्यापार क्षेत्र विभिन्न समस्याहरू र चुनौतीहरूको सामना गरिरहेको छ। विश्वव्यापी मूल्यवृद्धिले उद्योग तथा व्यापार क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। दक्ष जनशक्ति र पुँजीको अभावले पनि उद्योग व्यवसायको विस्तारमा असर गरेको छ। बजारको अनिश्चितता र अस्थिर मूल्य प्रणालीले गुणस्तरीय र प्रतिस्पर्धी वस्तु तथा सेवाको उत्पादनमा बाधा पुर्‍याएको छ। सहरी क्षेत्रमा सञ्चालित व्यवसायहरूको अद्यावधिक विवरणको अभाव र वस्तु तथा सेवाको उचित बजारीकरण तथा मूल्य निर्धारणमा वैज्ञानिकता नहुनु पनि मुख्य चुनौतीहरू हुन्।

### ३.४.३ सोच

"उद्योगको विकास, स्वच्छ व्यापारः उचित मूल्य, गुणस्तरीय वस्तु उपभोक्ताको अधिकार"

### ३.४.४ उद्देश्य

क. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसाय प्रवर्धन गर्नु।

ख. गुणस्तरीय तथा प्रतिस्पर्धी उत्पादन र विश्वसनिय व्यवसाय सञ्चालनलाई प्रोत्साहन गर्नु ।

### ३.४.५ रणनीति

क. बजार माग अनुरूपको गुणस्तरीय एवम् प्रतिस्पर्धी उत्पादनलाई प्रोत्साहित गर्दै रोजगारीको अवसर सिर्जना गर्ने ।
ख. उद्योग, व्यवसाय तथा व्यापार क्षेत्रको दिगो प्रवर्धनका लागि कानुनी र संस्थागत संयन्त्र निर्माण गर्ने ।
ग. स्थानीय कच्चापदार्थमा आधारित उद्योग तथा व्यवसाय क्षेत्रको प्रवर्धनमा सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने ।
घ. अन्तरसरकार सहकार्यमा उद्यमशीलता र सिर्जनशीलता विकासको वातावरण तयार गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१० मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१०: उद्योग व्यापार उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| महिला स्वामित्व भएका उद्यमको सङ्ख्या | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ |
| वित्तीय साक्षरता कक्षामा सहभागी | सङ्ख्या | ३०५ | ३५० | ४०० | ४५० | ५०० |
| नयाँ स्थापित उद्योग | सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० |
| रोजगारी सिर्जना | व्यक्ति | १०० | १५० | २०० | २५० | ३०० |
| आयात प्रतिस्थापन गरिएका उत्पादन | प्रकार | ३ | ४ | ५ | ६ | ७ |
| निर्यात गरिएका उत्पादन | प्रकार | २ | ३ | ४ | ५ | ६ |
| उद्यमशीलता तालिमको सङ्ख्या | तालिम | १० | १२ | १५ | १८ | २० |
| सीप विकास तालिम सहभागी सङ्ख्या | व्यक्ति | ५० | ६० | ७५ | ९० | १०० |
| कर्जा सुविधा पाउने उद्यमी | सङ्ख्या | ३० | ३५ | ४० | ४५ | ५० |
| लघु उद्यमहरूको दर्ता | सङ्ख्या | ४० | ५० | ६० | ७० | ८० |

### ३.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.११ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.११: उद्योग व्यापार उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १०६१५ | १०३१५ | ३०० | | ३३६५ | १३०० | ५९५० | |
| **२०८२/८३** | १०६२० | १०३८४ | २३६ | | २६४५ | १४३० | ६५४५ | |
| **२०८३/८४** | ११६७५ | ११४१६ | २५९ | | २९०२ | १५७३ | ७२०० | |
| **कुल जम्मा** | **३२९१०** | **३२११५** | **७९५** | | **८९१२** | **४३०३** | **१९६९५** | |

### ३.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको उद्योग व्यापार उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.१२ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१२: उद्योग व्यापार उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्यमशीलता विकास र तालिम | उद्यमशीलता विकास | २०८१/८२ - २०८३/८४ | ३३४९ | नयाँ उद्यमीहरूको सिर्जना |
| २ | दुधजन्य उत्पादन प्रवर्धन | दुग्ध उत्पादन प्रवर्धन | २०८१/८२ - २०८३/८४ | ३९७३ | दुग्ध उत्पादन विस्तार |
| ३ | प्रविधि हस्तान्तरण र बजार प्रतिस्पर्धा | प्रविधि हस्तान्तरण | २०८१/८२ - २०८३/८४ | १५९० | उत्पादन र बजार प्रतिस्पर्धा वृद्धि |
| ४ | लघु उद्यम विकास कार्यक्रम | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि, उद्यमीको स्तरोन्नति, नयाँ लघु उद्यमी सिर्जना | २०८१/८२ - २०८३/८४ | ४३०३ | स्थानीय स्तरमा उद्यमीहरूको उत्पादन क्षमता वृद्धि, गरिबी निवारण, नयाँ उद्यमीहरूको सिर्जना, स्थानीय उत्पादनको बजारमा प्रतिस्पर्धात्मकता वृद्धि |
| ५ | उद्योग कृषि तथा सहकारी मन्त्रालय | पशुपन्छी खोप, खोरेत रोग नियन्त्रण, चिया परीक्षण, जैविक सुरक्षा तालिम, पुष्पखेती प्रवर्धन | २०८१/८२ - २०८३/८४ | १९६९५ | पशु स्वास्थ्य सुधार, कृषि उत्पादन वृद्धि, जैविक सुरक्षामा वृद्धि, पुष्पखेतीको प्रोत्साहन |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकाको उद्योग र व्यापार क्षेत्रमा केही जोखिमहरू छन्, जसमा प्रमुख जोखिमहरू निम्नानुसार छन्: उत्पादन भएका वस्तुको बजार सुनिश्चितता नहुनु, कच्चा पदार्थको अभाव, बजारीकरणको कठिनाइ, र अकस्मात प्राकृतिक प्रकोपहरूको जोखिम। यसका साथै, आर्थिक मन्दी, मूल्य अस्थिरता, र विप्रेषणको कमीसँग पनि उद्योग र व्यापार क्षेत्रले जुझ्नुपर्छ।

न्यूनीकरणका लागि सिफारिसहरू:

- क. उद्योग र व्यापार क्षेत्रमा सरकारी नीतिहरूको प्रभावकारी कार्यान्वयन।
- ख. कच्चा पदार्थको स्रोतलाई स्थानीयकरण गर्न प्रोत्साहन।
- ग. आपत्कालीन परिस्थिति व्यवस्थापनका लागि दिगो योजना तयार पार्नु।
- घ. बजार व्यवस्थापन र बजारीकरणको लागि प्रभावकारी रणनीति अपनाउनु।
- ङ. उद्यमशीलता र सिर्जनशीलताको विकासका लागि सरकारी तथा निजीक्षेत्रको सहकार्यलाई प्रोत्साहन गर्नु।
- च. प्राकृतिक प्रकोप र विपद् व्यवस्थापनका लागि प्रभावकारी उपायहरू अपनाउनु।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

वार्षिक करिब ५ लाख स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउने सूर्योदय नगरपालिका देशकै लोकप्रिय पर्यटकीय गन्तव्य बनेको छ। श्रीअन्तु, कन्याम, फिक्कल, पशुपतिनगर, पञ्चकन्या, बुद्धपार्क, गुफा पाताल, स्वामीपार्क, जिपलाइन, पञ्चकन्या मन्दिर जस्ता पर्यटकीय स्थलहरू मुख्य आकर्षण हुन्। यसका साथै कन्यामको सुन्दर चिया बगान, श्रीअन्तु क्षेत्रमा सूर्योदयको दृश्य, लाप्चा संस्कृति र ग्रामीण जीवनको अवलोकन, सुनगाभा फूल खेतीले पनि पर्यटकलाई तानेको छ। गाउँपालिकाले ग्रामीण पर्यटन पूर्वाधारको प्रवर्धन गर्न होमस्टे प्रणाली लागु गर्न थालेपछि कृषि पर्यटन र ग्रामीण पर्यटनलाई व्यवस्थित गर्न थालेको छ। पर्यटन क्षेत्रका चुनौतीलाई सम्बोधन गर्न नगरपालिकाले बहुआयामिक विकासका पहल गर्ने योजना बनाएको छ। पर्यटन प्रवर्धनमा लगानी बढाउने र निजीक्षेत्रबाट सेवा सुविधा विस्तार गर्ने लक्ष्य राखिएको छ। थप रूपमा, नगरपालिका दिगो पर्यटन विकासको

लागि प्रतिबद्ध छ र उद्योग प्रवर्धन गर्न अन्य सरकारी निकायहरूसँग साझेदारी गरेको छ । अन्तु, कन्यामलगायत प्रमुख पर्यटकीयस्थलमा सहायक पूर्वाधार निर्माण र सौन्दर्यकारीको काम सम्पन्न भएको छ। कुल ७६ किलोमिटर आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्य मार्ग पहिचान गरी निर्माण कार्य सुरु भइसकेको छ। यसका साथै नगरपालिकाले बुद्धपार्क, स्वामीपार्क, रानी वन, तीनतले झरना लगायतका साना पर्यटकीय स्थलमा विभिन्न सुविधा निर्माण गरेको छ।

### ३.५.२ समस्या तथा चुनौती

सूर्योदय नगरपालिकाको पर्यटन क्षेत्रमा उल्लेख्य प्रगति देखिए पनि यसले अझै धेरै चुनौती सामना गरिरहेको छ । मुख्य समस्याहरूमा मौसमी र अस्थिर पर्यटक आगमन, मनोरञ्जनका लागि पूर्वाधारको अभाव, र पर्यटन व्यवसायहरू बीच अस्वस्थ प्रतिस्पर्धा समावेश छ। होटल तथा होमस्टे व्यवसायहरूको अनुगमन नियमित हुन सकेको छैन। यसबाहेक, बढ्दो प्रदूषण, विपद् जोखिम, सामाजिक विकृति र उपभोग प्रवृत्तिको विस्तार पनि पर्यटन उद्योगका लागि महत्वपूर्ण चुनौतीहरू हुन्।

### ३.५.३ सोच

“हाम्रो संस्कारः पाहुनाको सत्कार”

### ३.५.४ उद्देश्य

क. पर्यटनलाई स्थानीय रोजगारी र आय आर्जनको स्रोतको रूपमा विकास गर्नु।
ख. पर्यटन बजारको माग अनुरूपका पूर्वाधार तथा सुविधाका विकास एवम् विस्तार गर्नु।

### ३.५.५ रणनीति

क. पर्यटनको क्षेत्रको विस्तारमार्फत आय आर्जन तथा रोजगारीको अवसर सिर्जना गर्ने।
ख. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको सुनिश्चित गर्ने।
ग. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने।
घ. पर्यटन क्षेत्रको विकासका लागि अन्तर सरकार एवम् निजीक्षेत्रसँग समन्वय र सहकार्य गर्ने।
ङ. संस्कृति र सम्पदाहरूको संरक्षण र संवद्र्धन गर्दै माग अनुसारका पर्यटकीय पूर्वाधार र सेवाको विस्तार गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१३ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१३ : पर्यटन तथा संस्कृति उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| व्यवस्थित होमस्टे | सङ्ख्या | १३० | १५० | १७० | १९० | २१० |
| व्यवस्थित होटेल/रिसोर्ट | सङ्ख्या | ४५० | ४८० | ५१० | ५४० | ५७० |
| पर्यटक आगमन | सङ्ख्या (लाख) | ०.८ | १ | १.५ | २ | २.५ |
| व्यवस्थित रस्तरीय पर्यटकीय स्थल | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ |
| पर्यटनबाट प्राप्त राजस्व | रू. लाख | ७५ | ८० | ९० | १०० | ११० |
| पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी | सङ्ख्या | २०२० | २२०० | २४०० | २६०० | २८०० |
| पर्यटन सूचना केन्द्रको सङ्ख्या | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| संस्कृतिक महोत्सवको सङ्ख्या | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ |
| पर्यटन प्रवर्धन तालिमको सङ्ख्या | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ |
| संरक्षित सांस्कृतिक सम्पदाहरू | सङ्ख्या | १५ | १८ | २१ | २४ | २७ |

### ३.५.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.१४ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ३५६२८ | २५७८ | ३३०५० | ० | २९४१० | ० | ६२१८ | |
| **२०८२/८३** | २४९४७ | २०५० | २२८९७ | ० | १८१०७ | ० | ६८४० | |
| **२०८३/८४** | २७८९८ | २२५१ | २५६४७ | ० | २०३७५ | ० | ७५२३ | |
| **कुल जम्मा** | **८८४७३** | **६८७९** | **८१५९४** | **०** | **६७८९२** | **०** | **२०५८१** | |

### ३.५.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पर्यटन तथा संस्कृति उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.१५ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१५: पर्यटन तथा संस्कृति उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संस्कृति संवर्द्धन कार्यक्रम | स्थानीय सांस्कृतिक सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्न | २०८१/८२ - २०८३/८४ | ९१३७ | सांस्कृतिक सम्पदा संरक्षण, सामुदायिक एकता र पर्यटन आकर्षण वृद्धि |
| २ | पर्यटन प्रवर्धन कार्यक्रम | स्थानीय पर्यटन स्थलको प्रवर्धन र प्रचार-प्रसार गर्न | २०८१/८२ - २०८३/८४ | ४२३८ | पर्यटन आगमन वृद्धि, आर्थिक गतिविधिमा वृद्धि र स्थानीय समुदायलाई फाइदा |
| ३ | पर्यटन पूर्वाधार विकास | पर्यटन क्षेत्रको पूर्वाधार सुधार गरी पर्यटकलाई सुविधाजनक बनाउने | २०८१/८२ - २०८३/८४ | ५४५१७ | पर्यटन पूर्वाधारको विकास, पर्यटकको सन्तुष्टि र बसोबासको समय वृद्धि |
| ४ | पर्यटन वन तथा वातावरण मन्त्रालय | पर्यटकीय स्थलहरूको संरक्षण, विकास र प्रवर्धन | २०८१/८२ - २०८३/८४ | २०५८१ | पर्यटकीय स्थलहरूको स्तरोन्नति, पर्यटकको सङ्ख्या वृद्धि, स्थानीय आर्थिक विकास |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकाको पर्यटन क्षेत्रमा धेरै जोखिम र अनिश्चितता छन्। कोभिड–१९ लगायतका महामारी, आर्थिक गतिविधिमा सुस्तता र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित लाभमा प्रतिकुल असर पार्न सक्छ। यस्तै, मौसमी पर्यटक आगमन, प्रदूषण, सामाजिक विकृति, र विपद् जोखिम पनि प्रमुख चुनौतीहरू हुन्।

पर्यटन क्षेत्रका जोखिमहरू न्यूनीकरण गर्न केही सिफारिसहरू:

क. पर्यटनलाई मात्र भर पर्ने होइन, अन्य आर्थिक गतिविधिहरू पनि विकास गर्नु आवश्यक छ।

ख. विभिन्न प्रकारका पर्यटन सेवाहरू (साहसिक, सांस्कृतिक, कृषि पर्यटन आदि) को विकास र प्रवर्धन गरी पर्यटकीय उत्पादन र सेवाहरको विविधीकरण गर्ने ।

ग. आन्तरिक पर्यटकलाई आकर्षित गर्न स्थानीय रूपमा पर्यटन प्रवर्धन गर्ने अभियानहरू सञ्चालन गरी स्थानीय पर्यटन प्रवर्धन गर्ने ।

घ. पर्यटन पूर्वाधार र सेवाहरूको विकासमा सहकार्य र अन्य सरकारी निकायहरू र निजीक्षेत्रसँग साझेदारीलाई प्राथमिकता दिने ।

ङ. विपद् जोखिम न्यूनीकरण र आपतकालीन प्रतिकार्य क्षमताहरूलाई बलियो बनाउने ।

च. पर्यावरण संरक्षण, प्रदूषण तथा सामाजिक विकृति न्यूनीकरणका लागि उपायहरू लागु गर्ने ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था

### ३.६.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले आ–आफ्नो क्षेत्रका लागि भूमि व्यवस्थापन, सहकारी र वित्तीय व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छ । नगरपालिकाले विभिन्न तहका सरकारसँग साझेदारीमार्फत भूमिहीन र सुकुम्बासी बस्तीको समस्यालाई सम्बोधन गर्ने प्रयास गरेको छ । यस क्षेत्रमा बचत र लगानीको महत्वपूर्ण सेयर सहितका सहकारी संस्थाहरू छन् । वित्तीय सेवाहरू पनि उपलब्ध छन्, तर पहुँच र आधुनिक प्रविधिको प्रयोगको सन्दर्भमा चुनौतीहरू छन् ।

नगरपालिकाको भूमि, सहकारी र वित्तीय व्यवस्थापन क्षेत्रको वर्तमान अवस्थाले आशाजनक प्रगति देखाउँछ, तर अझै पनि महत्वपूर्ण चुनौतीहरू छन् । भूमिहीन दलित र सुकुम्वासीहरूको सङ्कलन पूरा गर्नु महत्त्वपूर्ण कोसेढुङ्गा हो, तर असङ्गठित बासिन्दा र सार्वजनिक जग्गा अतिक्रमणको व्यवस्थापन चुनौतीपूर्ण छ । पर्याप्त सेयर पुँजी, बचत र लगानी भएका सहकारी संस्थाहरूको सङ्ख्या धेरै छ तर आधुनिक प्रविधिको प्रयोग र वित्तीय दक्षताको अभाव प्रमुख समस्याहरू हुन् । वित्तीय सेवाहरूको पहुँच तुलनात्मक रूपमा कम छ, आधा परिवारसँग मात्र बैंक खाताहरू छन् ।

### ३.६.२ समस्या तथा चुनौती

सूर्योदय नगरपालिकाको भूमि, सहकारी तथा वित्तीय व्यवस्थापन क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू छन् । असङ्गठित बासिन्दा र सुकुम्बासीहरूको पहिचान र व्यवस्थापन, सार्वजनिक जग्गा अतिक्रमणको समस्या, आधुनिक प्रविधिको प्रयोग र वित्तीय दक्षताको अभाव प्रमुख चुनौतीहरू हुन् । Covid-१९ महामारी र आर्थिक गतिविधिमा आएको सुस्तताले विशेष गरी आर्थिक र सामाजिक रूपमा विपन्न समुदायहरूको अवस्थालाई थप गहिरो बनाएको छ । वित्तीय साक्षरताको अभाव, अपर्याप्त बन्धक सम्पत्ति, जटिल कागजी प्रक्रियाहरू, र समर्थनका लागि सेवा केन्द्रहरूको अभावले अनौपचारिक क्षेत्रको व्यापारमा प्रभुत्व जमाएको छ ।

### ३.६.३ सोच

“सुदृढ वित्तीय व्यवस्थाः आर्थिक विकासको आधार”

### ३.६.४ उद्देश्य

क. भूमि सम्बन्धी समस्या निराकरण गर्न सहकार्य र सहजीकरण गर्ने ।

ख. वित्तीय क्षेत्रलाई कृषि तथा समग्र आर्थिक विकासको सहयोगी क्षेत्रको रूपमा विकास गर्नु ।

ग. सहकारी संस्थाको संस्थागत क्षमता, वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु ।

### ३.६.५ रणनीति

क. सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अन्तरसरकार साझेदारी र सहकार्यलाई सुदृढ गर्ने।

ख. भू–उपयोग नीति अवलम्वन गरी भूउपयोग क्षेत्रहरू वर्गीकरण गर्ने।

ग. सहकारीहरूलाई सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने।

घ. सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता विकास, संस्थागत सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने।

ङ. सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने।

च. बैंक तथा वित्तीय संस्थामा नगरवासीको सहज पहुँच स्थापित गर्न वित्तीय साक्षरता विस्तार र औपचारिक कारोवारलाई प्रोत्साहन गर्ने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१६ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सहकारी क्षेत्रमा महिलाको सहभागिता | प्रतिशत | ४६ | ४७ | ४८ | ४९ | ५० |
| औपचारिक वित्तीय सेवामा समेटिएका घरपरिवार | प्रतिशत | ७० | ७२ | ७४ | ७६ | ७८ |
| भूमि नक्साङ्कन गरिएका क्षेत्रफल | हेक्टर | १५०० | १६०० | १७०० | १८०० | १९०० |
| सहकारी संस्थाको सङ्ख्या | सङ्ख्या | १०० | १०० | ९० | ८५ | ८० |
| वित्तीय साक्षरता कार्यक्रम | सङ्ख्या | २० | २५ | २४ | २५ | २६ |
| भूमि विवाद समाधान गरिएका घटना | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० |

### ३.६.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.१७ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१७ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ८०० | ८०० | ० | ० | ८०० | ० | ० | |
| **२०८२/८३** | ६२९ | ६२९ | ० | ० | ६२९ | ० | ० | |
| **२०८३/८४** | ६९० | ६९० | ० | ० | ६९० | ० | ० | |
| **कुल जम्मा** | **२११९** | **२११९** | **०** | **०** | **२११९** | **०** | **०** | |

### ३.६.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.१८ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१८: भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रवर्धन र नियमन | सहकारी संस्थाहरूको प्रवर्धन र नियमन गर्न | २०८१/८२ - २०८३/८४ | १३२४ | सहकारी संस्थाहरूको प्रभावकारिता वृद्धि, सहकारी संस्थाको पारदर्शिता सुनिश्चित |
| २ | सहकारी संस्थाको क्षमता विकास | सहकारी संस्थाहरूको क्षमता विकास गर्न | २०८१/८२ - २०८३/८४ | ७९५ | सहकारी संस्थाहरूको दक्षता र प्रभावकारिता वृद्धि, सहकारी संस्थाहरूको सुदृढता |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकाको भूमि, सहकारी तथा वित्तीय व्यवस्थापन क्षेत्रमा विभिन्न जोखिम र चुनौतीहरू छन्। प्रमुख समस्याहरूमा असङ्गठित बासिन्दा र सुकुम्बासीहरूको पहिचान र व्यवस्थापन, सार्वजनिक जग्गा अतिक्रमणको समस्या, आधुनिक प्रविधिको प्रयोग र वित्तीय दक्षताको अभाव छन्। आर्थिक गतिविधिमा आएको सुस्तताले विशेष गरी आर्थिक र सामाजिक रूपमा विपन्न समुदायहरूको अवस्थालाई थप गहिरो बनाएको छ। वित्तीय साक्षरताको अभाव, अपर्याप्त बन्धक सम्पत्ति, जटिल कागजी प्रक्रियाहरू, र समर्थनका लागि सेवा केन्द्रहरूको अभावले अनौपचारिक क्षेत्रको व्यापारमा प्रभुत्व जमाएको छ।

न्यूनीकरणका लागि सिफारिसहरू:

क. सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न अन्तरसरकार साझेदारी र सहकार्यलाई सुदृढ गर्ने।

ख. सहकारी संस्थाहरूको क्षमता विकास, संस्थागत सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने। सहकारीहरूको व्यवस्थापन र अनुगमनलाई प्रभावकारी बनाउन तालिम र प्राविधिक सहयोगको व्यवस्था गर्ने।

ग. बैंक तथा वित्तीय संस्थामा नगरवासीको सहज पहुँच स्थापित गर्न वित्तीय साक्षरता विस्तार गर्ने। वित्तीय शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने र स्थानीय समुदायमा वित्तीय सचेतना अभिवृद्धि गर्ने।

घ. सहकारीहरूलाई सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने। सहकारी तथा वित्तीय संस्थाहरूमा डिजिटल प्रविधिहरूको प्रयोगलाई प्रवर्धन गर्ने।

ङ. सहकारी संस्थाहरूको प्रभावकारिता र पारदर्शिता सुनिश्चित गर्न अनुगमन र नियमनलाई बलियो बनाउने। वित्तीय संस्थाहरूको नियमन र अनुगमनमा प्राविधिक सहयोगको व्यवस्था गर्ने।

च. आधिकारिक वित्तीय सेवाहरूको पहुँचलाई विस्तार गर्ने, विशेष गरी विपन्न समुदायहरूको लागि। वित्तीय समावेशीकरणका उपायहरू लागु गर्ने र ग्रामीण क्षेत्रका वित्तीय सेवाहरूको उपलब्धता र पहुँच सुधार गर्ने।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

यस नगरपालिकाको कूल ५४,७२७ जनसङ्ख्या मध्ये आर्थिक रूपमा सक्रिय रोजगार जनसङ्ख्या ६२.९५ प्रतिशत रहेको छ। सामान्य सक्रिय जनसङ्ख्या ११.७६ प्रतिशत रहेको छ भने आर्थिक रूपमा निस्क्रिय जनसङ्ख्या २३.७७ प्रतिशत रहेको छ। सूचीकृत बेरोजगार सङ्ख्या ६३० रहेको छ। यस नगरपालिका क्षेत्रभित्र कृषि, पर्यटन, उद्योग, निर्माण क्षेत्र, व्यापार व्यवसाय, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि रोजगारीका प्रमुख क्षेत्रहरू रहेका छन् भने वैदेशिक रोजगारी प्रतिको आकर्षण यथावत् रहेको छ। कुल १४,०३२ घरधुरी रहेको यस नगरपालिकाभित्रका १,३३२ घरधुरीले वैदेशिक रोजगारी, १,६३८ घरधुरीले व्यापार व्यवसाय, ६३४ घरधुरीले सरकारी रोजगारी, ५३७ घरधुरीले निजी क्षेत्रको रोजगारी र ३६० घरधुरीले अन्य रोजगारीलाई प्रमुख रोजगारीको माध्यमका रूपमा अवलम्बन गरेको देखिन्छ। त्यसैगरी कृषि तथा पशुपालनमा संलग्न घरधुरी सङ्ख्या ११,९५९ र दैनिक मजदुरी गर्ने घरधुरी सङ्ख्या २,२५० रहेको छ।

### ३.७.२ समस्या तथा चुनौती

युवा तथा दक्ष जनशक्तिको पलायन कायमै रहुन यस क्षेत्रको मुख्य चुनौती रहेको छ। उत्पादनशील र दीगो रोजगारीको सिर्जना चुनौतीपूर्ण रहेसँगै नयाँ रोजगारीका  क्षेत्र पहिचानमा कमी रहेको छ। श्रमशक्तिको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा संलग्न छ जहाँ उचित पारिश्रमिक, रोजगारी सुरक्षा, सामाजिक सुरक्षा तथा पेशागत स्वास्थ्य र सुरक्षा सुनिश्चित छैन। स्थानीय श्रमशक्तिमा भएको सीप र उपलब्ध रोजगारीका अवसरहरूले माग गरेको सीपहरू बीच अन्तर रहेको छ।

### ३.७.३ सोच

“गरिबी न्यूनीकरण र जीवनस्तरमा सुधार: उत्पादनशील रोजगारी समृद्धिको आधार”

### ३.७.४ उद्देश्य

क. आन्तरिक रोजगारीका अवसरमा वृद्धि र बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूतिमार्फत रोजगारीको हकको कार्यान्वयन गर्नु।

ख. व्यवसायिक सीपयुक्त जनशक्ति तयार गरी मर्यादित रोजगारी सिर्जना, उद्यमशीलता अभिवृद्धि र स्वरोजगार प्रवर्द्धन गर्नु।

ग. दिगो, समावेशी, मर्यादित एवं व्यवस्थित श्रम बजार सुनिश्चित गर्नु।

### ३.७.५ रणनीति

क. बजारको माग अनुरूप युवा जनशक्तिलाई सिपमा आधारित तालिम र क्षमता विकास तालिम सञ्चालन गर्ने,

ख. युवा जनशक्तिलाई स्थानीय श्रम बजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्ने,

ग. सङ्घ, प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक पेशा, सिप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गर्ने,

घ. सरकारी निकाय, गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्र बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउने र रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने,

ङ. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोगमार्फत रोजगारीका  अवसरको सिर्जना गर्ने,

च. काम गर्ने उमेरका स्थानीय युवालाइ स्वरोजगार बन्न एवम् श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने,

छ. रोजगार सेवा केन्द्र तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१६ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१६ : श्रम तथा रोजगारी उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सूचीकृत बेरोजगार व्यक्ति | सङ्ख्या | ६३० | ६०० | ५७० | ५४० | ५०० |
| न्यूनतम रोजगारी प्राप्त गर्ने सूचीकृत बेरोजगार व्यक्ति | सङ्ख्या | ९४ | १०० | १२० | १४० | १६० |
| वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति | सङ्ख्या | ७८७ | ८५० | ९०० | ९५० | १००० |
| स्थानीय रोजगारी सिर्जना गरिएका व्यक्ति सङ्ख्या | सङ्ख्या | २०० | २५० | ३०० | ३५० | ४०० |
| सीप विकास तालिम सहभागी सङ्ख्या | सङ्ख्या | १५० | २०० | २५० | ३०० | ३५० |
| स्वरोजगार भएका व्यक्ति सङ्ख्या | सङ्ख्या | ५० | ७० | ९० | ११० | १३० |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कामदार सुरक्षा सुनिश्चित गरिएका व्यक्ति सङ्ख्या | सङ्ख्या | ८० | १०० | १२० | १४० | १६० |

### ३.७.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.१७ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१७ : श्रम तथा रोजगारी उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | २८९९८ | २३९९८ | ५००० | | ११९९५ | १७००३ | ० | |
| **२०८२/८३** | २८१२८ | २४१९९ | ३९२९ | | ९४२५ | १८७०३ | ० | |
| **२०८३/८४** | ३०९२३ | २६६०९ | ४३१४ | | १०३४९ | २०५७४ | ० | |
| **कुल जम्मा** | **८८०४९** | **७४८०६** | **१३२४३** | | **३१७६९** | **५६२८०** | **०** | |

### ३.७.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको श्रम तथा रोजगारी उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.१८ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.१८: श्रम तथा रोजगारी उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता, परामर्श र सचेतना | वित्तीय साक्षरता सुधार, मानसिक स्वास्थ्य जागरूकता वृद्धि | २०८१/८२ - २०८३/८४ | २१७१ | वित्तीय साक्षरता वृद्धि, मानसिक स्वास्थ्यमा सुधार |
| २ | क्षमता विकास र रोजगारी सिर्जना | सीप विकास र रोजगारी सिर्जना | २०८१/८२ - २०८३/८४ | २३७०५ | रोजगार सिर्जना, सीपयुक्त श्रमिकहरूको सङ्ख्या वृद्धि |
| ३ | आप्रवासी सहायता | आप्रवासीहरूको सहायता र पुनःएकीकरण | २०८१/८२ - २०८३/८४ | २५१६ | आप्रवासीहरूको सहायता र पुनःएकीकरणमा सुधार |
| ४ | रोजगार व्यवस्थापन | रोजगार व्यवस्थापन सुधार | २०८१/८२ - २०८३/८४ | ३९७ | श्रमिकहरूको सूचीकरण, रोजगारदाताहरूको सङ्गठित व्यवस्थापन |
| ५ | व्यवसाय विकास र प्रविधि सहायता | व्यवसाय विकास र प्रविधि सहायता | २०८१/८२ - २०८३/८४ | २९८० | व्यवसाय वृद्धि, प्रविधि अपनाउने दरमा सुधार |
| ६ | वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरूका लागि पुन:एकीकरण परियोजना | पुन:एकीकरण र समाजमा समायोजन | २०८१/८२ - २०८३/८४ | २७९७३ | आप्रवासीहरूको पुन:एकीकरणमा सुधार |
| ७ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | युवा रोजगारी प्रवर्धन | २०८१/८२ - २०८३/८४ | १८०२९ | युवाहरूको रोजगारीमा वृद्धि, सीप विकास |
| ८ | रोजगार प्रवर्धन कार्यक्रम | रोजगार प्रवर्धन | २०८१/८२ - २०८३/८४ | ३१८१ | रोजगारका अवसरहरूमा वृद्धि |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | रोजगार सिर्जना | २०८१/८२ - २०८३/८४ | ७६१३ | श्रमिकहरूको रोजगारमा वृद्धि |

#### ३.७.९ जोखिम पक्ष तथा अनुमान
सूर्योदय नगरपालिकामा श्रम तथा रोजगारी क्षेत्रमा केही प्रमुख जोखिम र चुनौतीहरू विद्यमान छन् । सीप र क्षमता विकासका अवसरको अभाव, नयाँ रोजगारीका क्षेत्रहरूको सीमित पहिचान, अन्तरसरकारी सहयोग र समन्वयको अभाव, उत्पादनमूलक रोजगारी सिर्जनाको अभाव र बेरोजगारहरूको सूचना सङ्कलन र व्यवस्थापनमा कठिनाइहरू प्रमुख चुनौती हुन् । विपद्, राजनीतिक तथा आर्थिक अस्थिरता र नयाँ प्रविधिमा अनुकूलन गर्ने क्षमता विकास अवसरको अभावका कारण लक्षित कार्यक्रमहरू हासिल गर्न चुनौतीपूर्ण रहेको छ ।

जोखिम न्यूनीकरणका लागि सिफारिसहरू

क. रोजगारीका अवसरहरू बढाउन सीप विकास तालिमलाई विस्तृत र प्रभावकारी बनाउनु आवश्यक छ । यसले युवाहरूलाई बजारमा माग हुने सीपहरूमा दक्षता प्रदान गर्न मद्दत पुऱ्याउनेछ ।

ख. बेरोजगारहरूको सूचना सङ्कलन र व्यवस्थापन प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउनुपर्नेछ । यसले रोजगारका अवसरहरूको सूचनालाई प्रभावकारी रूपमा प्रवाह गर्न मद्दत पुऱ्याउनेछ ।

ग. नगरपालिकामा नयाँ रोजगारीका क्षेत्रहरूको पहिचान गरी तिनको प्रवर्धन गर्न आवश्यक छ । यसले विविध रोजगारी अवसरहरू सिर्जना गर्न मद्दत गर्नेछ ।

घ. सङ्घ, प्रदेश र स्थानीय सरकारबीचको सहयोग र समन्वयलाई सुदृढ बनाउन आवश्यक छ । यसले साझा लक्ष्यहरू हासिल गर्न र स्रोतको सदुपयोग गर्न मद्दत पुऱ्याउनेछ ।

ङ. विपद् र जोखिमहरूको सामना गर्न सामाजिक सुरक्षा कार्यक्रमहरू र विपद् व्यवस्थापन क्षमताहरूलाई बलियो बनाउन आवश्यक छ ।

च. स्थानीय स्तरमा रोजगार सिर्जना गर्न उद्देश्य राखिएका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन र तिनको कार्यान्वयनमा ध्यान दिन आवश्यक छ ।

## ३.८ गरिबी निवारण

#### ३.८.१ पृष्ठभूमि
सूर्योदय नगरपालिका विगत लामो समयदेखि गरिबी निवारणमा सक्रिय रहेको छ । यस क्षेत्रमा गरिबी न्यूनीकरणका लागि ५० भन्दा बढी कार्यक्रमहरू सञ्चालनमा छन् । हाल यस क्षेत्रमा गरिबी दर ११.७ प्रतिशत छ । वडा नं ३ र ५ का गरिबहरूलाई लक्षित गर्ने विश्वेश्वर कार्यक्रम पनि एउटा उल्लेखनीय कार्यक्रम हो । तर सरकार तथा अन्य सङ्घसंस्थाको प्रयासका बाबजुद गरिबी न्यूनीकरण सन्तोषजनक रूपमा हुन सकेको छैन । गत वर्ष ३६४ जनाले सीप विकास सम्बन्धी औपचारिक तालिम लिएका थिए भने चैतको मध्यसम्ममा यो सङ्ख्या बढेर ४२० पुगेको छ । यस वर्ष सीप तालिम लिने लक्षित वर्गको सङ्ख्या १८८ रहेको छ । गरीब घरपरिवार पहिचानका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । सम्पन्न भई पहिचान भएका घरधुरीलाई आगामी आर्थिक वर्षमा परिचयपत्र उपलब्ध गराइनेछ । यी प्रयासहरूको बाबजुद गरिबी निवारणमा महत्त्वपूर्ण चुनौतीहरू रहेका छन् ।

#### ३.८.२ समस्या तथा चुनौती
यस क्षेत्रका प्रमुख चुनौतीहरूमा गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूबीच समन्वयको अभाव, क्षमता विकासभन्दा वितरणमुखी कार्यक्रमहरू, र वास्तविक गरिबको पहिचान नहुनु हो । अज्ञानता, खराब संस्कृति, सीप र दक्षताको कमी र न्यून आय आर्जनका अवसरहरूले गरिबी निवारण प्रयासमा बाधा पुऱ्याउँछ । थप रूपमा, कोभिड महामारीले रोजगारी क्षेत्रलाई सङ्कुचित गरेको छ, आय आर्जनमा कमी आएको छ । लक्ष्यअनुसार गरिबी घटाउने, असमानता बढाउने र दिगो रोजगारीका अवसरहरू सिर्जना गर्ने मुख्य चुनौतीहरू रहेका छन् ।

### ३.८.३ सोच
"आयस्तरमा दिगो वृद्धिः गरिबी निवारण र समृद्धि"

### ३.८.४ उद्देश्य
क. गरिब पहिचान गर्नु एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु।
ख. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु।
ग. स्रोत तथा साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु।

### ३.८.५ रणनीति
क. गरिब घरपरिवार पहिचान गरी सोसम्बन्धी विवरण अद्यावधिक गर्ने।
ख. गरिबलाई लक्षित गरी रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने।
ग. उत्पादनमूलक रोजगारीका अवसरको अभिवृद्धि गरी गरिबको पहुँच सुनिश्चित गर्ने।
घ. आधारभूत आवश्यकताबाट बञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालीन रूपमा आवश्यकताको सम्बोधन गर्ने।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य
आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.२२ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.२२ : गरिबी निवारण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गरिब घरपरिवार | सङ्ख्या | १०३० | ९५० | ८५० | ७५० | ६५० |
| बहु आयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | १२.७ | ११ | १० | ८ | ६ |
| ३० मिनेटको दुरीमा बजारको केन्द्रसम्म पहुँच भएका घरपरिवार | प्रतिशत | ५२ | ५५ | ६० | ६५ | ७० |
| सहकारी सेवा पहुँच जनसङ्ख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| वित्तीय सेवाहरूमा पहुँच | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ |
| औपचारिक वित्तीय सेवामा समेटिएका घरपरिवार | प्रतिशत | ७० | ७२ | ७४ | ७६ | ७८ |
| बैंक खाता भएका घरपरिवार | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७५ |
| प्रति १ लाख वयस्कमा वाणिज्य बैंकको शाखा | सङ्ख्या | ३१ | ३२ | ३३ | ३४ | ३५ |
| प्रति १ लाख वयस्कहरूमा एटिएम सङ्ख्या | सङ्ख्या | ३१ | ३२ | ३३ | ३४ | ३५ |
| वित्तीय साक्षरता कक्षामा सहभागी | सङ्ख्या | ३०५ | ३५० | ४०० | ४५० | ५०० |
| गरिबी न्यूनीकरणको लागि सरकारद्वारा प्रत्यक्ष रूपमा विनियोजित स्रोत साधनको अनुपात | प्रतिशत | ३ | ३.५ | ४ | ४.५ | ५ |
| आवश्यक सेवा (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा स्थानीय तहले गरेको कुल सरकारी खर्चको अनुपात | प्रतिशत | ४३.७ | ४५ | ४७ | ४९ | ५० |
| गरिबी दर | प्रतिशत | ११.७ | ११.० | १०.५ | १०.० | ९.५ |
| सीप विकास तालिम प्राप्त गर्ने व्यक्तिहरू | सङ्ख्या | ३६४ | ४२० | ५०० | ५५० | ६०० |
| गरिब घरपरिवार पहिचान गरिएका घरधुरी | सङ्ख्या | ० | ५५० | १००० | १२५० | १५०० |

### ३.८.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा गरिबी निवारण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२३ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.२३ : गरिबी निवारण उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १३३० | १३३० | ० | ० | ४०० | ९३० | १३३० | |
| **२०८२/८३** | ११९७ | ११९७ | ० | ० | ३१४ | ८०३ | ११९७ | |
| **२०८३/८४** | १२२८ | १२२८ | ० | ० | ३४५ | ८८३ | १२२८ | |
| **कुल जम्मा** | **३६७५** | **३६७५** | **०** | **०** | **१०५९** | **२६१६** | **३६७५** | |

### ३.८.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको गरिबी निवारण उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ३.२४ मा प्रस्तुत गरिएको छ:

*तालिका ३.२४: गरिबी निवारण उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारण कार्यक्रम | गरिबी घटाउन विविध कार्यक्रम सञ्चालन | निरन्तर | १०५९ | गरिबी निवारणमा सहयोग |
| २ | गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम | गरिब घरपरिवारको पहिचान र तथ्याङ्क अद्यावधिक | निरन्तर | ६६२ | वास्तविक गरिबहरूको पहिचान |
| ३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | गरिबी निवारण र सामाजिक पुनर्स्थापना | निरन्तर | २४१६ | गरिब परिवारको जीवनस्तरमा सुधार, आर्थिक तथा सामाजिक उत्थान |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकामा गरिबी निवारणसँग सम्बन्धित जोखिमहरू छन्। गरिबी निवारणका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि सबै तहका सरकारले यस क्षेत्रलाई प्राथमिकता दिनुपर्छ र सोही अनुसार लगानी गर्नुपर्छ। कार्यक्रम गरिब परिवारको वास्तविक र अद्यावधिक विवरणमा आधारित हुनुपर्छ। गरिबी उन्मूलनलाई निश्चित लक्ष्यका साथ सबै कार्यक्रम र आयोजनाहरूको अन्तरसम्बन्धित क्षेत्र मान्नुपर्छ। यो वातावरण कायम गर्न असफल हुँदा अपेक्षित परिणामहरूको कमी हुन सक्छ।

जोखिम न्यूनीकरणका लागि सिफारिसहरू

क. गरिबी निवारणका प्रयासहरूलाई सफल बनाउन सार्वजनिक-निजी साझेदारीलाई प्रवर्धन गर्न आवश्यक छ। यसले स्रोतसाधनको अभावलाई पूरा गर्न र प्रभावकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुर्‍याउनेछ।

ख. गरिबी निवारणका कार्यक्रमहरूमा वास्तविक गरिबहरूको पहिचान र तिनको तथ्याङ्कलाई नियमित रूपमा अद्यावधिक गर्नुपर्नेछ।

ग. उत्पादनमूलक रोजगारीका अवसरहरू सिर्जना गरी गरिब परिवारलाई आर्थिक रूपमा सशक्त बनाउनु पर्नेछ।

घ. गरिब परिवारका सदस्यहरूको शिक्षा र सीप विकासलाई प्राथमिकता दिनुपर्नेछ। यसले उनीहरूलाई रोजगारीका अवसरहरूमा प्रतिस्पर्धी बनाउँछ।

ङ. गरिबी निवारणका कार्यक्रमहरूलाई सफल बनाउन समाजमा जागरण अभियान सञ्चालन गर्नुपर्नेछ। यसले गरिबीका समस्याहरूलाई सम्बोधन गर्न जनचेतना फैलाउन मद्दत पुर्याउँछ।

# परिच्छेद – ४ : सामाजिक विकास क्षेत्र

क्षेत्रगत लक्ष्य: आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा जस्ता सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने

## ४.१ शिक्षा विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि:

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कर्तव्य हुन आएको छ। शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सिर्जना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत् सभ्य समाजको निर्माण गर्नु नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले यस नगरपालिकाको जिम्मेवारीका साथै कर्तव्य समेत हुन आउँछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। युनस्कोद्वारा EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यसै गरी दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ४ मा “समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने,” भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ।

योजना भविष्यमा गरिने कामहरू भएकोले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरू र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तरीय सिकाइ उपलब्धि गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगार मूलक, व्यावसायिक, प्रविधि युक्त र सीप मूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सिर्जना गरी शिक्षाको अवसर प्रदान गर्नु स्थानीय तहको मुख्य भूमिका रहन गएको छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनका साथै शिक्षामा लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्ने अवस्था आएको छ। त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्व सुलभ, गुणस्तरीय, अनिवार्य एवम् नि:शुल्क बनाई आशातीत उपलब्धि गरेर यस नगरपालिकालाई शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्ने ध्येयले शिक्षा क्षेत्रको लगानीलाई सुनिश्चित गर्न यो मध्यमकालिन खर्च संरचना तयार गरिएको छ।

### ४.१.१ पृष्ठभूमि:

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता र गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कर्तव्य बनेको छ। यस नगरपालिकाले पनि शिक्षालाई प्राथमिकता दिंदै विभिन्न नीति, कानुन र कार्यविधिहरू स्वीकृत गरी कार्यान्वयन गर्दै आएको छ।

यस नगरपालिकामा स्नातक तहको अध्ययन र अध्यापन हुने क्याम्पस १ वटा, कक्षा १-१० सञ्चालित ६ वटा र कक्षा १-१२ सञ्चालित ८ वटा गरी सामुदायिक माध्यमिक विद्यालय जम्मा १४ वटा, कक्षा १-८ सञ्चालित सामुदायिक आधारभूत विद्यालय ११ वटा, कक्षा १-५ सञ्चालित सामुदायिक आधारभूत विद्यालय ३४ वटा, कक्षा १-३ सञ्चालित सामुदायिक आधारभूत विद्यालय ४१ वटा तथा कक्षा १-५ सञ्चालित धार्मिक प्रकृतिका सामुदायिक आधारभूत विद्यालय २ वटा गरी जम्मा ६५ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्। यसैगरी संस्थागतर्फ कक्षा १-५ सञ्चालित आधारभूत विद्यालय ७ वटा, कक्षा १-८

सञ्चालित आधारभूत विद्यालय ८ वटा, गुठीमा आबद्ध १ वटा सहित कक्ष १-१० सञ्चालित माध्यमिक विद्यालय जम्मा १२ वटा, कक्षा ९-१२ सञ्चालित माध्यमिक विद्यालय २ वटा र पूर्वप्राथमिक ३ वटा गरी जम्मा ३२ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन्। हाल नगरपालिका भित्र स्वावलम्बन, सूर्योदय र हातेमालो गरी ३ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। नगरपालिका भित्र ९६ वटा बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन्।

शैक्षिक वर्ष २०८० को सुरुमा सामुदायिक विद्यालय तर्फ ६५३३ जना र संस्थागत विद्यालय तर्फ ४८२१ जना गरी ११३५४ जना विद्यार्थीहरू अध्ययनरत छन्। शिक्षा क्षेत्रको विकासका लागि यस नगरपालिकाले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, भौतिक र शैक्षिक पूर्वाधारको विकास, सूचना प्रविधिको प्रयोग, शिक्षक तालिम र क्षमता विकास, विद्यालय व्यवस्थापन, तथा अनुगमन र मूल्याङ्कनका कार्यहरूलाई प्राथमिकता दिएको छ।

यस नगरपालिकाको सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमि पनि शिक्षाको अभिन्न अङ्गको रूपमा रहेको छ। किराँत/याक्थुङ, लेप्चा संस्कृतिको ऐतिहासिक धरोहर, लेप्चा संग्रहालय, गुम्बा, मठमन्दिर, साकेला, धाननाच, डम्फुनाच, च्याब्रुङ नाच, नौमति बाजा, लगायतका जातजाति भाषागत र सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्धन गरिंदै आएको छ।

नगरपालिकाले शिक्षा क्षेत्रमा गरेका प्रयासहरूले समाजमा शिक्षाको पहुँच विस्तार गर्ने, गुणस्तर सुधार गर्ने, आर्थिक विकासमा टेवा पुऱ्याउने, र स्थानीय स्तरमा नागरिकलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका खेलेको छ। शिक्षा क्षेत्रको योजनाबद्ध विकासका लागि नगर शिक्षा योजना तर्जुमा गरिएको छ। यस प्रकारका योजनाबद्ध र समन्वित प्रयासहरूले स्थानीय तहमा शिक्षा क्षेत्रको दिगो विकास र समृद्धि हासिल गर्न महत्वपूर्ण योगदान दिनेछ।

### ४.१.२ समस्या तथा चुनौती

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको सहभागिता न्यून हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल गर्न नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूलधारको रूपमा विकास गर्न नसक्नु, शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन र प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु, कक्षाकोठामा शिक्षकको पढाउने भूमिकालाई सिकाउने भूमिकामा रूपान्तरण गर्न नसक्नु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन्।

नेपालको संविधानले स्थानीय तहको अधिकारक्षेत्र भित्र माध्यमिक तहसम्मको शिक्षा रहने व्यवस्था गरे बमोजिम नगरपालिकाले शिक्षा क्षेत्रको जिम्मेवारी निर्वाह गर्नु आफैंमा चुनौतीपूर्ण रहेको छ। विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्नु, विद्यालय कर्मचारीका लागि आवश्यक पर्ने थप स्रोत साधनको व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई नगरभित्रै रही नगर विकासका क्रियाकलापमा संलग्न रहने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिकीय संरचना एवम् बाह्य बसाँइसराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु नगरपालिकाको लागि चुनौतीपूर्ण कार्य हुन्।

### ४.१.२ समस्या तथा चुनौती

सूर्योदय नगरपालिकाको शिक्षा, विज्ञान, र प्रविधि क्षेत्रमा विभिन्न समस्याहरू र चुनौतीहरू रहेका छन् । यी समस्याहरू र चुनौतीहरूले शिक्षाको गुणस्तर सुधारमा र सबैका लागि समतामूलक पहुँच सुनिश्चित गर्नमा बाधा पुऱ्याइरहेका छन् । पहिलो समस्या सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँचको कमी हो । लक्षित समूहका बालबालिकाहरूको शिक्षामा सहभागिता न्यून रहेको छ, जसले गर्दा शिक्षा पहुँचमा ठूलो असमानता देखापरेको छ ।शिक्षक व्यवस्थापन अर्को ठूलो चुनौती हो । तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, शिक्षकहरूको असमान वितरण, र विषयगत शिक्षाको अभावले शिक्षाको गुणस्तरमा प्रतिकुल प्रभाव पारिरहेको छ ।

प्राविधिक र व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको मूलधारमा ल्याउन नसकिनु पनि एक महत्त्वपूर्ण समस्या हो । विद्यार्थीहरूलाई रोजगारमूलक सीप प्रदान गर्न कठिनाइ भइरहेको छ, जसले गर्दा उनीहरूको भविष्यमा रोजगारको अवसरहरू सीमित हुन्छन् । श्रोत र पूर्वाधारको अभाव पनि ठूलो चुनौती हो । शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि पर्याप्त स्रोत र पूर्वाधारको व्यवस्था हुन नसक्नु, जस्तै उचित कक्षाकोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि सामग्री आदिको अभावले शिक्षाको गुणस्तरमा नकारात्मक असर गरेको छ । असमानता र बहिर्गमन अर्को समस्या हो । विद्यार्थीको निरन्तरता कायम राख्न नसकिनु, विद्यालय छाड्ने दर उच्च हुनु, कक्षा पार गर्नेको सङ्ख्या कम हुनु र विशेष गरी सामाजिक र आर्थिक रूपमा पछाडि परेको समूहका विद्यार्थीहरूको सहभागिता न्यून हुनु मुख्य चुनौती हो ।

पठन संस्कृतिको अभाव र जीवन पर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति र उत्तरदायित्व अभिवृद्धि गर्न नसकिनु पनि समस्याका रूपमा रहेका छन् । निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन र कक्षाकोठामा शिक्षकको पढाउने भूमिकालाई सिकाउने भूमिकामा रूपान्तरण गर्न नसक्नु जस्ता विषयहरू पनि शिक्षा क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

आधुनिक प्रविधिको प्रयोगमा पिछडिनु, शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक, बालमैत्री, र प्रविधिमा आधारित बनाउन कठिनाइ हुनु प्रमुख चुनौती हो । यी समस्याहरू र चुनौतीहरूको समाधानका लागि प्रभावकारी योजना बनाउने, समन्वय र सहकार्य गर्ने, स्रोतको व्यवस्थापन गर्ने, र नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने उपायहरू आवश्यक छन् ।

### ४.१.३ सोच

"गुणस्तरीय प्राविधिक र व्यावहारिक शिक्षाः नैतिकवान र सक्षम जनशक्ति उत्पादन हाम्रो आकाङ्क्षा"

### ४.१.४ उद्देश्य

क. शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु ।
ख. सिकाइमैत्री वातावरण निर्माण गरी व्यावसायिक, सीपमूलक र प्रविधिमूलक शिक्षामा जोड दिनु ।
ग. शैक्षिक सुशासन प्रवर्धन गर्नु ।
घ. विज्ञान तथा प्रविधि क्षेत्रको संरक्षण, संवर्द्धन र विकासमा जोड दिनु ।

### ४.१.५ रणनीति

क. सबै क्षेत्र, वर्ग, समुदाय र उमेर समूहका बालबालिकाको औपचारिक शिक्षामा प्रोत्साहन, अवसर र उत्प्रेरणामार्फत पहुँच वृद्धि गर्ने ।
ख. सिकाइमैत्री र भय तथा हिंसारहित वातावरण तयार गरी सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
ग. गुणस्तरीय सीपमूलक र रोजगारीमूलक शिक्षामा जोड दिने ।
घ. नवीनतम प्रविधिको उपयोगलाई विस्तार गर्ने ।
ङ. श्रम बजारको मागअनुसारका प्राविधिक धार थप गर्दै लैजाने ।

च. सीमान्तकृत वर्गका बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.१ : शिक्षा विज्ञान तथा प्रविधि उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्राथमिक तहमा खुद भर्ना दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरू | प्रतिशत | ९५.१ | ९६ | ९७ | ९८ | ९९ |
| छात्रवृत्ति (कुल विद्यार्थी छात्रवृत्ति पाउने विद्यार्थी अनुपात) | प्रतिशत | ३६ | ३८ | ४० | ४२ | ४४ |
| साक्षरता दर (५ वर्ष माथी) | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९६ |
| साक्षरता दर (१५ वर्ष माथी) | प्रतिशत | ९३.५ | ९४.५ | ९५ | ९६ | ९७ |
| युवा साक्षरता (१५-२४) | प्रतिशत | ९७.५ | ९८ | ९८.५ | ९९ | १०० |
| प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक भर्ना दर | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| कक्षा १ को नव प्रवेशीमध्ये पूर्व प्राथमिक शिक्षा अनुभव प्रतिशत | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| खुद भर्ना दर - आधारभूत तह | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| खुद भर्ना दर - माध्यमिक तह | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| उच्च शिक्षाको भर्ना दर | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| लैङ्गिक समता दर (विद्यालय शिक्षाको भर्ना दरमा) – आधारभूत तह | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ | १०० |
| लैङ्गिक समता दर (विद्यालय शिक्षाको भर्ना दरमा) – माध्यमिक तह | प्रतिशत | ९० | ९३ | ९५ | ९७ | १०० |
| उच्च शिक्षाको कुल भर्ना दरमा लैङ्गिक समता अनुपात | प्रतिशत | ८९ | ९० | ९२ | ९३ | ९५ |
| टिकाउ दर – आधारभूत तह | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० |
| टिकाउ दर – माध्यमिक तह | प्रतिशत | ८५ | ८८ | ९० | ९२ | ९५ |
| विद्यालय छाड्ने दर – आधारभूत तह | प्रतिशत | ५ | ४ | ३ | २ | १ |
| विद्यालय छाड्ने दर – माध्यमिक तह | प्रतिशत | १५ | ७ | ६ | ५ | ४ |
| बाल कक्षा सञ्चालन गर्ने विद्यालय | सङ्ख्या | ९५ | ९५ | ९६ | ९६ | ९६ |
| समुदायमा आधारित बाल विकास केन्द्र | सङ्ख्या | ५ | ३ | ५ | ५ | ५ |
| विद्यालयमा आधारित बाल विकास केन्द्र | सङ्ख्या | ९५ | ९६ | ९६ | ९६ | ९६ |
| कक्षा १-५ सञ्चालन भएका विद्यालय - सामुदायिक | सङ्ख्या | ३५ | ३७ | ३८ | ३९ | ४० |
| कक्षा १-५ सञ्चालन भएका विद्यालय - निजी | सङ्ख्या | ७ | ६ | ६ | ६ | ६ |
| कक्षा ६-८ सञ्चालन भएका विद्यालय - सामुदायिक | सङ्ख्या | ११ | १२ | १२ | १३ | १४ |
| कक्षा ६-८ सञ्चालन भएका विद्यालय - निजी | सङ्ख्या | ८ | ९ | ९ | १० | ११ |
| कक्षा ९-१० सञ्चालन भएका विद्यालय - सामुदायिक | सङ्ख्या | १४ | १५ | १५ | १६ | १७ |
| कक्षा ९-१० सञ्चालन भएका विद्यालय - निजी | सङ्ख्या | १२ | १३ | १३ | १४ | १५ |
| कक्षा ११-१२ सञ्चालन भएका विद्यालय - सामुदायिक | सङ्ख्या | ८ | ८ | ८ | ९ | ९ |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| कक्षा ११-१२ सञ्चालन भएका विद्यालय - निजी | सङ्ख्या | २ | ३ | ३ | ४ | ५ |
| उच्च शिक्षा | सङ्ख्या | १ | १ | १ | २ | २ |
| प्राविधिक/व्यवसायिक कक्षा सञ्चालन भएका विद्यालय | सङ्ख्या | १ | १ | ६ | ७ | ८ |
| प्रति विद्यार्थी सरकारी खर्च - आधारभूत तह | रु. हजार | ४२ | ५० | ५४ | ५६ | ६० |
| प्रति विद्यार्थी सरकारी खर्च – माध्यमिक तह | रु. हजार | ४२.३ | ४५ | ५० | ५२.५ | ५५ |
| शिक्षक विद्यार्थी अनुपात – आधारभूत तह | अनुपात | १:११ | १:१२ | १:१३ | १:१४ | १:१५ |
| शिक्षक विद्यार्थी अनुपात – माध्यमिक तह | अनुपात | १:२६ | १:२५ | १:२३ | १:२२ | १:२० |
| पेसागत तालिम प्राप्त शिक्षक - आधारभूत तह | प्रतिशत | ९८.३ | ९९ | ९९.५ | १०० | १०० |
| पेसागत तालिम प्राप्त शिक्षक – माध्यमिक तह | प्रतिशत | ९७.६ | ९८ | ९९ | ९९.५ | १०० |
| कक्षा ८ को सिकाई उपलब्धि - समग्र | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| कक्षा ८ को सिकाई उपलब्धि - अङ्ग्रेजी | प्रतिशत | ६२ | ६५ | ६८ | ७० | ७५ |
| कक्षा ८ को सिकाई उपलब्धि - गणित | प्रतिशत | ४३ | ५० | ५५ | ५८ | ६० |
| कक्षा ८ को सिकाई उपलब्धि – विज्ञान | प्रतिशत | ५५ | ६० | ६५ | ६८ | ७० |
| कक्षा ८ को सिकाई उपलब्धि - नेपाली | प्रतिशत | ६४ | ६८ | ७० | ७२ | ७५ |
| माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी | सङ्ख्या | ५०० | ६०० | ७०० | ७५० | ८०० |
| स्वच्छ पिउने पानी सुविधा भएको विद्यालय | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| सरसफाइ सुविधा सहितको शौचालय भएको विद्यालय | प्रतिशत | ९० | ९५ | ९८ | १०० | १०० |
| इन्टरनेट सुविधा पहुँच भएको विद्यालय | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |
| माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात | प्रतिशत | १० | १२ | १५ | १८ | २० |
| विद्यूतीय प्रणालीबाट लेखापालन गर्ने विद्यालय | प्रतिशत | ५० | ६० | ७० | ९० | १०० |
| ई-हाजिरी कार्यान्वयन गर्ने सामुदायिक विद्यालय | प्रतिशत | ४० | १०० | १०० | १०० | १०० |
| विद्यालय सुधार योजना तर्जुमा गरेका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कार्य सम्पादन करार सम्झौता गर्ने विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| भौतिक सम्पत्तिको विवरण अध्यावधिक भएका विद्यालय | प्रतिशत | ६० | ९० | ९० | ९५ | १०० |
| विज्ञान प्रयोगशाला भएका माध्यमिक विद्यालय | प्रतिशत | ८० | ९० | ९५ | ९७ | १०० |
| आइ.सि.टि. ल्याब भएका विद्यालय | प्रतिशत | ३० | ४० | ५० | ७५ | १०० |
| अनलाईन कक्षा सञ्चालन गर्ने विद्यालय | प्रतिशत | २० | ३० | ५० | ६५ | ८० |
| धुलो रहित कक्षाकोठा भएका विद्यालय | प्रतिशत | ५० | ६० | ७५ | ८५ | १०० |
| स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| मातृभाषामा अध्यापन गर्ने विद्यालय | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| सामुदायिक सिकाइ केन्द्र | वटा | ३ | ३ | ५ | ७ | १० |

### ४.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | बजेटको स्रोत |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| **२०८१/८२** | ३७५४०३ | ३५४८६६ | २०५३७ | | ४१०७७ | ३३३२२६ | ११०० | |
| **२०८२/८३** | ४००६६१ | ३८०८४७ | १९८१४ | | ३२९०२ | ३६६५४९ | १२१० | |
| **२०८३/८४** | ४३९९७५ | ४१८१९४ | २१७८१ | | ३५४४० | ४०३२०४ | १३३१ | |
| **कुल जम्मा** | **१२१६०३९** | **११५३९०७** | **६२१३२** | | **१०९४१९** | **११०२९७९** | **३६४१** | |

### ४.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको शिक्षा, विज्ञान तथा प्रविधि उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ४.३ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय पूर्वाधार र मर्मत सम्भार | विद्यालयको पूर्वाधार सुधार र मर्मत सम्भार | २०८१/८२ - २०८३/८४ | २९६६३ | शिक्षाको गुणस्तर सुधार |
| २ | शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन | शिक्षक र विद्यालय कर्मचारीहरूको उचित व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | ३१५९७ | शिक्षण कार्यमा सुधार |
| ३ | छात्रवृत्ति | विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने | २०८१/८२ - २०८३/८४ | १२३१६ | आर्थिक सहयोगद्वारा शिक्षा प्राप्तिमा सहयोग |
| ४ | शैक्षिक विकास कार्यक्रम | शैक्षिक विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन | २०८१/८२ - २०८३/८४ | ११२५६ | शिक्षाको गुणस्तर सुधार |
| ५ | भाषा, कला, साहित्य र संस्कृति संरक्षण | स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण | २०८१/८२ - २०८३/८४ | ४५०२ | स्थानीय संस्कृति तथा कलाको संरक्षण |
| ६ | अतिरिक्त क्रियाकलाप | अतिरिक्त शैक्षिक क्रियाकलापहरूको सञ्चालन | २०८१/८२ - २०८३/८४ | २५१६ | विद्यार्थीहरूको सर्वाङ्गीण विकास |
| ७ | शैक्षिक व्यवस्थापन | शैक्षिक व्यवस्थापनका कार्यक्रमहरूको सञ्चालन | २०८१/८२ - २०८३/८४ | ८३४३ | शैक्षिक व्यवस्थापनमा सुधार |
| ८ | सबैका लागि शिक्षा – आधारभूत तह | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | २०८१/८२ - २०८३/८४ | ६४८३९६ | आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह, शिक्षकको तलब भत्ता व्यवस्थापन, तथा शिक्षाको पहुँच विस्तार |
| ९ | सबैका लागि शिक्षा – माध्यमिक तह | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | २०८१/८२ - २०८३/८४ | १८१०२१ | माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह, शिक्षकको तलब भत्ता व्यवस्थापन, तथा शिक्षाको पहुँच विस्तार |
| १० | विद्यालय शिक्षा क्षेत्र योजना | विद्यालय शिक्षा क्षेत्रको स्तरोन्नति, शिक्षण सामग्रीको व्यवस्थापन, शिक्षण सहयोग, छात्रवृत्ति, शैक्षिक सुशासन, र | २०८१/८२ - २०८३/८४ | २०६०७४ | शिक्षा प्रणाली सुधार, शिक्षक र विद्यार्थीहरूको प्रोत्साहन, शिक्षण सामग्रीको व्यवस्थापन, शैक्षिक |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | विद्यार्थीहरूको स्वास्थ्य तथा सुविधा सुधार | | | संस्थाको क्षमता विकास, विद्यार्थीहरूको स्वास्थ्य र सुविधा सुधार |
| ११ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | प्राविधिक शिक्षा र व्यवसायिक तालिमका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेर स्थानीय स्तरमा रोजगार र सीप विकास | २०८१/८२ - २०८३/८४ | ३१०७८ | सीपयुक्त जनशक्ति निर्माण, तालिममा सहभागिता वृद्धि, व्यवसायिक मार्गनिर्देशन |
| १२ | सूर्योदय इनोभेसन सेन्टर | शिक्षा प्रवर्धन गर्न, अनुसन्धान र विकासका लागि इनोभेसन सेन्टर स्थापना | २०८१/८२ - २०८३/८४ | ३६४१० | शिक्षा, अनुसन्धान र विकासमा प्रवर्धन, नवाचारको प्रोत्साहन |
| १३ | सामाजिक विकास मन्त्रालय | करफोक विद्या मन्दिर ब. क्याम्पसलाई अनुदान, कृष्णाश्रम मा.वि. कन्याम, सूर्योदय ७ | २०८१/८२ - २०८३/८४ | ३६४१ | शैक्षिक संस्थाको सुदृढीकरण, भवन निर्माण, शैक्षिक पूर्वाधार सुधार |
| १४ | वडास्तरीय कार्यक्रमहरू | सामुदायिक विद्यालयहरूको भौतिक संरचना सुधार, शिक्षकहरूको क्षमता अभिवृद्धि, र विद्यार्थीहरूको समग्र विकास | २०८१/८२ - २०८३/८४ | ८६०० | सुरक्षित शैक्षिक वातावरण, गुणस्तरीय शिक्षा, विद्यार्थीहरूको सिर्जनशीलता र शारीरिक विकास |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

शिक्षा क्षेत्रको विकासका क्रममा विभिन्न प्रकारका जोखिमहरू र अवरोधहरू सामना गर्नुपर्ने हुन्छ । शिक्षा क्षेत्रमा प्रविधिको विस्तारसँगै जोखिम पनि बढ्दै गएको छ । सङ्घीय शिक्षा ऐन र नियमावली समयसापेक्ष जारी र परिमार्जन गरी पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरहरू उपलब्ध गराउने प्रयास भइरहे पनि निम्न जोखिमहरू विद्यमान छन्:

जोखिम पक्ष:

- क. शैक्षिक पूर्वाधारको अभाव, उचित कक्षाकोठा, शौचालय, पुस्तकालय, प्रयोगशाला, खेल मैदान र अन्य आवश्यक भौतिक पूर्वाधारको अभाव ।
- ख. योग्य, पेसागत तालिम प्राप्त र समर्पित शिक्षक तथा कर्मचारीहरूको अभाव ।
- ग. शिक्षामा पर्याप्त बजेट विनियोजन नहुनु, शिक्षा क्षेत्रमा लगानीको न्यूनता, छात्रवृत्तिको कमी ।
- घ. ग्रामीण क्षेत्रका विद्यालयहरूमा इन्टरनेट र अन्य सूचना तथा सञ्चार प्रविधिको पहुँचको कमी ।
- ङ. सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूबीच समन्वयको अभाव, गैरसरकारी संस्था र निजीक्षेत्रसँगको सहकार्यमा कमी ।
- च. शिक्षा प्रति समाजमा रहेको विभिन्न प्रकारका सांस्कृतिक र सामाजिक अवरोधहरू, बालविवाह, लैङ्गिक भेदभाव ।
- छ. प्राकृतिक विपद्, महामारी, राजनीतिक अस्थिरता, आर्थिक मन्दीले शिक्षा क्षेत्रमा पर्ने नकारात्मक प्रभाव ।

जोखिम न्यूनीकरणका सिफारिसहरू:

- क. विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्न सरकारी तथा गैरसरकारी स्रोतसाधनको अधिकतम परिचालन गर्नुपर्नेछ । सङ्घ, प्रदेश, स्थानीय तह र निजीक्षेत्रको सहकार्यमा पूर्वाधार विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- ख. योग्य शिक्षकहरूको उत्पादन, उनीहरूको नियमित तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ । पेसागत तालिम प्राप्त शिक्षकको सुनिश्चितता गर्नुपर्नेछ ।

ग. शिक्षामा पर्याप्त बजेट विनियोजन गरिनुपर्दछ। विभिन्न दातृ निकाय, गैरसरकारी संस्था तथा निजीक्षेत्रसँग सहकार्य गरी शिक्षा क्षेत्रका कार्यक्रमहरूका लागि स्रोतसाधन जुटाउन पहल गर्नुपर्नेछ।

घ. सबै विद्यालयहरूमा इन्टरनेट तथा अन्य सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गर्नुपर्छ। विद्युतीकरण, ई-लर्निङ, ई-हाजिरी तथा अन्य डिजिटल शिक्षा कार्यक्रमहरू लागु गर्नुपर्नेछ।

ङ. सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरूबीच समन्वय मजबुत बनाउनुका साथै गैरसरकारी संस्था र निजीक्षेत्रसँगको सहकार्यलाई प्रवर्धन गर्नुपर्नेछ।

च. समाजमा शिक्षा प्रति सकारात्मक दृष्टिकोण विकास गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ। लैङ्गिक समानता, बालविवाह र अन्य सामाजिक अवरोधहरूलाई न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।

छ. प्राकृतिक विपद्, महामारी, राजनीतिक अस्थिरता तथा अन्य आकस्मिक घटनाहरूको जोखिम व्यवस्थापनका लागि पूर्वतयारी र योजना बनाउनु आवश्यक छ। विपद् प्रतिकार्य योजना, शिक्षालाई निरन्तरता दिने वैकल्पिक उपायहरूको विकास गर्नुपर्नेछ।

यी सिफारिसहरूलाई कार्यान्वयन गर्दै जाने हो भने शिक्षा क्षेत्रमा देखापर्ने जोखिमहरूलाई न्यूनीकरण गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सम्भव हुनेछ। शिक्षा क्षेत्रको विकास र जोखिम व्यवस्थापनका लागि दिगो र सर्वाङ्गीण योजना आवश्यक छ। सङ्घ, प्रदेश, स्थानीय तह, गैरसरकारी संस्था तथा निजीक्षेत्रको संयुक्त प्रयासले मात्र शिक्षा क्षेत्रको लक्ष्य प्राप्त गर्न सकिन्छ। नियमित अनुगमन, मूल्याङ्कन र सुधारका उपायहरूलाई निरन्तर लागु गर्नुपर्नेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानको कार्य विस्तृतीकरणमा उल्लेख भए अनुसार उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै गुणस्तरीय आधारभूत स्वास्थ्य,पोषण तथा सरसफाइ सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु नगरपालिकाको दायित्व हो। स्वास्थ्य र विकास बीच अन्योन्याश्रित सम्बन्ध भएकोले स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकका रुपमा लिइन्छ। नगरपालिकाको अथक प्रयासका बाबजुद अझै पनि विपन्न एवम् दुरदराजका नागरिकहरू अत्यावश्यक र आधारभूत स्वास्थ्य सुविधाबाट बञ्चित रहेका छन्। गुण्स्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई पालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न नगरपालिकाले आवश्यकता महसुस गरेको छ। बढ्दो क्रममा रहेका सरुवा तथा नसर्ने रोगहरूको प्रभाव नियन्त्रण गर्नु र विपद्जोखिमको समयमा तत्काल सेवा पुऱ्याउनु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउने यस नगरपालिकाले दायित्वबोध गरेको छ।

स्वास्थ्यका दृष्टिले यस नगरपालिका क्षेत्र भित्र १ वटा नगर अस्पताल, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र ,६ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा सहरी स्वास्थ्य केन्द्र रहेका छन। कोशी प्रदेश अन्तर्गतको एउटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र समेत यसै नगरपालिका भित्र रहेको छ। यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू मध्ये पाँच वटामा बर्थिङ्ग सेन्टर सञ्चालनमा रहेको र ६ वटा स्वास्थ्य संस्थामा ल्याब सेवा सञ्चालन गरिएको छ भने यस नगरपालिकामा ३५ वटा गाउँघर क्लिनिक र ३४ वटा खोप केन्द्रहरू सञ्चालनमा रहेका छन्।

आ.व. २०७९/८० मा नगरपालिकाभित्रका वर्थिङ सेन्टरमा दक्ष प्रसूतिकर्मीको सहयोगमा सुरक्षित प्रसूति हुनेको सङ्ख्या १० प्रतिशत र घरमा सुत्केरी भएको सङ्ख्या ०.७७ प्रतिशत रहेको देखिन्छ भने महिला स्वस्थ्य स्वयंसेविकाहरूको सहयोगमा लिईएको तथ्याङ्क अनुसार नगर भित्र र बाहिर गरी कुल संस्थागत प्रसूतिको सङ्ख्या ९६.४ प्रतिशत रहेको छ। वार्षिक मृत्यु हुने पाँच वर्षमुनिका बालबालिका प्रति हजार ०.५७ रहेको छ। स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका घरपरिवार चालु आ.व. २०८०/८१ को चैत्र सम्ममा ५७.१० प्रतिशत रहेको छ भने स्वास्थ्यकर्मीको घनत्व हेर्दा १:७२१ ,चिकत्सकको १:१८७४८,नर्सिङको १:१६०७ र पारामेडिक्सको १:१४०६ रहेको छ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवम् कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी सङ्घीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई ठिक ढङ्गले सम्बोधन गरेर नगरबासीको स्वास्थ्य प्रवर्धन,संरक्षण, सुधार गर्न आवश्यक छ।

### ४.२.२ समस्या तथा चुनौती

मानव स्वस्थ्यमा सामान्य देखि गम्भिर असर पार्ने खालका विभिन्न जोखिमहरू दिनानुदिन बढ्दो क्रममा रहेको देखिन्छ। यिनै जोखिमहरूका कारण यस नगरपालिकामा पनि नसर्ने रोगको बढ्दो प्रभाव, अस्वस्थकर जीवनशैली, बालबालिका तथा महिलाहरू,जेष्ठ नागरिक साथै अन्य विभिन्न लक्षित समूहका नागरिकहरूमा स्वास्थ्य समस्याहरू चुनौतीपूर्ण हुँदै आएको देखिन्छ। स्वास्थ्य सेवा प्रवाह गर्ने क्षमता, उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ। स्वास्थ्य संस्थाबाट प्रवाह हुने नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि कमजोरीहरू रहेको महसुस गरिएको छ। स्वास्थ्य बीमा सबै नगरबासीको पहुँचको कमी, स्वास्थ्यसम्बन्धी जनचेतनाको कमी र विशिष्टिकृत स्वास्थ्य सेवाको कमी यस क्षेत्रका मुख्य समस्याहरू हुन्। रोगको नियन्त्रण, अस्वस्थकर जीवनशैलीमा सुधार, विशिष्टकृत स्वास्थ्य सेवामा पहुँच र गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु स्वास्थ्य तथा पोषणको क्षेत्रका मुख्य चुनौतीका रूपमा रहेका छन्।

### ४.२.३ सोच

"स्वास्थ्य बीमा र निशुल्क उपचारः आधारभूत स्वास्थ्य जनताको अधिकार"

### ४.२.४ उद्देश्य

क. सर्वसुलभ, गुणस्तरीय तथा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको सन्तुलित विकास तथा विस्तार गर्नु।

ख. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु।

ग. पोषण तथा जनस्वास्थ्यका लागि नगरवासीको जीवनशैली सुधार गर्नु।

### ४.२.५ रणनीति

**स्वास्थ्य सेवाको पहुँच र गुणस्तर वृद्धि:**

क. सबै वडाका स्वास्थ्य संस्थाहरू मार्फत नि:शुल्क आधारभूत स्वास्थ्य सेवाहरू उपलब्ध गराउने।

ख. विपन्न, गर्भवती, सुत्केरी, र प्राथमिकतामा परेका लक्षित वर्गलाई सहुलियतमा स्वास्थ्य बीमा उपलब्ध गराउने।

ग. आकस्मिक स्वास्थ्य सेवाको दोहोरो प्रेषण र एम्बुलेन्स सेवाको व्यवस्था गराउने।

**स्वास्थ्य व्यवस्थापन र सूचना प्रणाली:**

घ. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजिटलाइज गराउने।

ङ. सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड रस्तरीय उपचार पद्धति लागु गर्ने।

**स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धि:**

च. स्वास्थ्य जनशक्तिहरूको उच्च शिक्षा, सेवाकालिन तालिम, र निरन्तर पेसागत तालिमको व्यवस्था गराउने।

छ. स्वास्थ्य सेवामा स्वयंसेवकहरूको परिचालन र व्यवस्थापन गराउने।

**सामाजिक स्वास्थ्य सचेतना र पोषण:**

ज. स्वस्थ्य जीवनशैली प्रवर्धन गर्न स्वास्थ्य सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।

झ. विद्यालय स्वास्थ्य कार्यक्रम र पोषण शिक्षा विस्तार गर्ने।

ञ. स्वस्थ्य सम्बन्धी सन्देश र सामग्रीको उत्पादन, प्रसारण, र सम्प्रेषण वैज्ञानिक र व्यवस्थित गराउने।

**प्राकृतिक प्रकोप र रोग नियन्त्रण:**

ट. विपद् र महामारीको तत्काल सम्बोधनका लागि तयारी र घुम्ती स्वास्थ्य सेवाको व्यवस्था गराउने।

ठ. सरुवा रोगहरूको निगरानी, रोकथाम, र नियन्त्रण गराउने।

ड. लागुपदार्थ नियन्त्रण र मदिराको प्रयोग निरुत्साहित गराउने।

**स्वास्थ्यमा बहुक्षेत्रीय समन्वय:**

ढ. वातावरण, सरसफाइ, खानेपानी, र खाद्य पदार्थहरूको निगरानी प्रणाली लागु गर्ने।

ण. औषधीजन्य जडिबुटीको पहिचान, संरक्षण, र प्रवर्धन गराउने।

**स्वास्थ्य नीति, कानुन, र सेवाग्राही अधिकार:**

त. स्वास्थ्य सेवा सम्बन्धी आवश्यक नीति, कानुन, कार्यविधि, योजना, र कार्यक्रम तर्जुमा गरी लागु गर्ने।

थ. सेवाग्राहीको उजुरी, गुनासो, र सुझाव सुनुवाईको व्यवस्था गराउने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.४ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.४ : स्वास्थ्य तथा पोषण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| नियमित तौल अनुगमन गर्ने २ वर्ष मुनिका बालबालिकाहरूको औषत तौल अनुगमन | पटक | ४.६७ | ११ | १५ | १८ | २१ |
| दुई वर्ष मुनिका कम तौल भएका बालबालिका सङ्ख्या | प्रतिशत | ०.२८ | ०.७१ | ० | ० | ० |
| पाँच वर्ष मुनिका बालबालिकामा श्वास-प्रश्वास सङ्क्रमण दर | प्रतिहजार | ८०७.६ | ५०५ | ४९० | ४७० | ४५० |
| पाँच वर्ष मुनिका बालबालिकामा निमोनिया सङ्क्रमण दर | प्रतिहजार | २२२.७ | १५७.३ | १०० | ८० | ७५ |
| पाँच बर्ष मुनिका बालबालिकामा झाडापखाला सङ्क्रमण दर | प्रतिहजार | ८२.५ | ७०.५ | ६० | ५० | ४० |
| परिवार नियोजन आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | २३.८ | २५.५ | २८ | ३१ | ३५ |
| प्रोटोकल अनुसार चार पटक पूर्वप्रसूति सेवा प्राप्त गर्ने गर्भवती महिलाहरू | प्रतिशत | ६४.१ | ६५ | ६८ | ७० | ७५ |
| गर्भवती अवस्थामा १८० चक्की आइरन चक्की खाने महिलाहरू | प्रतिशत | ५९.४ | ६० | ६५ | ७० | ७५ |
| सुत्केरी पछिको ४५ दिन सम्म आइरन चक्की खाने महिलाहरू | प्रतिशत | ६३.९८ | ६४ | ७० | ७५ | ८० |
| प्रोटोकल अनुसार ३ पटकको सुत्केरी जाँच गर्ने महिलाहरू | प्रतिशत | ४५.५३ | ६० | ८० | ९० | ९० |
| घरमै सुत्केरी हुने महिलाहरूको सङ्ख्या | प्रतिशत | २.८२ | २.३१ | ० | ० | ० |
| Penta भ्याक्सिनको तीन मात्रा लगाउँने बच्चाहरूको सङ्ख्या | प्रतिशत | ९६.४ | ९७ | ९८ | ९८ | ९८ |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका बालबालिका सङ्ख्या | प्रतिशत | ९६ | ९७ | ९९ | ९९ | ९९ |
| गर्भवती महिलाहरूले TD2 and TD2+ खोप लगाउँने महिलाहरूको सङ्ख्या | प्रतिशत | ६६.७ | ६८ | ७५ | ८५ | ९० |
| स्वास्थ्य क्षेत्रको कुल खर्च | प्रतिशत | ८५.१६ | ९० | ९५ | ९५ | ९५ |
| क्षयरोग सङ्क्रमण दर | प्रति लाखमा | ३३.८ | ५५ | ६० | ६३ | ६५ |
| स्वास्थ्य बीमामा आबद्ध भएका नागरिकहरूको सङ्ख्या | जनामा | २३६२२ | ३०८७६ | ३२००० | ३५००० | ४०००० |

### ४.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ९९८८६५०० | ९७६३६५०० | २२५० | | २७१०० | ७२७८६५०० | ० | |
| **२०८२/८३** | १०२२५० | १००४८२ | १७६८ | | २२१८५ | ८००६५ | ० | |
| **२०८३/८४** | १११४५२ | १०९५११ | १९४१ | | २३३८२ | ८८०७० | ० | |
| **कुल जम्मा** | **३१३५८८५००** | **३०७६२९५००** | **५९५९** | | **७२६६७** | **२४०९२१५००** | **०** | |

## ४.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको स्वास्थ्य तथा पोषण उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.६: स्वास्थ्य तथा पोषण उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्यकर्मी व्यवस्थापन र परिचालन | सेवा करारका स्वास्थ्यकर्मीहरूको उचित व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | २७३३३ | स्वास्थ्य सेवा प्रभावकारी बनाउने |
| २ | मातृशिशु तथा वालस्वास्थ्य सेवा | मातृशिशु र बालबालिकाको स्वास्थ्य सेवा सुधार | २०८१/८२ - २०८३/८४ | ३५७५ | मातृशिशु र बालबालिकाको स्वास्थ्यमा सुधार |
| ३ | रोकथाम र नियन्त्रण | नसर्ने र सङ्क्रामक रोगहरूको रोकथाम | २०८१/८२ - २०८३/८४ | ५९५९ | रोग नियन्त्रण तथा जनस्वास्थ्य सुधार |
| ४ | स्वास्थ्य पूर्वाधार र व्यवस्थापन | स्वास्थ्य संस्थाको पूर्वाधार विकास | २०८१/८२ - २०८३/८४ | ३०८८२ | स्वास्थ्य संस्थाको सेवा स्तर उन्नति |
| ५ | प्राथमिक स्वास्थ्य सेवा | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरूमा कार्यरत स्थायी कर्मचारीहरूको स्वीकृत दरबन्दी अनुसारको तलव, महगी भत्ता र पोसाक भत्ता | २०८१/८२ - २०८३/८४ | १८७६५० | स्वास्थ्य सेवा सुधार |
| ६ | महामारी रोग नियन्त्रण | महामारी रोगहरूको नियन्त्रण, रोकथाम र स्वास्थ्य जागरूकता सुधार | २०८१/८२ - २०८३/८४ | २११८ | रोग प्रकोप न्यूनीकरण, स्वास्थ्य सेवा प्रवाह सुधार, जनस्वास्थ्य सुधार |
| ७ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पोषणमैत्री स्थानीय शासन प्रवर्धन | २०८१/८२ - २०८३/८४ | ९९३ | स्थानीय स्तरमा पोषणको सुधार, पोषणसम्बन्धी जनचेतना वृद्धि, स्वास्थ्यमा सुधार |
| ८ | परिवार कल्याण कार्यक्रम | प्रजनन् स्वास्थ्य सेवा, परिवार योजना सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा, पोषण कार्यक्रम, मातृ तथा नवशिशु स्वास्थ्य सेवाको सुदृढीकरण | २०८१/८२ - २०८३/८४ | १५६५३ | मातृ र नवजात शिशुको स्वास्थ्य सुधार, किशोरकिशोरीको स्वास्थ्यमा वृद्धि, पोषण स्तरमा सुधार, परिवार योजना सेवामा वृद्धि |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ९ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र | सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनीकरण, स्वस्थ पालिका सम्बन्धी छलफल/ बैठक कार्यक्रम, सामाजिक व्यवहार परिवर्तन कार्यक्रम | २०८१/८२ - २०८३/८४ | ३३१ | सुर्तिजन्य पदार्थ र मध्यपान सेवनको कमी, स्वस्थ पालिका निर्माण, सामाजिक व्यवहार परिवर्तन |
| १० | क्षयरोग नियन्त्रण | क्षयरोग नियन्त्रण, औषधि एवम् ल्याब सामग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङ, विश्व क्षयरोग दिवस कार्यक्रम, घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम | २०८१/८२ - २०८३/८४ | ७९१ | क्षयरोग नियन्त्रणमा वृद्धि, समुदायमा क्षयरोग बारे सचेतना, औषधि तथा ल्याब सामग्रीको प्रभावकारी व्यवस्थापन |
| ११ | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई प्रोत्साहन, पोसाक र यातायात खर्च व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | १२८१६ | महिला स्वास्थ्य स्वयंसेविकाहरूको सक्रियता र सहभागिता वृद्धि, स्वास्थ्य सेवा पहुँचमा सुधार |
| १२ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेसन तथा भ्यालिडेसन एवम् अर्धवार्षिक र वार्षिक समीक्षा | २०८१/८२ - २०८३/८४ | ९२७ | स्वास्थ्य तथ्याङ्कको गुणस्तरमा सुधार, विश्वसनीय डाटा व्यवस्थापन, समिक्षा प्रक्रियामा सुधार |
| १३ | उपचारात्मक सेवा कार्यक्रम | AMR सम्बन्धी सचेतना कार्यक्रम, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद, स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम | २०८१/८२ - २०८३/८४ | ५८१६ | AMR सम्बन्धी सचेतना वृद्धिमा सुधार, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको उपलब्धता र गुणस्तरमा वृद्धि, स्वास्थ्य चौकीहरूको सेवा मापदण्ड सुधार |
| १४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | गम्भीर रोगहरू जस्तै मृगौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर, र मेरूदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचार खर्चमा सहयोग | २०८१/८२ - २०८३/८४ | १३८२७ | गम्भीर रोगीहरूको आर्थिक भार घट्ने, स्वास्थ्य सेवा पहुँच वृद्धि |
| १५ | वडास्तरीय कार्यक्रमहरू | क्षमता अभिवृद्धि, पोषण सुधार, अनुभव आदानप्रदान, सफा व्यवस्थापन, स्वास्थ्य सामग्री उपलब्धता, स्वास्थ्य सेवा सुधार | २०८१/८२ - २०८३/८४ | ४०२६ | स्वास्थ्य सेवामा सुधार, पोषणमा सुधार, स्थानीय स्तरमा पोषण सम्बन्धी सचेतना, अनुभव आदानप्रदान, सफा र स्वस्थ वातावरण, स्वास्थ्य सामग्रीको उपलब्धता, स्वास्थ्य सेवा सुविधामा सुधार |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिकाले सर्वव्यापी पहुँचयोग्य, गुणस्तरीय र निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको स्थापना गरी स्वास्थ्य तथा पोषण क्षेत्रको सुधारका लागि पहल गरिरहेको छ। यद्यपि चुनौती र जोखिमहरू रहेका छन्, जसलाई समाधान गर्न आवश्यक छ।

क. स्वास्थ्य सेवामा आवश्यक पर्याप्त बजेटको अभाव मुख्य चुनौती हो। सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरू बीच समन्वय र साझेदारीको माध्यमबाट स्रोतको अधिकतम परिचालन गर्नुपर्छ।

ख. स्वास्थ्य सेवामा दक्ष जनशक्ति र विशेषज्ञहरूको अभाव छ। यो समस्या समाधान गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि, तालिम तथा शिक्षा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ।

ग. स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधारको कमी रहेको छ। यसलाई सुधार गर्न नयाँ स्वास्थ्य केन्द्रहरूको स्थापना, विद्यमान केन्द्रहरूको मर्मतसम्भार र उपकरणहरूको व्यवस्थापन गर्न आवश्यक छ।
घ. सबै नगरवासीको स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न चुनौती छ। स्वास्थ्य सेवा सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै सेवा प्रदायक र सेवाग्राहीबीचको सम्बन्ध सुधार गर्नुपर्छ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

नगरपालिकाहरूले आफ्ना नागरिकहरूका लागि स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सुविधाहरूमा पहुँच सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । सूर्योदय नगरपालिकाले सङ्घीय सरकारको सहयोगमा ठुला खानेपानी आयोजना कार्यान्वयनमा ल्याएको छ र नियमित मर्मतसम्भारको काम व्यवस्थित रूपमा भइरहेको छ । तर, ५२ प्रतिशत घरपरिवारमा मात्रै स्वच्छ खानेपानीको पहुँच भएकाले सबै सहरवासीका लागि स्वच्छ खानेपानीको पहुँच अझै चुनौतीपूर्ण छ । त्यस्तै ९७ प्रतिशत घरपरिवारमा शौचालय रहेको छ भने ९ प्रतिशत घरपरिवारमा सेफ्टी ट्याङ्कीसहितको शौचालय छैन ।

### ४.३.२ समस्या तथा चुनौती

यस क्षेत्रका प्रमुख समस्याहरू पानीका स्रोतहरू, सरसफाइ अभ्यासहरू, र सबै सहरवासीहरूको लागि सफा पानीको पहुँचको अभाव हो । नगरपालिकाले ठुला खानेपानी आयोजना सञ्चालन गरे पनि सबै नगरवासीका लागि स्वच्छ खानेपानीको पहुँच अझै स्थापित हुन सकेको छैन । सरसफाइ र स्वच्छ खानेपानीको दिगो व्यवस्थापन पनि महत्वपूर्ण चुनौतीहरू हुन् । साथै, सार्वजनिक स्तरमा सरसफाइप्रति चेतनाको कमी हुँदा बजार र पर्यटकीय क्षेत्रको सरसफाइमा समस्या छ ।

यी समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न नगरपालिकाले स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सुविधामा पहुँच विस्तारमा ध्यान दिन जरुरी छ । उनीहरूले पानीका स्रोतहरू पहिचान गरी संरक्षण गर्नुपर्छ र उचित शौचालय नभएका विशेष गरी गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि पक्की शौचालय निर्माण गर्नुपर्छ । नगरपालिकाले बजार र नागरिक बढी भेला हुने सार्वजनिक स्थानमा पनि सार्वजनिक शौचालयको व्यवस्था गर्नुपर्छ ।

### ४.३.३ सोच

“स्वच्छ खानेपानी र सरसफाइको अभियानः मानव जीवनको पहिचान”

### ४.३.४ उद्देश्य

क. सबै नगरवासीलाई खानेपानी तथा सरसफाईं सुविधा उपलव्ध गराउनु ।
ख. स्वच्छ खानेपानी र सरसफाईं कार्यलाई दिगो तथा व्यवस्थित गराउनु ।

### ४.३.५ रणनीति

क. स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइ सुविधामा पहुँच विस्तार गर्ने ।
ख. खानेपानीको स्रोत तथा मूलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।
ग. गरिबीको रेखामुनि रहेका व्यवस्थित शौचालय विहीन घरधुरीका लागि पक्की शौचालय निर्माण गर्न सहयोग गर्ने ।
घ. नागरिकको बढी जमघट हुने बजार तथा सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयको प्रबन्ध गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.७ मा प्रस्तुत गरिएको छः

*तालिका ४.७ : खानेपानी तथा सरसफाइ उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या | प्रतिशत | ६२ | ६५ | ७० | ७५ | ८० |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | १०० |
| आधारभूत खानेपानी सेवामा पहुँच उपलब्ध घरपरिवार | प्रतिशत | ९७.५ | ९८ | ९९ | १०० | १०० |
| आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या/घरधुरी | प्रतिशत | ८६ | ८८ | ९० | ९२ | ९५ |
| उच्च/मध्यम स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या/घरधुरी | प्रतिशत | ५२ | ५४ | ६० | ६५ | ७० |
| आधारभूत तहको सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या/घरधुरी | प्रतिशत | ९१ | ९३ | ९५ | ९७ | ९९ |
| सफा शौचालय सुविधा भएका विद्यालयहरू | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| स्वास्थ्यकर हात धुने सुविधा भएका घरपरिवार | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| ठोस फोहरमैला व्यवस्थापन कार्यक्रम समावेश गरिएको घरपरिवार | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| धारामा स्थायी रुपमा पानी आपूर्ति हुने दिनको सङ्ख्या | दिन | १५० | १८० | २०० | २२० | २४० |
| खानेपानी परियोजनामा लिङ्ग र समावेशीता संवेदनशीलता समावेश भएका कार्यक्रमहरू | सङ्ख्या | ५ | ६ | ७ | ८ | १० |

### ४.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाइ उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.८ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.८ : खानेपानी तथा सरसफाइ उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ६५८९ | २०० | ६३८९ | | ६५८९ | ० | ० | |
| **२०८२/८३** | ५१७७ | १५७ | ५०२० | | ५१७७ | ० | ० | |
| **२०८३/८४** | ५६८५ | १७३ | ५५१२ | | ५६८५ | ० | ० | |
| **कुल जम्मा** | **१७४५१** | **५३०** | **१६९२१** | | **१७४५१** | **०** | **०** | |

### ४.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको खानेपानी तथा सरसफाइ उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ४.९ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.९: खानेपानी तथा सरसफाइ उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी संयन्त्र व्यवस्थापन | खानेपानी सेवा व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | ५३० | स्वच्छ खानेपानी सेवा सुनिश्चितता |
| २ | खानेपानी आयोजना र पूर्वाधार विकास | खानेपानी आयोजना र पूर्वाधारको विकास | २०८१/८२ - २०८३/८४ | १०५९४ | खानेपानी पूर्वाधारमा सुधार |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | खानेपानीको स्रोत संरक्षण र व्यवस्थापन | पानीको स्रोतको संरक्षण र व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | १५८९ | स्वच्छ पानीको स्रोत संरक्षण |
| ४ | वडास्तरीय खानेपानी आयोजनाको मर्मत सम्भार | खानेपानी मर्मत, मुहान संरक्षण, ट्याङ्की निर्माण | २०८१/८२ - २०८३/८४ | ४७३८ | निरन्तर खानेपानी सेवा, सुरक्षित खानेपानी स्रोत, प्रशस्त खानेपानी आपूर्ति |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

स्वच्छ खानेपानी र सरसफाइको लक्ष्य हासिल गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीचको सहकार्य र साझेदारी महत्त्वपूर्ण छ । तर, खानेपानीको स्रोतमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, आयोजनाको ढिलो कार्यान्वयन, अन्तरसरकारी सहयोगको अभाव र सरसफाइमा समुदायस्तरको चेतनाको अभावले खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित उपलब्धि हासिल गर्न कठिन हुन सक्छ । तसर्थ, नागरिकहरूमा चेतना जगाएर, अन्तरसरकारी सहयोग अभिवृद्धि गरी र प्रभावकारी रूपमा परियोजनाहरू कार्यान्वयन गरेर यी जोखिमहरूलाई न्यूनीकरण गर्न आवश्यक छ ।

अन्तमा, सबै नागरिकहरूको लागि स्वच्छ खानेपानी र आधारभूत सरसफाइ सुविधाहरूमा पहुँच सुनिश्चित गर्नु नगरपालिकाहरूका लागि महत्त्वपूर्ण चुनौती हो । नगरपालिकाले ठुला खानेपानी आयोजना कार्यान्वयनमा ल्याएको भए पनि सबै नागरिकका लागि स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन अझै चुनौतीहरू छन् । माथि उल्लिखित रणनीतिले पहिचान गरिएका जोखिम र अनुमानहरू सहित सबै सहरवासीहरूलाई स्वच्छ खानेपानी र सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्यहरू हासिल गर्न नगरपालिकालाई मद्दत गर्नेछ ।

## ४.४ महिला बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले महिला, बालबालिका, र लक्षित वर्गहरूको हितमा विशेष ध्यान दिएको छ। यस नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रोत्साहित गर्न विभिन्न नीतिगत, कानुनी, र व्यावहारिक उपायहरू अपनाएको छ। लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउन नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीति, २०७९ लागु गरेको छ। बालमैत्री स्थानीय शासनयुक्त तथा बालश्रम मुक्त नगर घोषणा भइसकेको छ । यस नगरपालिकामा बालविवाह, लैङ्गिक हिंसा, र मानव बेचविखन न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भइरहेको छ।

नगरपालिकाले नगर भित्रका विपन्न परिवारहरू लक्षित गरी एकल महिला स्वास्थ्य बीमा कार्यविधि, २०७५; लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७; र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० तयार गरी कार्यान्वयनमा ल्याएको छ। महिला सशक्तीकरणका लागि समूह, समिति, र महिला सहकारी संस्थाहरू निर्माण गरी नेतृत्व विकास, क्षमता विकास, र आयआर्जनका लागि सीप विकास तालिम प्रदान गर्दै व्यवसाय सञ्चालनका लागि बीउ पुँजी र अनुदान समेत उपलब्ध गराइरहेको छ।

बाल अधिकार संरक्षण र सम्वर्द्धनका लागि बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८ बमोजिमका सूचकहरूलाई दिगोपनाको सुनिश्चितता गर्दै नगर कार्यपालिकामा बालकल्याण अधिकारीको व्यवस्था गरिएको छ। प्रत्येक विद्यालयमा बालक्लव र प्रत्येक वडामा बालसञ्जाल गठन गरिएको छ।

सूर्योदय नगरपालिकाले समाजमा विद्यमान कुप्रथाहरूको अन्त्य गर्दै लैङ्गिक समानता र बाल अधिकारको संरक्षणमा महत्वपूर्ण अग्रसरता लिएको छ । यस नगरपालिकाले महिलाको पाठेघरको नियमित परीक्षण, बालबालिकाको सर्वोत्तम हितका लागि बालअधिकार संरक्षण, र सबै विद्यालयमा नि:शुल्क सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यस नगरपालिकाले महिला र बालबालिकाका लागि न्यायमा पहुँच वृद्धि गर्न हिंसाको उजुरी दर्ता गरी आवश्यक सुनुवाइका लागि सहजीकरण गर्ने व्यवस्था गरेको छ। यस प्रकार, सूर्योदय नगरपालिका महिला, बालबालिका, र लक्षित वर्गहरूको हित प्रवर्धन र सशक्तीकरणका लागि निरन्तर अग्रसर रहेको छ।

### ४.४.२ समस्या तथा चुनौती

समाजमा हुने कुप्रथा र भ्रष्टाचार अन्त्य गर्ने प्रयास भए पनि आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा लक्षित वर्गको सार्थक सहभागिता र प्रभावकारी उपस्थितिको अभाव छ। लक्षित समूहसँग सम्बन्धित हिंसात्मक व्यवहार कुनै न कुनै रूपमा कायम रहन्छ र उनीहरूको अधिकार र कर्तव्यप्रति चेतनाको कमी छ। महिलाहरूमा बहु-कार्यकारी बोझ अझै विद्यमान छ, र लक्षित समूह सशक्तीकरण र क्षमता निर्माण कार्यक्रमहरूको प्रभावकारिताको अभाव छ । मुख्य चुनौतीहरू लक्षित समूहहरूको मूलप्रवाहीकरण र भेदभावमुक्त समाजको निर्माण हो। महिला, बालबालिका, र लक्षित वर्गहरूसँग सम्बन्धित विभिन्न समस्या र चुनौतीहरू विद्यमान छन्।

महिलाहरूले घरायसी काम, बालबालिका र वृद्धहरूको हेरचाह, र बाहिरी कामहरूमा समान रूपमा जिम्मेवारी लिने परिपाटी छ। यसले गर्दा महिलाहरूको शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ। नगर क्षेत्रमा महिला मैत्री कार्यस्थल र पूर्वाधारको अभावले महिलाहरूलाई रोजगारमा संलग्न हुन र पेसागत क्षेत्रमा प्रगति गर्न कठिनाइ भइरहेको छ। महिलाहरू विरुद्ध हुने हिंसा नयाँ नयाँ स्वरूपमा देखा परिरहेको छ, जसले गर्दा कानूनी र सामाजिक रूपमा चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ।राजनीतिक, सामाजिक, र आर्थिक गतिविधिहरूमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न कठिनाइ भइरहेको छ।योजना तर्जुमा, अनुगमन, र कार्यान्वयनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई पर्याप्त प्राथमिकता नदिनु एक चुनौती हो।

बालमैत्री नगर घोषणा भइसकेको अवस्थामा पनि सिद्धान्तहरूको व्यावहारिक कार्यान्वयनमा परिवार, समाज, र विद्यालयको भूमिकामा अपेक्षित योगदान नहुनु चुनौतीका रूपमा रहेको छ। श्रम क्षेत्रमा महिला र पुरुषबीच समानता कायम गर्न र महिलाको श्रमलाई उत्पादनशीलतासँग जोड्न चुनौती छ। महिलाको श्रमलाई सम्मान र उचित पारिश्रमिक दिने प्रणालीको विकास आवश्यक छ। सामाजिक संरचनामा सुधार गर्दै महिला, बालबालिका, र लक्षित वर्गको सशक्तीकरणका लागि समाजको दृष्टिकोणमा परिवर्तन आवश्यक छ। समूहहरूको सशक्तीकरणका लागि पर्याप्त स्रोत र साधनको अभावले कार्यक्रमहरूको प्रभावकारिता घटाउँछ। अन्य तहका सरकार र सम्बन्धित निकायको क्षमता अभिवृद्धिमा पनि जोखिम छ। यी समस्याहरूको समाधान गर्न नगरपालिकाले प्रभावकारी नीति, कार्यक्रम, र पहलहरू अवलम्बन गर्न आवश्यक छ।

### ४.४.३ सोच

"समतामूलक समाजको आधारः लैङ्गिक समानता तथा समावेशी विकासको प्रयास"

### ४.४.४ उद्देश्य

क. लक्षित वर्ग तथा समुदायको लागि अधिकार सुनिश्चित र आत्मसम्मानका अवसर उपलब्ध गराउनु।
ख. लक्षित वर्गले भोग्नु परेका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्नु।
ग. समावेशी नगरका निर्माणमा नीतिगत तथा व्यावहारिक प्रयत्न गर्नु।

### ४.४.५ रणनीति

क. महिला लक्षित तथा सीमान्तकृत समुदायको क्षमता विकास गर्ने।
ख. स्थानीय सरकार सञ्चालनमा लैङ्गिक उत्तरदायी शासन पद्धति अबलम्बन गर्ने।
ग. सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने।
घ. आर्थिक सामाजिक रूपमा पछाडि परेको वर्गलाई विशेष प्राथमिकता दिँदै सशक्तीकरण गर्ने।
ङ. विद्यालय र समुदाय सहित सबै सरोकारवालाहरूको सहकार्यमा बालमैत्री नगर घोषणा गर्ने।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१० मा प्रस्तुत गरिएको छ:

*तालिका ४.१० : महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| **स्वास्थ्य** | | | | | | |
| स्वास्थ्य बीमाले समेटेका लक्षित वर्गका घरपरिवार | सङ्ख्या | २६३ | ३१२ | ३२५ | ३५० | ४०० |
| स्वास्थ्य बीमा गरिएका दलित परिवार | सङ्ख्या | ८५ | ८५ | ९५ | १०० | १०५ |
| स्वास्थ्य बीमा गरिएका अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ३०० | ३४८ | ४०० | ४५० | ५०० |
| फिजियोथेरापी | सङ्ख्या | ५ | ९ | १५ | १६ | १८ |
| सहयोग सामग्री | सङ्ख्या | १८ | १९ | ३० | ३५ | ४० |
| **लैङ्गिक र सामाजिक समता** | | | | | | |
| लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | १.५९ | ३.४४ | ५.५ | ७.० | १०.० |
| रोजगारमूलक तालिमको सङ्ख्या | सङ्ख्या | १२ | २० | २५ | ३० | ३५ |
| अपांगमैत्री भौतिक संरचना | सङ्ख्या | १ | २ | ६ | ८ | १० |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| महिला किशोरीको बेचविखन न्यूनीकरण | सङ्ख्या | २ | १ | ० | ० | ० |
| जेष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र सङ्ख्या | सङ्ख्या | १ | १ | १ | १ | १ |
| लैङ्गिक हिंसा घटना दर्ता | सङ्ख्या | १२ | १० | ८ | ६ | ४ |
| यौन जन्य अपराध/हिंसा दर्ता | सङ्ख्या | ६ | ४ | २ | १ | ० |
| अपांगता स्वाललम्बन समूहको सङ्ख्या | सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ |
| अपांगता स्वावलम्बन समूहको सहकारी गठन | सङ्ख्या | १ | १ | १ | १ | १ |
| लैङ्गिक समतामूलक कार्यक्रमहरूमा सहभागिता | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| **बालबालिका** | | | | | | |
| बालबालिका जन्मदर्ता प्रतिशत | प्रतिशत | ८७ | ८९ | ९२ | ९५ | १०० |
| बालबालिकाको शिक्षामा पहुँच | प्रतिशत | ८५ | ८८ | ९० | ९३ | ९५ |
| बाल संरक्षण समिति गठन | सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ |
| **संस्कृति र सामाजिक संरक्षण** | | | | | | |
| नगरको कुल बजेटमा भाषा, साहित्य, कला, संस्कृति, पुरातात्विक सम्पदा संरक्षण र विकासको अंश | प्रतिशत | १.५ | २.० | २.५ | ३.० | ३.५ |
| महिलाको आर्थिक सशक्तीकरण कार्यक्रमहरू | सङ्ख्या | ५ | ७ | १० | १२ | १५ |

### ४.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.११ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.११ : महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १५०९८ | १४६९८ | ४०० | | १४४८६ | ० | ६१२ | |
| **२०८२/८३** | १२०५५ | ११६४६ | ४०९ | | ११३८२ | ० | ६७३ | |
| **२०८३/८४** | १३२३८ | १२७८९ | ४४९ | | १२४९७ | ० | ७४१ | |
| **कुल जम्मा** | **४०३९१** | **३९१३३** | **१२५८** | | **३८३६५** | **०** | **२०२६** | |

### ४.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ४.१२ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.१२: महिला बालबालिका तथा लक्षित वर्ग उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला सशक्तीकरण र सामाजिक समावेशीकरण | महिला सशक्तीकरण र सामाजिक समावेशीकरणमा सुधार | २०८१/८२ - २०८३/८४ | ५६९४ | महिला सशक्तीकरण र सामाजिक समावेशीकरणमा सुधार |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | बाल विकास र संरक्षण | बालबालिकाको विकास र संरक्षण | २०८१/८२ - २०८३/८४ | ४१०५ | बालबालिकाको अधिकार र सुरक्षा सुनिश्चितता |
| ३ | सामाजिक संरक्षण र स्वास्थ्य बीमा | स्वास्थ्य बीमा र सामाजिक सुरक्षा प्रदान | २०८१/८२ - २०८३/८४ | ७४१६ | स्वास्थ्य बीमा र सामाजिक सुरक्षा प्रदान |
| ४ | आदिवासी जनजाति लोपोन्मुख र दलित वर्गको सशक्तीकरण | आदिवासी र दलित वर्गको सशक्तीकरणमा सुधार | २०८१/८२ - २०८३/८४ | ४३०३ | आदिवासी र दलित वर्गको सशक्तीकरणमा सुधार |
| ५ | सहरी सुन्दरता र सामाजिक क्रियाकलापहरू | सहरी सुन्दरता र सामाजिक क्रियाकलापमा सुधार | २०८१/८२ - २०८३/८४ | ३९७ | सहरी सुन्दरता र सामाजिक क्रियाकलापमा सुधार |
| ६ | अपाङ्गता पुनर्स्थापना कार्यक्रम | अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम - स्वास्थ्य उपचार सहयोग र सहायक सामग्री, सिप विकास तालिम, अनुगमन तथा मूल्याङ्कन | २०८१/८२ - २०८३/८४ | ६३०६ | अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार, सिप विकास, स्वास्थ्य उपचारको उपलब्धता |
| ७ | वडास्तरीय कार्यक्रमहरू | महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको सशक्तीकरण | २०८१/८२ - २०८३/८४ | १२१७० | समाजमा आर्थिक, सामाजिक, र शैक्षिक स्तरमा सुधार |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला बालबालिका तथा लक्षित वर्गका लागि कार्यक्रम कार्यान्वयन गर्दा प्रमुख जोखिम पर्याप्त स्रोतको अभाव हो। अन्य तहका सरकार र सम्बन्धित निकायको क्षमता अभिवृद्धिमा पनि चुनौतीहरू छन्। लक्ष्य समूहको हितलाई प्राथमिकतामा राख्ने सरकारको प्रतिबद्धता र बालमैत्री स्थानीय तह घोषणाको दिगोपनका लागि सरोकारवालाहरूको तत्परता समावेश छन्।

जोखिम न्यूनीकरण गर्न नगरपालिकाले लक्षित समूहका लागि कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त स्रोतसाधन विनियोजन गरेको सुनिश्चित गर्नुपर्छ। अन्य तहका सरकार र सम्बन्धित निकायका लागि पनि क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। बालमैत्री स्थानीय तह घोषणालाई दिगो बनाउन सरोकारवालासँगको सहकार्यलाई सुदृढ बनाउनुपर्छ। लक्षित वर्गको हितलाई प्राथमिकतामा राखेर उनीहरूको अधिकार र कर्तव्यप्रति चेतना अभिवृद्धि गर्नुपर्छ। अन्तमा, लक्षित समूह सशक्तीकरण र क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउनुपर्छ।

सिफारिसहरू:

- क. महिला र बालबालिकाको लागि विशेष कार्यक्रमहरूमा बजेटको वृद्धि गर्नु।
- ख. समुदायमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका बारेमा जनचेतना कार्यक्रमहरू सञ्चालन गर्नु।
- ग. स्थानीय तहमा लैङ्गिक हिंसा तथा बालहिंसा नियन्त्रणका लागि सजगता र निगरानी प्रणालीलाई सुदृढ गर्नु।
- घ. लक्षित समूहको आर्थिक सशक्तीकरणका लागि तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु।
- ङ. अपाङ्गता भएका व्यक्तिका लागि थप सुविधाहरू प्रदान गर्दै उनीहरूको अधिकार सुनिश्चित गर्नु।
- च. बालमैत्री नगर घोषणाका लागि विद्यालय र समुदायमा बाल अधिकार र सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु।

यस प्रकार, महिला बालबालिका तथा लक्षित वर्गको उपक्षेत्रमा सुधार, सशक्तीकरण, र सुरक्षित वातावरण निर्माणका लागि योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। लक्षित समूहको हितलाई ध्यानमा राखेर नीति, योजना, र कार्यक्रमहरू सुदृढ बनाउने प्रयास निरन्तर जारी राख्नेछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले युवा तथा खेलकुदको क्षेत्रमा विशेष ध्यान दिएको छ। नगरपालिकाले युवा सशक्तीकरण, खेलकुद विकास, तथा युवा उद्यमशीलता प्रवर्धनका लागि विभिन्न कार्यक्रम तथा आयोजना सञ्चालन गर्दै आएको छ। युवाहरूलाई सशक्त बनाउन र खेलकुदलाई समाजमा स्वास्थ्य र अनुशासनको माध्यमका रूपमा प्रवर्धन गर्न नगरपालिकाले विशेष प्रयास गरेको छ। यस क्षेत्रमा पूर्वाधार निर्माण, खेलकुद प्रतियोगिता, तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

### ४.५.२ समस्या तथा चुनौती

युवा तथा खेलकुद क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू छन्, जसको पहिचान गरी समाधानका उपायहरू अपनाउन आवश्यक छ। खेलकुदका लागि आवश्यक पूर्वाधारहरूको अभावले गर्दा युवाहरूले पर्याप्त अवसर र सुविधा प्राप्त गर्न सकिरहेका छैनन्। खेलकुदका लागि आवश्यक सामग्री तथा उचित प्रशिक्षणको अभावले गर्दा खेलाडीहरू आफ्नो क्षमता पूर्णरूपमा प्रदर्शन गर्न सकिरहेका छैनन्। युवा तथा खेलकुद कार्यक्रमहरूको लागि पर्याप्त बजेट अभावले गर्दा योजना र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा कठिनाइ आएको छ। युवाहरूलाई सामाजिक, आर्थिक, तथा खेलकुदका गतिविधिमा समावेश गर्न र सक्रियता बढाउन चुनौती रहेको छ। खेलकुदलाई व्यावसायिक करियरका रूपमा विकास गर्नका लागि आवश्यक संरचना र नीति अभाव रहेको छ। परम्परागत सोचाइ र मान्यताहरूले खेलकुदमा युवाहरूको सहभागितामा अवरोध पुर्याएको छ। पर्याप्त रोजगारका अवसर नहुँदा युवा वर्गमा बेरोजगारीको समस्या छ, जसले आर्थिक असुरक्षा पैदा गरेको छ। यी सबै समस्याहरूले गर्दा युवा र खेलकुद क्षेत्रमा प्रगति गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ।

### ४.५.३ सोच

"युवाको अग्रसरताः आत्मनिर्भरता र व्यावसायिकता"

### ४.५.४ उद्देश्य

क. युवा स्वरोजगारीको वातावरण सिर्जना गर्नु,
ख. युवालाई उद्यमशील, सिर्जनशील र जिम्मेवार नागरिक तयार गर्नु,
ग. खेलकुदलाई स्वस्थ्य, अनुशासित र व्यावसायिक क्षेत्रका रूपमा विकास गर्नु,
घ. युवाहरूलाई सामाजिक, आर्थिक, तथा खेलकुद गतिविधिमा सक्रिय संलग्न गराउनु,
ङ. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकास गर्नु।

### ४.५.५ रणनीति

क. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, आर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने,
ख. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने,
ग. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्पर्धी खेल क्षमताको विकास गर्ने,
घ. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने,
ङ. खेल गतिविधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने,
च. बेरोजगार युवाहरूलाई स्वरोजगारमा परिणत गर्न सीपमूलक तालिम तथा व्यवसायिक शिक्षा प्रदान गर्ने,
छ. स्थानीयस्तरमा खेलकुद सङ्घ तथा क्लवहरूको सञ्जाल निर्माण गर्ने,
ज. युवा स्वरोजगारी प्रवर्धन गर्न सरकारी र गैरसरकारी निकायसँग सहकार्य गर्ने।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.१० : युवा तथा खेलकुद उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| राष्ट्रिय खेलाडीका रूपमा खेलीरहेका खेलाडी | सङ्ख्या | ९ | १० | १२ | १४ | १६ |
| युवा क्लब गठन | सङ्ख्या | ५ | ७ | ९ | ११ | १३ |
| युवा क्लब मार्फत नेतृत्व विकास गर्ने युवा | सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० |
| स्काउट तालिममा सहभागी स्काउटको सङ्ख्या | सङ्ख्या | ३० | ३५ | ४० | ४५ | ५० |
| नगरमा सूचीकृत खेलाडी | सङ्ख्या | १५ | २० | २५ | ३० | ३५ |
| प्रदेश/राष्ट्रियस्तरीय प्रशिक्षण प्राप्त खेलाडी सङ्ख्या | सङ्ख्या | १० | १५ | २० | २५ | ३० |
| प्रदेश/राष्ट्रियस्तरीय खेलकुद प्रतियोगितामा सहभागी | सङ्ख्या | ८ | १० | १२ | १४ | १६ |
| नगर क्षेत्रमा आयोजना हुने खेल सङ्ख्या | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ |
| व्यवस्थित खेल मैदान सङ्ख्या | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ |
| कभर्ड हल सङ्ख्या | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ |
| व्यायामशाला सङ्ख्या | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ |

### ४.५.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.१४ : युवा तथा खेलकुद उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ९१३७ | ७१३७ | २ | | ८७३७ | ० | ४०० | |
| **२०८२/८३** | ७३०५ | ५६०८ | १६९७ | | ६८६५ | ० | ४४० | |
| **२०८३/८४** | ८०२२ | ६१५८ | १८६४ | | ७५३८ | ० | ४८४ | |
| **कुल जम्मा** | **२४४६४** | **१८९०३** | **५५६१** | | **२३१४०** | **०** | **१३२४** | |

### ४.५.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको युवा तथा खेलकुद उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ४.१५ मा प्रस्तुत गरिएको छ:

*तालिका ४.१५: युवा तथा खेलकुद उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद प्रशिक्षण र प्रतियोगिता | खेलकुदका लागि प्रशिक्षण र प्रतियोगिता | २०८१/८२ - २०८३/८४ | ९७९९ | खेलाडीहरूको उत्पादन, खेलकुदमा सहभागिता र प्रतियोगितामा सफलता |
| २ | युवा सशक्तीकरण | युवाहरूको सशक्तीकरण र व्यवसाय प्रवर्धन | २०८१/८२ - २०८३/८४ | २६४९ | युवा सशक्तीकरण, व्यवसाय प्रवर्धन र लोकसेवा तयारी |
| ३ | खेलकुद पूर्वाधार निर्माण | खेलकुदका लागि पूर्वाधार निर्माण | २०८१/८२ - २०८३/८४ | ४६३७ | खेलकुद पूर्वाधारको विकास, खेल मैदान स्तरोन्नति |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | वडास्तरीय कार्यक्रमहरू | युवाहरूलाई सशक्तीकरण, खेलकुद, र उद्यमशीलता विकास | २०८१/८२ - २०८३/८४ | ६४५५ | खेलकुद गतिविधिहरूको प्रोत्साहन, युवाहरूको सक्रियता, स्वस्थ जीवनशैलीको प्रवर्धन |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद क्षेत्रका कार्यक्रम र आयोजनाहरूको सफल कार्यान्वयनमा विभिन्न जोखिम पक्षहरू छन्। मुख्य जोखिमहरूमा बजेट अभाव, प्राविधिक स्रोतहरूको कमी, तथा आवश्यक सहयोग र समन्वयको अभाव पर्छन्।

जोखिम न्यूनीकरणका उपायहरू:

क. बजेट व्यवस्थापनमा प्राथमिकता दिँदै उचित वितरण र व्यवस्थापन गर्ने।

ख. प्राविधिक स्रोतहरूको उपलब्धता सुनिश्चित गर्न स्थानीय र बाह्य साझेदारहरूलाई समन्वय गर्ने।

ग. समाज र युवाहरूलाई खेलकुद र सशक्तीकरण कार्यक्रमहरूमा सहभागी गराउन सचेतनामूलक अभियान सञ्चालन गर्ने।

घ. स्थानीय निकाय, सङ्घीय सरकार, प्रदेश सरकार र गैर सरकारी संस्थासँगको सहकार्य र साझेदारीलाई बलियो बनाउने।

ङ. समुदायमा खेलकुद र युवा विकासका लागि सामाजिक सहभागिता अभिवृद्धि गर्ने।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

नेपालको संविधानले सबै नागरिकको जीवनस्तर सुनिश्चित गर्न सामाजिक सुरक्षा र संरक्षणको महत्वलाई मान्यता दिएको छ। सूर्योदय नगरपालिका ज्येष्ठ नागरिक, विधवा, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति, दलित बालबालिकालगायत आफ्ना नागरिकलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न प्रतिबद्ध छ।

नगरपालिकाका वडाहरूमा व्यक्तिगत घटना दर्तालाई विद्युतीय माध्यमबाट दर्ता गर्ने गरिएको छ। वि.सं. २०७९ मा ११९७ जन्म, ४४० मृत्यु, ६५ सम्बन्ध विच्छेद, ५१८ विवाह, र बसाई सरी आउने र जाने क्रमशः १४३ र १४४ समेत कुल २५०७ घटना दर्ता भएको छ। यस वर्ष वैशाखदेखि फागुनसम्म जन्म ८६५, मृत्यु ३९९, सम्बन्ध विच्छेद ५२, विवाह ४२९ तथा बसाई सरी आउने र जाने क्रमशः ८५ र ९३ गरी कुल १९२३ घटना दर्ता भएका छन्। आर्थिक वर्ष २०७८/७९ मा नगरपालिकाका वडाहरूमा सञ्चालित शिविरबाट नगर क्षेत्र भित्र २९३५६ र जिल्ला प्रशासन कार्यालय इलामबाट ५००० समेत हाल सम्म ३४३५६ जनाको राष्ट्रिय परिचयपत्रको आवेदन इनरोलमेण्ट भएको छ। स्वीकृत आवेदन मध्ये जिल्ला प्रशासन कार्यालय इलाममार्फत प्राप्त भएका परिचयपत्र वितरण कार्य भइरहेको छ।

सामाजिक सुरक्षालाई प्रभावकारी गराउन अन्तर-सरकार साझेदारीमा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा ८०५ जना अपाङ्गता भएका व्यक्तिलाई परिचय पत्र वितरण गरिएको छ। गत आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध जनसङ्ख्या ७३८२ रहेकोमा चालु आर्थिक वर्षमा त्यस्तो सङ्ख्या ७३१६ रहेको छ। गत वर्ष २०७९/८० मा सामाजिक सुरक्षा वृत्ति भुक्तानीमा कुल ३१ करोड ११ लाख २ हजार खर्च भएको देखिन्छ।

नगरपालिकाले आफ्ना नागरिकलाई सामाजिक सुरक्षा र संरक्षणको सेवा दिने उद्देश्यले विभिन्न कानूनी र नीतिगत व्यवस्था तयार पारेको छ। यी व्यवस्थाहरूले नागरिकको व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्र वितरण, र सामाजिक सुरक्षा लाभ उपलब्ध गराउने प्रक्रियालाई सहज बनाएको छ।

### ४.६.२ समस्या तथा चुनौती

सामाजिक सुरक्षा र पञ्जीकरण क्षेत्रमा विभिन्न समस्या र चुनौतीहरू विद्यमान छन्। सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत र साधनहरूको अभाव प्रमुख चुनौती हो। आवश्यक समन्वयको अभावमा विभिन्न सरकारी निकायहरूबाट सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूमा दोहोरोपना देखिएको छ। सामाजिक सुरक्षाका लागि आवश्यक स्रोतसाधनको पूर्वानुमान गर्न आवश्यक सूचनाको अभाव छ, जसले कार्यक्रमहरूको योजना र कार्यान्वयनमा कठिनाइ उत्पन्न गरेको छ। व्यक्तिगत घटना समयमा दर्ता गराउने परिपाटीको कमी रहेको छ, जसले नागरिकहरूलाई सामाजिक सुरक्षा सेवामा समावेश गर्न कठिनाइ भएको छ। विद्युतीय प्रणाली र प्रविधिको प्रभावकारी उपयोगमा प्राविधिक अवरोधहरूले व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सेवाहरूको प्रवाहमा समस्या उत्पन्न गरिरहेको छ। यी समस्याहरू र चुनौतीहरूलाई समाधान गर्न योजनाबद्ध रूपमा कार्यक्रमहरूको समन्वय, स्रोतसाधनको प्रबन्ध, सूचनाको व्यवस्थापन, प्रविधिको प्रभावकारी उपयोग, र सामाजिक सचेतना अभिवृद्धि गर्न आवश्यक छ।

### ४.६.३ सोच

"सामाजिक सुरक्षाः पहुँच र प्रतिबद्धता"

### ४.६.४ उद्देश्य

क. नगरबासीलाई सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउनु।

ख. आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु।

### ४.६.५ रणनीति

क. सहयोग र संरक्षणका माध्यमबाट आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने।

ख. सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा अन्तर–सरकार समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने।

ग. व्यक्तिगत घटनालाई यथासमयमै दर्ता गर्न सचेतना तथा विद्युतीय सूचना प्रविधिको उपयोगलाई प्रभावकारी बनाउने।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ४.१६ मा प्रस्तुत गरिएको छः

*तालिका ४.१६ : सामाजिक सुरक्षा र पञ्जीकरण उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| जन्मदर्ता गरिएको बालबालिका | प्रतिशत | ८५ | ८८ | ९० | ९५ | १०० |
| विवाह दर्ता गरिएको जोडी | प्रतिशत | ६० | ६५ | ७० | ८५ | १०० |
| मृत्यु दर्ता गरिएको घटना | प्रतिशत | ५० | ५५ | ६० | ८० | १०० |
| लाभग्राहीको विवरणमा राष्ट्रिय परिचयपत्र नं (NIN) अध्यावधिक | प्रतिशत | ० | ५० | १०० | १०० | १०० |
| सामाजिक सुरक्षा वृत्ति पाउने व्यक्तिको वायोम्याट्रिक भेरिफिकेसन | प्रतिशत | ० | ० | ८० | ९० | १०० |
| राष्ट्रिय परिचयपत्र नं प्राप्त गर्ने नागरिक | प्रतिशत | २० | ५० | ६० | ७० | ८० |

### ४.६.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा र पञ्जीकरण उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.१७ मा प्रस्तुत गरिएको छः

*तालिका ४.१७ : सामाजिक सुरक्षा र पञ्जीकरण उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १६६३ | १४१३ | २५० | ० | ११६८ | ४९५ | ० | |
| **२०८२/८३** | १४६२ | १२६६ | १९६ | ० | ९१७ | ५४५ | ० | |
| **२०८३/८४** | १६०७ | १३९१ | २१६ | ० | १००८ | ५९९ | ० | |
| **कुल जम्मा** | **४७३२** | **४०७०** | **६६२** | **०** | **३०९३** | **१६३९** | **०** | |

### ४.६.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सामाजिक सुरक्षा र पञ्जीकरण उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ४.१८ मा प्रस्तुत गरिएको छः

*तालिका ४.१८: सामाजिक सुरक्षा र पञ्जीकरण उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा लाभग्राही अभिलेख सुदृढीकरण | सामाजिक सुरक्षा लाभग्राहीको अभिलेख सुदृढीकरण गर्ने | २०८१/८२ - २०८३/८४ | ३०९३ | दर्ता प्रकृयामा सुधार, लाभग्राहीको अभिलेख अध्यावधिक र प्रभावकारी सामाजिक सुरक्षा प्रणाली |
| २ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | सामाजिक सुरक्षा लाभग्राहीको अभिलेख सुदृढीकरण गर्ने | २०८१/८२ - २०८३/८४ | १६३९ | दर्ता प्रकृयामा सुधार, लाभग्राहीको अभिलेख अध्यावधिक र प्रभावकारी सामाजिक सुरक्षा प्रणाली |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा र पञ्जीकरण क्षेत्रसँग सम्बन्धित जोखिम पक्षहरूमा स्रोतसाधनको अभाव, समन्वयको कमी, र व्यक्तिगत घटना दर्तामा ढिलाइ प्रमुख छन् । यसलाई सम्बोधन गर्न नगरपालिका स्तरमा अन्तर–सरकारी समन्वय र सहकार्यलाई प्रवर्धन गरिनु पर्दछ । नागरिकलाई सामाजिक सुरक्षा र पञ्जीकरणमा जोड्न विद्युतीय सूचना प्रविधिको प्रभावकारी उपयोगलाई प्राथमिकता दिनु आवश्यक छ ।

# परिच्छेद – ५ : पूर्वाधार विकास क्षेत्र

क्षेत्रगत लक्ष्य: भौतिक पूर्वाधारको विकास, सेवाको पहुँच र गुणस्तरीयता वृद्धि गर्ने

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले भवन निर्माण र बस्ती विकासमा महत्त्वपूर्ण प्रगति गरेको छ। निर्माणमा मापदण्ड र आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको छ, जसले भवन निर्माणको गुणस्तरलाई सुधार गरेको छ। तथापि, आवासीय भवनमध्ये १० प्रतिशत मात्रै भूकम्प प्रतिरोधी छन्। सुकुम्बासी र असङ्गठित बासिन्दाहरूको व्यवस्थापन कार्य अधुरो नै रहेको छ। निर्माणमा स्थानीय सामग्रीको प्रयोग घट्दै गएको छ भने सिमेन्ट र कङ्क्रिट प्रयोग गरी आधुनिक घर निर्माण गर्ने क्रम बढ्दै गएको छ। नगरपालिकाले विकास निर्माण मापदण्ड २०७३ लागु गरेको छ र मापदण्डलाई भूगोल र पर्यटकीय मैत्री बनाई अद्यावधिक गर्ने तयारी भइरहेको छ।

फिक्कल र पशुपतिनगर बजारमा पार्किङ स्थलको व्यवस्थापन भएको छ। फिक्कल बजारभित्र मेची राजमार्गमा गत वर्ष ५०० मीटर फुटपाथ निर्माण भएको छ भने यस वर्ष थप ३०० मीटर फुटपाथ निर्माणको चरणमा रहेको छ। सूर्योदय नगरपालिकाको एकीकृत सहरी विकास योजना निर्माण भएको छ। एकीकृत सहरी पूर्वाधार विकास आयोजना अन्तर्गत सङ्घीय सरकारबाट विभिन्न १० वटा कम्पोनेन्टमा कार्य भइरहेको छ। कन्याममा निर्माण भएको चिया परीक्षण अनुसन्धान तथा प्रवर्धन केन्द्रमा म्यूजियम, सोरुम, सेमिनार हल, तथा गेष्ट हाउस सञ्चालन गर्ने पूर्वाधार तयार भएको छ भने सोही स्थानमा सार्वजनिक शौचालय निर्माणको तयारी भएको छ। वडा नं. ११ मा पशु वधशालालाई व्यवस्थित गरिएको छ। नगर क्षेत्रभित्रका हाटबजारलाई क्रमशः व्यवस्थित गर्ने तयारी भएको छ।

नगर क्षेत्रमा भवन निर्माणको मापदण्ड पालना गरी नयाँ भवनहरू निर्माण गरिनुपर्दछ। यसका लागि नगरपालिकाले भवन निर्माण अनुमति प्रक्रिया, नक्सा पास र अभिलेखीकरणलाई प्रभावकारी बनाउनुपर्नेछ। साथै, विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्न डकर्मीहरूलाई आवश्यक तालिम प्रदान गर्नुपर्छ। भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरूको पुनर्स्थापना र व्यवस्थापन नगरपालिकाको प्राथमिकतामा छ।

### ५.१.२ समस्या तथा चुनौती

भवन संहिताको कार्यान्वयन सुनिश्चित गर्न र व्यवस्थित र सुरक्षित बसोबास विकासलाई प्रवर्धन गर्न यस क्षेत्रले धेरै चुनौतीहरूको सामना गरिरहेको छ। भवन संहिताको पूर्ण कार्यान्वयन हुन नसक्नु ठूलो चुनौती हो। राजमार्ग र बजार क्षेत्रमा अव्यवस्थित बस्ती विस्तार र लापरवाही संरचना निर्माणले जोखिम बढाएको छ। प्रमुख राजमार्ग बाहेक अन्य सडकहरूको लगत कट्टा भएको छैन। अनियन्त्रित रूपमा जग्गा टुक्राटुक्रा गर्ने र जथाभावी भवन निर्माण गर्ने चलन पनि निरन्तर छ। छरिएका र असङ्गठित बस्तीहरूले प्रभावकारी रूपमा विकास, निर्माण र सेवाहरू प्रदान गर्न चुनौतीपूर्ण बनाउँछन्। तसर्थ, सुरक्षित बसोबास विकासलाई प्रवर्धन गर्न भू-उपयोग क्षेत्र निर्धारण र निर्माण मापदण्डहरू पालना गर्नु चुनौतीपूर्ण छ। स्थानीय सामग्रीमा आधारित भवन निर्माणलाई प्रवर्धन गर्न उपयुक्त सीप र प्रविधिको प्रचारप्रसार गर्न र भवन निर्माणमा विपद् जोखिम रोकथाम उपायहरू अवलम्बन गर्न प्रोत्साहन गर्नु आवश्यक छ।

### ५.१.३ सोच

“व्यवस्थित बस्ती, भूकम्प प्रतिरोधी भवन निर्माण, हाम्रो अभियान”

#### ५.१.४ उद्देश्य

क. सुरक्षित आवास र व्यवस्थित सहरी पूर्वाधार विकास गर्नु,

ख. विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील र व्यवस्थित नगर निर्माण गर्नु।

#### ५.१.५ रणनीति

क. भू–उपयोग क्षेत्र निर्धारण गरी राष्ट्रिय भवन संहिताको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

ख. स्थानीय सामग्रीमा आधारित भवन निर्माणको प्रवर्धन गर्न उपयुक्त सीप तथा प्रविधिको प्रसार गर्ने।

ग. भवन निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्न प्रोत्साहन गर्ने।

घ. सुरक्षित बस्ती विकासमा अन्तर–सरकार तथा समुदायसँग साझेदारी र सहकार्य विस्तार गर्ने।

#### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.१ : आवास भवन तथा बस्ती विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सुरक्षित आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| नव निर्मित आवास भवन | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० |
| पुनर्निर्मित वा मर्मत गरिएका आवास भवन | सङ्ख्या | ३० | ४० | ५० | ६० | ७० |
| विद्युतीकरण भएका घरधुरी | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| जल आपूर्ति सुविधा भएका घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| विपद् प्रतिरोधात्मक आवास कार्यक्रम अन्तर्गत लाभान्वित परिवार | सङ्ख्या | २० | ३० | ४० | ५० | ६० |
| नक्सा पास गरिएका भवन | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० |
| पुराना निर्मित भवनको नक्सा अभिलेखिकरण | प्रतिशत | २ | ५ | १५ | ३० | ५० |

#### ५.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास, भवन तथा बस्ती विकास उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ:

*तालिका नं. ५.२ आवास, भवन तथा बस्ती विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | २७९३९ | ५०० | २७४३९ | | १६९३९ | ११००० | ० | |
| **२०८२/८३** | २५४१० | ३९३ | २५०१७ | | १३३१० | १२१०० | ० | |
| **२०८३/८४** | २७९२५ | ४३१ | २७४९४ | | १४६१५ | १३३१० | ० | |
| **कुल जम्मा** | **८१२७४** | **१३२४** | **७९९५०** | | **४४८६४** | **३६४१०** | **०** | |

#### ५.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको आवास, भवन तथा बस्ती विकास उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ५.३ मा प्रस्तुत गरिएको छ:

*तालिका नं. ५.३ आवास, भवन तथा बस्ती विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अति विपन्न वर्गको लागि आवास निर्माण सहायता | अति विपन्न परिवारको लागि सुरक्षित आवास निर्माण | २०८१/८२ - २०८३/८४ | ५२९७ | अति विपन्न परिवारको सुरक्षित आवास |
| २ | सहरी योजना र पूर्वाधार विकास | सहरी क्षेत्रमा योजना तथा पूर्वाधारको विकास | २०८१/८२ - २०८३/८४ | ८७४० | सुरक्षित र व्यवस्थित सहरी योजना |
| ३ | कार्यालय भवन निर्माण र मर्मत सम्भार | कार्यालय भवन निर्माण तथा मर्मत सम्भार | २०८१/८२ - २०८३/८४ | २३८३७ | सुधारिएको र नयाँ कार्यालय भवन |
| ४ | बस्ती विकास कार्यक्रम | विभिन्न स्थानमा नाली तथा सडक स्तरोन्नति कार्य मार्फत यातायात सुगमता र बस्ती विकास | २०८१/८२ - २०८३/८४ | २३१७० | यातायात सुगम, बजारमा पहुँच वृद्धि, बस्तीको विकास |
| ५ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुरक्षित भवन निर्माणका लागि विपन्न नागरिकलाई आवास भवन निर्माणका लागि सहयोग | २०८१/८२ - २०८३/८४ | १३२४० | विपन्न नागरिकका लागि सुरक्षित र स्थायी आवास निर्माण |
| ६ | वडास्तरीय पूर्वाधार आयोजनाहरू | स्थानीय पूर्वाधारको विकास र मर्मत | २०८१/८२ - २०८३/८४ | ६९९० | सुदृढ पूर्वाधार र समुदायको जीवनस्तरमा सुधार |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

भवन संहिताको कार्यान्वयन र मापदण्डको पालनालाई अभिवृद्धि गरिनेछ। तीनै तहका सरकार र स्थानीय समुदायबीच निर्माण, आवास र बस्ती विकासका क्षेत्रमा समझदारी, साझेदारी र सहयोग अभिवृद्धि गरिनेछ। तर, बजेटको अभाव, सीमित स्रोतसाधन र परिवर्तनको प्रतिरोध जस्ता विभिन्न कारणले लक्ष्य हासिल गर्न कठिनाइ हुन सक्छ। यी जोखिमहरू न्यूनीकरण गर्न क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालाहरूको समन्वयात्मक प्रयास आवश्यक छ। यस क्षेत्रले आफ्नो उद्देश्य प्राप्ति सुनिश्चित गर्न निरन्तर अनुगमन र मूल्याङ्कन आवश्यक हुनेछ।

जोखिम न्यूनीकरणका लागि सिफारिस

- क. पर्याप्त आर्थिक स्रोत जुटाउन र निर्माणका लागि दीर्घकालीन वित्तीय योजना बनाउने।
- ख. समुदायमा भवन निर्माण मापदण्ड र भूकम्प प्रतिरोधी निर्माणका फाइदाहरूको बारेमा व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्ने।
- ग. निर्माण कार्यमा संलग्न व्यक्तिहरूलाई आवश्यक प्राविधिक तालिम र सहजीकरण प्रदान गर्ने।
- घ. भवन निर्माण सम्बन्धी नीति, नियम र मापदण्डलाई समयसापेक्ष सुधार र कार्यान्वयनमा कठोरता अपनाउने।
- ङ. भवन निर्माणको हरेक चरणमा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली लागु गर्ने।
- च. तीनै तहका सरकार, निजीक्षेत्र र स्थानीय समुदायबीच निर्माण, आवास र बस्ती विकासमा साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्ने।
- छ. नगरस्तरीय सडकको लगत कट्टा गर्न प्रक्रियाको सुरुवात गर्ने।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले यातायात पूर्वाधारमा महत्वपूर्ण प्रगति गरेको छ। यहाँका मुख्य सडकहरू कालोपत्रे गरिएका छन् भने ग्रामीण भेगमा माटो र गिट्टीका सडकहरू छन्। नगरपालिकामा हाल ४०.८ कि.मि. कालोपत्रे सडक, ३८.३२ कि.मि. ग्राभेल सडक, र २०८.२८ कि.मि. माटोको सडक रहेको छ। बजार क्षेत्र र मुख्य राजमार्गमा राम्रो यातायात सञ्जाल बनेको छ, तर ग्रामीण भेगमा अझै पनि सडक पूर्वाधारको अभाव छ। यातायात सेवा विस्तार गर्नका लागि नगरपालिकाले विभिन्न तहका सरकारहरू र अन्य साझेदार निकायहरूसँग मिलेर काम गरिरहेको छ।

### ५.२.२ समस्या तथा चुनौती

यातायात पूर्वाधारको विकासमा विभिन्न समस्या र चुनौतीहरू छन्। प्रमुख चुनौतीहरूमा प्रतिकुल मौसम अवस्था, स्रोतसाधनको अभाव, र नियमित मर्मतसम्भारको कमी पर्दछन्। वर्षायाममा विशेषगरी ट्राफिक व्यवस्थापन र पार्किङ प्रमुख समस्या हुन्। बजार र बजारमुखी क्षेत्रमा बनेका सडकमा ढल, नाली व्यवस्थापनको अभावले समस्या उत्पन्न गराएको छ। साथै, सडक निर्माण र यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर, र मापदण्डलाई पर्याप्त रूपमा सम्बोधन गरिएको छैन। सडक सञ्जालमा समावेश गर्ने कार्य योजनाको अभावले गर्दा पनि यातायात व्यवस्थापनमा कठिनाइ रहेको छ।

### ५.२.३ सोच

"बाह्रैमास यातायात सञ्चालनको अवस्थाः नगरबासीको दिनचर्यामा सहजता"

### ५.२.४ उद्देश्य

क. टोलस्तरमा विश्वसनीय यातायात सेवा विस्तार गर्नु।
ख. विद्यमान सडकलाई स्तरोन्नति गरी बाह्रै महिना सवारी साधन गुड्ने बनाउनु।
ग. यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउनु।

### ५.२.५ रणनीति

क. अन्तर-सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने।
ख. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने।
ग. यातायात सञ्चालन र व्यवस्थापन प्रणाली सुदृढ बनाउने।
घ. सडक तथा नाली मर्मतलाई नियमित र व्यवस्थित गराउने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.४: सडक, पुल तथा यातायात उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सडक घनत्व | कि.मि./ वर्ग कि.मि. | ३.५ | ३.६ | ३.६ | ३.६ | ३.६ |
| पक्की/कालोपत्रे सडकको घनत्व | कि.मि./ वर्ग कि.मि. | ०.२४ | ०.२५ | ०.२७ | ०.२८ | ०.२९ |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ३० मिनेटको पैदल दूरीमा रहेको ग्राभेल सडकको पहुँच | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कालोपत्रे सडक | कि.मि. | ४०.८ | ६१.३ | ६८.८ | ७५.८ | ८३.८ |
| ग्राभेल सडक | कि.मि. | ३८.३२ | ११३.१५ | १२४.३५ | १३६.६५ | १५०.१७ |
| माटो सडक | कि.मि. | ७५५.४७ | ७३६.७७ | ७१७.४७ | ६९९.२७ | ६७७.४५ |
| झोलुङ्गे पुलको सङ्ख्या | सङ्ख्या | १७ | १८ | १९ | १९ | २० |
| पुल मर्मत/पुनर्निर्माण | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ |
| सडक मर्मत तथा विस्तार | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ |
| यातायात दुर्घटना सङ्ख्या | सङ्ख्या | २० | १८ | १५ | १२ | १० |
| सार्वजनिक यातायात पहुँच | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ९० |
| पैदलयात्री मार्ग | कि.मि. | १० | १२ | १५ | १८ | २० |

### ५.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.५ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.५: सडक, पुल तथा यातायात उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | २२७५०० | ९१६ | २२६५८४ | ० | २००५०० | १४००० | १३००० | |
| **२०८२/८३** | १८७२४२ | ७२० | १८६५२२ | ० | १५७५४२ | १५४०० | १४३०० | |
| **२०८३/८४** | २०५६५५ | ७९० | २०४८६५ | ० | १७२९८५ | १६९४० | १५७३० | |
| **कुल जम्मा** | **६२०३९७** | **२४२६** | **६१७९७१** | **०** | **५३१०२७** | **४६३४०** | **४३०३०** | |

### ५.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सडक, पुल तथा यातायात उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ५.६ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.६: सडक, पुल तथा यातायात उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ऋषिमोड गोर्खे मानेभञ्याङ सडक | सडक स्तरोन्नति | निरन्तर | ३४७५८ | सडकको गुणस्तरमा सुधार, यातायातको सुविधा |
| २ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | झोलुंगे पुलको निर्माण | निरन्तर | ३३१० | ग्रामीण क्षेत्रको यातायात सुधार |
| ३ | फिक्कल मलिम जुरेभञ्ज्याङ्ग | सडक स्तरोन्नति | निरन्तर | ३४७५८ | सडकको गुणस्तरमा सुधार, यातायातको सुविधा |
| ४ | बरबोटे कट्टेबुङ्ग छिरुवा सडक स्तरोन्नति आयोजना | सडक स्तरोन्नति | निरन्तर | ७७४६१ | सडकको गुणस्तरमा सुधार, यातायातको सुविधा |
| ५ | सडक तथा झोलुङ्गे पुलको नियमित मर्मत सम्भार | सडक र पुलको मर्मत | निरन्तर | २४२६ | सडक र पुलको मर्मत सम्भार |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | सडक निर्माण र स्तरोन्नति | नयाँ सडक निर्माण र स्तरोन्नति | निरन्तर | १५९७०५ | नयाँ सडक निर्माण र स्तरोन्नति, यातायातको सुविधा |
| ७ | सडक व्यवस्थापन | सडक प्रकाश व्यवस्था र मार्किङ | निरन्तर | ३९७३ | सडक प्रकाश व्यवस्था र मार्किङ |
| ८ | सडकको मर्मत सम्भार | सडक मर्मत सम्भार कोष परिचालन | निरन्तर | ६०९१६ | सडक मर्मत सम्भार, यातायातको सुविधा |
| ९ | बाह्रमासे सडक आयोजनाहरू | हरेक वडाका सडकलाई बाह्रै महिना सञ्चालन गर्न सक्ने गरी निर्माण र स्तरोन्नति गर्ने | निरन्तर | १८००९८ | निरन्तर यातायात सेवा, सामुदायिक विकास, र आर्थिक वृद्धि |
| १० | वडास्तरीय सडक मर्मत सम्भार र स्तरोन्नति | स्थानीय सडकको स्तरोन्नति र मर्मत | निरन्तर | ६२९९२ | निरन्तर यातायात सेवा, सामुदायिक विकास, र आर्थिक वृद्धि |

### ५.२.९ जोखिम न्यूनीकरणका लागि सिफारिस

सडक, पुल तथा यातायात क्षेत्रको विकासमा विभिन्न जोखिमहरू छन्। ती जोखिमहरूको न्यूनीकरण गर्न निम्न सिफारिसहरू गरिएको छ:

- क. तीनै तहका सरकारहरूबीच समन्वय र साझेदारीलाई सुदृढ गर्दै गुणस्तरीय सडक निर्माणमा सहयोग विस्तार गर्न आवश्यक छ।
- ख. सडक निर्माणलाई वातावरणमैत्री बनाउँदै वातावरणीय संरक्षणका उपायहरू अवलम्बन गर्नुपर्छ।
- ग. सडक र पुलहरूको नियमित मर्मतसम्भार गर्नुपर्छ, जसले गर्दा सडक पूर्वाधारको दीर्घकालीन स्थायित्व सुनिश्चित हुन्छ।
- घ. ट्राफिक व्यवस्थापनलाई सुदृढ बनाउन र ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ।
- ङ. प्राथमिकताका आयोजना पहिचान गरी उपभोक्ता र सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक छ।

नगरपालिकाको यातायात सुधार गर्न गुणस्तरीय सडक र पुल निर्माण र मर्मत सम्भार गर्न सबै तहका सरकारबीच सहकार्य आवश्यक छ। थप रूपमा, यातायात सेवाहरू सुधार गर्न र नागरिकहरूको लागि सुविधाजनक दैनिक जीवन सुनिश्चित गर्न वातावरण संरक्षण उपायहरू, नियमित मर्मतसम्भार, र कुशल ट्राफिक व्यवस्थापन आवश्यक छ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले आफ्ना नागरिकहरूलाई आधारभूत सेवा र उपयोगिताहरू प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। विद्युत र वैकल्पिक ऊर्जा क्षेत्र एउटा यस्तो महत्वपूर्ण क्षेत्र हो जसमा उल्लेख्य ध्यान र लगानी आवश्यक छ। नगरपालिकामा ऊर्जा आवश्यकताका लागि दाउरा, बिजुली, एलपी ग्यास, र सौर्य ऊर्जामा मुख्य रूपमा निर्भर छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, ९२ प्रतिशत जनसङ्ख्याको बिजुलीको पहुँच छ र ७१ प्रतिशत घरपरिवारले खाना पकाउन दाउरालाई ऊर्जाको मुख्य स्रोतको रूपमा प्रयोग गर्छन्। नगरपालिकाले सौर्य ऊर्जा र विद्युतीय सवारीसाधन जस्ता वैकल्पिक ऊर्जा स्रोतको प्रवर्धनका लागि पहल गरेको छ।

### ५.३.२ समस्या तथा चुनौती

नगरपालिकाले विद्युत र वैकल्पिक ऊर्जा क्षेत्रमा विभिन्न चुनौती र समस्याहरूको सामना गरिरहेको छ। प्रमुख चुनौतीहरूमा नदी र ताल लगायत जलाधार क्षेत्रहरूमा अतिक्रमण र प्रदूषणको जोखिम, विद्युत आपूर्तिमा अवरोध, र पेट्रोलियम पदार्थको मूल्यवृद्धि समावेश छन्। मानवीय लापरवाहीले जलाधार क्षेत्रमा अतिक्रमण र प्रदूषण बढेको छ, जसले पानी र माटोको गुणस्तरलाई असर गरेको छ। जलवायु परिवर्तनले माटो सुक्दै गएको छ र जलाधार क्षेत्रमा नकारात्मक असर पारेको छ। सुख्खा हिउँ र हावाहुरीको समयमा विद्युत आपूर्तिमा अवरोध प्रमुख समस्या हो।

नगरपालिकाले विद्युतको नियमित आपूर्ति सुनिश्चित गर्न, सडक बत्तीको व्यवस्थापन र किफायती ऊर्जा प्रयोगलाई प्रवर्धन गर्नुपर्छ। परम्परागत ऊर्जाको प्रयोगलाई निरुत्साहित गर्दै विद्युत र वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रवर्धन गर्न जनचेतना र प्रोत्साहनको अभाव छ।

### ५.३.३ सोच

"उज्यालो नगर हाम्रो अभियान, झिलीमिली सोलार सडक सूर्योदयको पहिचान"

### ५.३.४ उद्देश्य

क. विद्युत तथा स्वच्छ ऊर्जाको उपयोगलाई सर्वसुलभ गराउनु।
ख. जलाधार क्षेत्रको संरक्षणलाई प्रभावकारी बनाउनु।

### ५.३.५ रणनीति

क. सिमसार क्षेत्र, जलस्रोतका मुहान, कुवा, र परम्परागत धाराको संरक्षण र सम्वर्द्धनमा सरकारी तथा समुदायको अग्रसरतालाई प्रवर्धन गर्ने।
ख. स्वच्छ ऊर्जाको उत्पादन तथा उपयोगलाई वृद्धि गर्न सङ्घ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने।
ग. वैकल्पिक ऊर्जाको उपयोग विस्तार गर्दै आयातीत इन्धनमाथिको निर्भरता कम गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.७ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.७: जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विद्युत पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९८.५ | ९९ | ९९.५ | १०० | १०० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | २६.३ | २८ | २९ | ३० | ३१ |
| कुल अन्तिम ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको हिस्सा | प्रतिशत | ३५ | ३५.५ | ४२ | ४५ | ५० |
| जलविद्युत उत्पादन | मेगावाट | १० | १२ | १५ | १७ | २० |
| विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९२ | ९४ | ९६ | ९८ | १०० |
| प्रति व्यक्ति विद्युत खपत | किलोग्राम | ३०० | ३५० | ४०० | ४२५ | ४५० |
| घरेलु सौर्य प्रणाली स्थापना | सङ्ख्या | ५०० | ७०० | ८०० | ९०० | १००० |
| संस्थागत/सामुदायिक सौर्य विद्युत जडान | सङ्ख्या | २० | ३० | ३५ | ४० | ५० |
| सुधारिएको / फलामे चुल्हो भएको घरधुरी सङ्ख्या | सङ्ख्या | १५०० | २००० | २२०० | २४०० | २५०० |
| घरायसी वायो ग्यास जडान | सङ्ख्या | १०० | १५० | १७५ | १९० | २०० |

### ५.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.८ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.८: जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ५०० | ० | ५०० | ० | ५०० | ० | ० | |
| **२०८२/८३** | ३९३ | ० | ३९३ | ० | ३९३ | ० | ० | |
| **२०८३/८४** | ४३१ | ० | ४३१ | ० | ४३१ | ० | ० | |
| **कुल जम्मा** | **१३२४** | **०** | **१३२४** | **०** | **१३२४** | **०** | **०** | |

### ५.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ५.९ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.९: जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नवीकरणीय ऊर्जा कार्यक्रम | नवीकरणीय ऊर्जाको प्रवर्धन | २०८०/८१-२०८२/८३ | १३२४ | दिगो र वातावरणमैत्री ऊर्जा स्रोतको विकास |
| २ | सौर्य ऊर्जा प्रणाली विस्तार | सौर्य ऊर्जा प्रणालीको विस्तार | २०८०/८१-२०८२/८३ | ० | घरधुरीमा सौर्य ऊर्जाको पहुँच विस्तार |
| ३ | विद्युत सञ्जाल विस्तार | विद्युत सञ्जालको विस्तार | २०८०/८१-२०८२/८३ | ० | १०० प्रतिशत जनसङ्ख्यालाई विद्युत पहुँच |

### ५.३.९ जोखिम न्यूनीकरणका लागि सिफारिस

विद्युत र वैकल्पिक ऊर्जा क्षेत्रमा नगरपालिकाले भोग्नुपरेका चुनौती र समस्यालाई समाधान गर्न विभिन्न रणनीतिहरू अपनाउन सकिन्छ। सर्वप्रथम, सिमसार, जलस्रोत, इनार, र परम्परागत धाराको संरक्षण र प्रवर्धनमा सरकार र समुदायको नेतृत्वलाई प्रवर्धन गर्नाले जलाधार संरक्षणमा सहयोग पुग्न सक्छ। दोस्रो, स्वच्छ ऊर्जाको उत्पादन र प्रयोग बढाउन सङ्घ र राज्य सरकारका सम्बन्धित निकायहरूसँगको सहकार्यले वैकल्पिक ऊर्जाको प्रयोगलाई विस्तार गर्न र आयातित इन्धनमाथिको निर्भरता घटाउन सक्छ।

वाञ्छित परिणामहरू प्राप्त गर्न स्वच्छ ऊर्जाको उपलब्धता महत्त्वपूर्ण छ। सरकार र समुदायले जलाधार क्षेत्रहरूको संरक्षण गर्न पर्याप्त चेतना र नेतृत्व देखाउन नसक्ने जोखिम छ, जसले गर्दा रणनीतिहरूको प्रभावकारिता कम हुन्छ। तसर्थ, परम्परागत ऊर्जाको प्रयोगलाई निरुत्साहित गर्दै विद्युत र वैकल्पिक ऊर्जाको प्रयोगमा सचेतना अभिवृद्धि र प्रोत्साहन गर्न आवश्यक छ।

अन्तमा, नगरपालिकाको विद्युत र वैकल्पिक ऊर्जा क्षेत्रले अतिक्रमण, प्रदूषण, विद्युत आपूर्तिमा अवरोध, जनचेतनाको अभाव लगायत विभिन्न चुनौतीहरूको सामना गरिरहेको छ। तर, सरकार र समुदायको नेतृत्वलाई प्रवर्धन गर्न, सम्बन्धित निकायसँगको सहकार्य र वैकल्पिक ऊर्जाको प्रयोगलाई विस्तार गर्नाले यी चुनौतीहरूलाई न्यूनीकरण गर्न सकिन्छ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका आफ्नो प्रशासनिक सेवाहरूलाई प्रभावकारी र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि (आईसीटी) को प्रयोगमा उल्लेख्य प्रगति गरिरहेको छ। नगरपालिकामा मोबाइल फोन, टेलिभिजन, र इन्टरनेटको प्रयोग व्यापक बन्दै गएको छ, जसले नागरिकलाई डिजिटल सेवाहरूको पहुँच सहज बनाएको छ। चैत मसान्तसम्म ८३ प्रतिशत घरधुरीमा इन्टरनेट सुविधा पुगेको छ भने नगरपालिकाको कार्यपालिका कार्यालयमा सञ्चालित सफ्टवेयर तथा सूचना व्यवस्थापन प्रणालीको सङ्ख्या ७ बाट ११ पुगेको छ। वडा कार्यालय, स्वास्थ्य संस्था, र विद्यालयहरूमा इन्टरनेट सुविधाको शतप्रतिशत उपलब्धता पुगेको छ। तथापि, छरिएका बस्ती र दुर्गम क्षेत्रहरूमा आईसीटीको विस्तार कठिन र महँगो छ, र साइबर अपराधको बारेमा चेतनाको कमी छ। साथै, सेवा प्रवाहलाई विद्युतीय सूचना प्रविधिमा जोड्न नसक्दा सेवा प्रवाहमा कठिनाइ हुन्छ।

### ५.४.२ समस्या तथा चुनौती

आईसीटीको प्रभावकारी रूपमा विस्तार र उपयोग गर्न नगरपालिकाले धेरै चुनौती र समस्याहरूको सामना गरिरहेको छ। दुर्गम क्षेत्रमा पूर्वाधारको अभावले इन्टरनेट र मोबाइल सेवा उपलब्ध गराउन कठिन हुने प्रमुख चुनौतीमध्ये एक हो। यसबाहेक, नागरिकहरूमा साइबर अपराधको बारेमा चेतनाको कमी छ, जसले उनीहरूको सुरक्षा र गोपनीयतामा ठूलो जोखिम निम्त्याउँछ। तारयुक्त प्रविधिको प्रयोग अझै प्रचलित छ, जुन महँगो छ र धेरै भरपर्दो छैन। साथै, सेवा प्रवाहलाई विद्युतीय सूचना प्रविधिमा जोड्न नसक्दा सेवा प्रवाहमा कठिनाइ हुन्छ।

### ५.४.३ सोच

"सूचना तथा सञ्चारः नागरिकको मौलिक अधिकार"

### ५.४.४ उद्देश्य

क. आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबै नगरवासीको पहुँच स्थापित गर्नु।
ख. सूचना प्रविधिलाई सुरक्षित, उपयोगी र भरपर्दो रूपमा विकास गर्नु।

### ५.४.५ रणनीति

क. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभावकारी बनाउने।
ख. नगर कार्यपालिकासँग सम्बन्धित सार्वजनिक महत्वका सूचना र निर्णयलाई आधुनिक सञ्चार प्रविधि उपयोगमार्फत सम्प्रेसित गर्ने।
ग. सूचना प्रविधिमा नगरवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ५.१० मा प्रस्तुत गरिएको छ:

*तालिका ५.१०: सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| मोबाइल नेटवर्क जोडिएका जनसङ्ख्याको हिस्सा | अनुपात | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटसँग जोडिएका जनसङ्ख्याको हिस्सा | अनुपात | ७० | ७५ | ८० | ८५ | ९० |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| इन्टरनेट घनत्व | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ |
| सञ्चार माध्यमको सङ्ख्या | सङ्ख्या | ५ | ६ | ७ | ८ | १० |
| नगर क्षेत्रमा प्रकाशन हुने पत्रिका सङ्ख्या | सङ्ख्या | ३ | ४ | ५ | ६ | ८ |
| अप्टिकल फाइबर विस्तार | कि.मि. | १०० | १५० | १७५ | २०० | २५० |
| 4G/LTE प्रयोगकर्ता | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० |
| मोवाइल टेलिफोन ग्राहक सङ्ख्या | सङ्ख्या | १०,००० | १२,००० | १३,००० | १५,००० | १८,००० |
| रेडियोको पहुँच | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| स्थानीय एफएम रेडियो पहुँच | प्रतिशत | ६५ | ७० | ७५ | ८५ | ९० |
| नगरक्षेत्रको विद्युतीय पत्रिका सङ्ख्या | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ |
| टेलिभिजनको पहुँच | प्रतिशत | ८५ | ९० | ९२ | ९५ | ९८ |
| इन्टरनेटको पहुँच | प्रतिशत | ८३ | ८८ | ९० | ९३ | ९५ |
| अनलाइन सेवा प्रवाह | सेवा प्रकार सङ्ख्या | १० | १५ | १७ | २० | २५ |
| डिजिटल साक्षरता दर | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| ई-गभर्नेन्स सेवाहरूको सङ्ख्या | सङ्ख्या | ८ | १० | १२ | १५ | १८ |
| डिजिटल प्लेटफार्ममा नगरपालिकाको सूचना पहुँच | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| स्मार्टफोन प्रयोगकर्ता | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| फ्रिक्वेन्सी स्पेक्ट्रमको प्रभावकारी उपयोग | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ |

### ५.४.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.११ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.११: सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| **आर्थिक वर्ष** | **बजेट अनुमान** | | | | **बजेटको स्रोत** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ४९५० | ३९५० | १००० | ० | ४९५० | ० | ० | |
| **२०८२/८३** | ३८९० | ३१०४ | ७८६ | ० | ३८९० | ० | ० | |
| **२०८३/८४** | ४२७१ | ३४०८ | ८६३ | ० | ४२७१ | ० | ० | |
| **कुल जम्मा** | **१३१११** | **१०४६२** | **२६४९** | **०** | **१३१११** | **०** | **०** | |

### ५.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ५.१२ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.१२: सूचना, सञ्चार तथा प्रविधि उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | विद्युतीय सेवा र व्यवस्थापन | प्रविधिमैत्री सेवा प्रवाह, प्रत्यक्ष प्रसारण तथा बैठक व्यवस्थापन प्रणालीलाई सुदृढीकरण, गुनासो सुनुवाई संयन्त्र, Digitization | २०८१/८२ - २०८३/८४ | १८५४ | सेवा प्रवाहमा सुधार, विद्युतीय प्रणाली सुदृढीकरण |
| २ | सूचना प्रविधि पूर्वाधार | नगर तथा वडा कार्यालयहरूमा ब्याकअप व्यवस्थापन, सभा हल व्यवस्थापन, वेबसाइट मोबाइल एप तथा डाटा सर्भरको सुरक्षा परिक्षण, सफ्टवेयर निर्माण तथा Upgrade कार्य, इन्टरनेट सेवा व्यवस्थापन, इन्टरनेट, सिसी क्यामेरा तथा इन्टरकम मर्मत तथा जडान | २०८१/८२ - २०८३/८४ | ११२५७ | सूचना प्रविधि पूर्वाधारमा सुधार, सेवा प्रवाहमा वृद्धि |

### ५.४.९ जोखिम पक्ष र अनुमान

सूर्योदय नगरपालिकाले सूचना, सञ्चार तथा प्रविधि (आईसीटी) क्षेत्रको विकास र विस्तार गर्न उल्लेखनीय प्रगति गरे पनि, यस क्षेत्रमा विविध जोखिमहरू र चुनौतीहरूको सामना गर्नुपरेको छ। नगरपालिकाको दुर्गम क्षेत्रहरूमा आईसीटी पूर्वाधारको अभाव एक प्रमुख चुनौती हो। इन्टरनेट र मोबाइल सेवाहरूको विस्तार गर्न आवश्यक पूर्वाधारको कमीले गर्दा सेवा प्रवाहमा कठिनाइ उत्पन्न हुन सक्छ। नागरिकहरूमा साइबर अपराध र सुरक्षा बारे पर्याप्त चेतना र जानकारीको अभाव रहेको छ। यसले व्यक्तिगत सूचना र डाटाको गोपनीयतामा जोखिम उत्पन्न गर्न सक्छ। आईसीटी क्षेत्रको विकासका लागि पर्याप्त वित्तीय स्रोतको अभावले गर्दा योजनाहरू कार्यान्वयनमा कठिनाइ हुन सक्छ। आईसीटी सेवाहरूमा तारयुक्त प्रविधिको प्रयोग अझै प्रचलित छ, जुन महँगो र कम भरपर्दो छ। आईसीटी सेवाहरूको सञ्चालन र व्यवस्थापनका लागि आवश्यक प्राविधिक दक्षताको अभाव रहेको छ। आईसीटी सेवाहरूलाई प्रभावकारी रूपमा नागरिक सेवामा एकीकृत गर्न नसक्दा सेवा प्रवाहमा कठिनाइ उत्पन्न हुन्छ।

जोखिम न्यूनीकरण गर्ने सम्भावनाहरू

क. पूर्वाधार विकास र वित्तीय स्रोतको व्यवस्थापनका लागि सरकारी र निजीक्षेत्रको सहकार्यलाई सुदृढ गर्नुपर्छ।

ख. नागरिकहरूमा साइबर सुरक्षा सम्बन्धी सचेतना र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरी सुरक्षा जोखिमलाई न्यूनीकरण गर्नुपर्छ।

ग.ताररहित र आधुनिक आईसीटी प्रविधिको प्रयोगलाई प्रवर्धन गरी सेवाहरूलाई सुदृढ र प्रभावकारी बनाउनुपर्छ।

घ. आईसीटी क्षेत्रको विकासका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्था गर्न विभिन्न तहका सरकार र निजीक्षेत्रसँग सहकार्य गरी स्रोत व्यवस्थापन गर्नुपर्छ।

ङ. आईसीटी सेवाहरूको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि प्राविधिक दक्षता अभिवृद्धि गर्न कर्मचारीहरूको तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ।

च. सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन विद्युतीय सेवा प्रणालीलाई प्रभावकारी रूपमा एकीकृत गर्नुपर्ने आवश्यकता छ।

छ. सूर्योदय नगरपालिकाले आई.सि.टि. क्षेत्रको विकास र विस्तारका लागि अनेकौँ चुनौतीहरू र जोखिमहरूको सामना गरिरहेको छ। तर, सही रणनीति, सहकार्य र प्राविधिक दक्षताको अभिवृद्धि गर्न सके यी जोखिमहरूलाई न्यूनीकरण गर्दै प्रभावकारी सेवाहरू उपलब्ध गराउन सकिन्छ।

## परिच्छेद – ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

क्षेत्रगत लक्ष्य: जलवायु अनुकूलन र वातावरणमैत्री विकास प्रणालीको अवलम्बन गरी सफा, स्वच्छ र हरित वातावरणको प्रवर्धन गर्ने

## ६.१ वन हरियाली भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकामा करिब ५७ प्रतिशत वन र झाडी क्षेत्र रहेको छ, जसले हरियाली र जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यस नगरपालिकामा १७ वटा सामुदायिक वन रहेका छन्, र विगत केही वर्षदेखि रुख रोपणलाई प्राथमिकतामा राखिएको छ । यहाँको समशीतोष्ण हावापानी र मेची तथा टाङ्टिङ नदीको स्रोतले जैविक विविधताको उत्कृष्ट संयोजन प्रस्तुत गर्दछ । यो नगर विभिन्न प्रजातिका बोटबिरुवा, चराचुरुङ्गी र जनावरहरूको घर हो, जसमा हङ्ग्रायो चरा र रेड पाण्डा जस्ता लोपोन्मुख जनावरहरू पनि पाइन्छन् । नगरपालिकाले पार्क र पोखरीको पनि पुनर्निर्माण र संरक्षण गरेको छ, र विगत तीन वर्षमा १ लाख ५० हजार बिरुवा रोपिएको छ ।

सूर्योदय नगरपालिकाले १७ सामुदायिक वन कार्ययोजना बनाएको छ, र दिपकमल सामुदायिक वनमा वर्षेनी ३० हजार बिरुवा उत्पादन हुने गरेको छ भने वडा नं १ स्थित सिंहदेवी सामुदायिक वनउपभोक्ता समितिले थप एक नर्सरी स्थापना भएको छ । हरियाली र जैविक विविधता संरक्षणलाई दिगो बनाउन विभिन्न समस्या र चुनौतीहरू छन् । जलवायु परिवर्तन र पूर्वाधार निर्माणमा विपद् जोखिम संवेदनशीलतामा कम ध्यान दिनाले माटो क्षरणको जोखिम उच्च छ । वन क्षेत्रको अतिक्रमण पनि छ र दिगो र वैज्ञानिक वन व्यवस्थापन आत्मसात हुन सकेको छैन ।

### ६.१.२ समस्या तथा चुनौती

पर्यटनले सिर्जना गरेको भीडभाड र प्रदूषणले स्थानीय पारिस्थितिक प्रणालीमा नकारात्मक असर पारेको छ, र भूक्षयको जोखिम रहेका क्षेत्रमा भूक्षय नियन्त्रणका लागि आवश्यक ध्यान दिइएको छैन । स्थानीय बासिन्दाहरूलाई तिनीहरूको वन र इकोसिस्टम सेवाहरूको जैविक विविधताको बारेमा जानकारीको कमी छ, र लोपोन्मुख जनावर र बोटबिरुवाहरूको पहिचान र संरक्षण गतिविधिहरू अपर्याप्त छन् ।

### ६.१.३ सोच

"वन जीवनको आधारः भावी सन्ततिको अधिकार"

### ६.१.४ उद्देश्य

क. वन, वातावरण तथा जैविक विविधताको दिगो संरक्षण गर्नु ।
ख. भूक्षयको रोकथाम गर्नु ।

### ६.१.५ रणनीति

क. उच्च मूल्यका बिरुवा रोपी वन क्षेत्रलाई उत्पादनशील वनमा रूपान्तरण गर्ने ।
ख. वन तथा जैविक विविधताको पहिचान र संरक्षणमा अन्तर–सरकार साझेदारी र सहकार्य गर्ने ।
ग. जोखिम क्षेत्रको पहिचान र भूक्षयको दिगो नियन्त्रणका विधि अवलम्बन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ६.१ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.१: वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| वृक्षरोपण गरिएको विरूवा | १० लाख | ०.४ | १ | १.५ | २ | २.५ |
| वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ५७.७ | ५८ | ५९ | ६० | ६२ |
| वनले ढाकेको क्षेत्रफल | हेक्टर | ४००० | ४२०० | ४४०० | ४६०० | ४८०० |
| जडीबुटीले ढाकेको क्षेत्रफल | हेक्टर | १०० | १२० | १४० | १६० | १८० |
| काठजन्य उत्पादन | क्युबिक मिटर | ५०० | ६०० | ७०० | ८०० | ९०० |
| समूदायबाट व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर | १५०० | १६०० | १७०० | १८०० | १९०० |
| सामुदायिक वन उपभोक्ता समितिको सङ्ख्या | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ |
| पानी मुहान/ पोखरी/सिमसार क्षेत्र व्यवस्थापन | सङ्ख्या | ५ | ६ | ७ | ८ | १० |
| गल्छी/पहिरो/खहरे रोकथाम नियन्त्रण | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ |
| पर्यटकीय क्षेत्र प्रवर्धन | हेक्टर | २०० | २२० | २४० | २६० | २८० |
| वायु गुणस्तर मापन | मापन सङ्ख्या | २ | ४ | ६ | ८ | १० |
| नर्सरी स्थापना/बिरुवा उत्पादन | नर्सरी सङ्ख्या | १ | २ | ३ | ४ | ५ |

### ६.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ६.२ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.२: वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १००० | ५०० | ५०० | ० | १००० | ० | ० | |
| **२०८२/८३** | ७८७ | ३९४ | ३९३ | ० | ७८७ | ० | ० | |
| **२०८३/८४** | ८६२ | ४३१ | ४३१ | ० | ८६२ | ० | ० | |
| **कुल जम्मा** | **२६४९** | **१३२५** | **१३२४** | **०** | **२६४९** | **०** | **०** | |

### ६.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ६.३ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.३: वन हरियाली भूसंरक्षण तथा जैविक विविधता उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नर्सरी व्यवस्थापन र वृक्षारोपण | नर्सरी बिरुवा खरिद, ढुवानी, वृक्षारोपण तथा घेराबारा | २०८१/८२ | ७९५ | वन विस्तार र संरक्षण |
| २ | सामुदायिक तथा निजी वन प्रवर्धन | पारिवारिक निजी वन प्रवर्धन सम्बन्धी अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम | २०८१/८२ | २६५ | निजी वन प्रवर्धन |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | संरक्षण, सचेतना र अनुगमन | लोपोन्मुख जीवजन्तुको संरक्षण सम्बन्धी सचेतना | २०८१/८२ | १५८९ | संरक्षण र सचेतना |

### ६.१.९ जोखिम पक्ष तथा अनुमान

यी जोखिम र चुनौतीहरूलाई न्यूनीकरण गर्न, मध्यमकालीन खर्च संरचनाले (MTEF) ले एउटा रणनीति प्रस्ताव गरेको छ जसमा उच्च मूल्यका बिरुवाहरू रोपेर वन क्षेत्रहरूलाई उत्पादनशील वनमा रूपान्तरण गर्ने, वन र जैविक विविधताको पहिचान र संरक्षणमा अन्तर-सरकारी साझेदारी र सहकार्य गर्ने, र जोखिम क्षेत्रहरूको पहिचान र माटोको क्षरणको दिगो नियन्त्रणका लागि विधिहरू अपनाउने कुरा समावेश छ। यद्यपि, यी रणनीतिहरूको सफलता वन र जैविक विविधता संरक्षणप्रति समुदाय र सरकारी अधिकारीहरूको बढ्दो सचेतना र सहयोगमा निर्भर गर्दछ। क्षरण नियन्त्रणको अवधारणालाई पूर्वाधार विकासको क्रममा सचेत रूपमा आत्मसात गर्नुपर्छ। यदि यी सर्तहरू पूरा भएन भने, यो अपेक्षित परिणामहरू प्राप्त गर्न चुनौतीपूर्ण हुन सक्छ।

जोखिम न्यूनीकरणका सम्भावनाहरू

क. वन र जैविक विविधताको संरक्षणका लागि समुदाय र सरकारी निकायबीचको सहकार्यलाई सुदृढ गर्नुपर्छ। यसले स्थानीय तहमा प्रभावकारी संरक्षण प्रयासहरूलाई सुनिश्चित गर्नेछ।

ख. स्थानीय बासिन्दाहरूलाई वन र जैविक विविधताको महत्त्वबारे जानकारी दिन र तिनलाई संरक्षण कार्यमा सहभागी गराउन सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। यसले समुदायमा जागरुकता वृद्धि गर्नेछ र संरक्षणका प्रयासहरूलाई सघाउनेछ।

ग. माटो क्षरण रोकथामका लागि पूर्वाधार विकासको क्रममा सावधानी अपनाउनु आवश्यक छ। पर्यावरणीय दृष्टिले संवेदनशील क्षेत्रहरूमा निर्माण कार्य गर्दा आवश्यक मापदण्डहरू अपनाएर क्षरणको जोखिम कम गर्न सकिन्छ।

घ. वन क्षेत्रको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि नीतिगत

ङ. र प्राविधिक उपायहरू अवलम्बन गर्नुपर्छ। यसले वनको दीर्घकालीन संरक्षण र उत्पादनशीलता सुनिश्चित गर्न मद्दत गर्नेछ।

च. स्थानीय बासिन्दाहरूलाई वैकल्पिक जीविकोपार्जनका उपायहरूमा प्रशिक्षण र सहयोग उपलब्ध गराउनुपर्छ। यसले वन क्षेत्रको दवाव कम गर्दै समुदायको आर्थिक अवस्था सुधार गर्न मद्दत गर्नेछ।

यी सिफारिसहरूलाई कार्यान्वयन गरेर, सूर्योदय नगरपालिकाले वन, वातावरण र जैविक विविधताको संरक्षणमा महत्वपूर्ण प्रगति गर्न सक्छ। यसका लागि समुदाय र सरकारी अधिकारीहरूको संयुक्त प्रयास र सहयोग आवश्यक छ।

## ६.२ वातावरण तथा फोहरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले सहरी क्षेत्रमा फोहोर व्यवस्थापनका लागि संस्थागत र सामुदायिक स्तरको अभ्यास सुरु गरेको छ। हाल वडा नं १ मा घरधुरीबाट फोहोर सङ्कलन गरी १२ महिनामा व्यवस्थापन गरिन्छ। बजार क्षेत्रका करिब ९ सय ४३ घरधुरीले यो सुविधा पाएका छन् । यसबाहेक, स्वास्थ्य संस्थाबाट फोहोर सङ्कलन र व्यवस्थापन छुट्टै गरिन्छ । फोहोर व्यवस्थापनसम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याई सार्वजनिक स्थानमा सयभन्दा बढी डस्टबिनको व्यवस्था गरिएको छ। तर, फोहोर व्यवस्थापनमा अझै चुनौतीहरू छन्।

फोहोर व्यवस्थापनलाई निरन्तर र नियमित बनाउँदै चैत मसान्तसम्म जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। वडा नं ९ मा रहेको निजी जग्गा फोहोर व्यवस्थापनका लागि उपयोगी मानिएको र खरिद प्रक्रिया अघि बढेको छ । व्यवस्थित ल्यान्डफिलको अभावमा हालको ल्यान्डफिल साइट सञ्चालनमा ल्याइएको हो। चैत मसान्तसम्म फोहोर सङ्कलन गर्ने सवारी साधनको सङ्ख्या ३ रहेको छ। स्थानीय तहमा वातावरण संरक्षण उपक्षेत्रको संस्थागत क्षमतामा सुधार भई ८३.३३ अङ्क पुगेको छ।

### ६.२.२ समस्या तथा चुनौती

बजार क्षेत्रमा बढ्दो जनसङ्ख्या र चहलपहलले फोहोर उत्पादनमा वृद्धि भएको छ। नाश नहुने फोहोर छुट्याउने र व्यवस्थापन गर्ने अभ्यासको अभाव छ। पर्यटकीय क्षेत्रमा प्लाष्टिक, गिलासलगायतका फोहोर सङ्कलन र व्यवस्थापन गर्न कठिन भएको छ। ल्यान्डफिल साइटका लागि तोकिएको क्षेत्रमा स्थानीय बासिन्दाको अवरोध अर्को चुनौती हो।

### ६.२.३ सोच

"फोहोरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"

### ६.२.४ उद्देश्य

क. घरमै फोहोर व्यवस्थापनमा दिगो अभ्यास र वातावरणीय स्वच्छताको प्रवर्धन गर्नु।

ख. फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थित ल्याड फिल्ड साइटको व्यवस्था गर्नु।

### ६.२.५ रणनीति

क. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापनलाई प्रवर्धन गर्ने।

ख. फोहोरमैला प्रशोधन तथा व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग गर्ने।

ग. फोहोरमैला प्रशोधन र पुनः प्रयोगबाट आय आर्जनको अभ्यासलाई प्रोत्साहित गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ६.४ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.४ : वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| दैनिक फोहोरमैला उत्पादन | मे.टन | १.५ | १.४ | १.३ | १.२ | १ |

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्रोतमा नै फोहोर वर्गीकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | १२ | २० | ३० | ५० | ७० |
| पुनः प्रयोग र रिसाइकल गर्ने घरपरिवार | प्रतिशत | १० | १५ | २५ | ३५ | ५० |
| सामुदायिक कम्पोस्टिङ इकाइ स्थापना | सङ्ख्या | ० | १ | २ | ४ | ६ |
| नगरमा सञ्चालित फोहोर सङ्कलन सेवा | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० |
| फोहोरमैला व्यवस्थापनमा लाग्ने बजेट | प्रतिशत | ५ | ६ | ७ | ८ | १० |
| फोहोरमैला व्यवस्थापन तालिम प्राप्त गर्ने व्यक्तिहरू | सङ्ख्या | ५० | १०० | १५० | २०० | २५० |
| फोहोरमैला व्यवस्थापनको लागि आधुनिक उपकरणहरूको प्रयोग | सङ्ख्या | ५ | १० | १५ | २० | २५ |

### ६.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ६.५ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.५ : वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १२७५० | ४०५० | ८७०० | | १२७५० | ० | ० | |
| **२०८२/८३** | १००१८ | ३१८२ | ६८३६ | | १००१८ | ० | ० | |
| **२०८३/८४** | ११००० | ३४९४ | ७५०६ | | ११००० | ० | ० | |
| **कुल जम्मा** | **३३७६८** | **१०७२६** | **२३०४२** | | **३३७६८** | **०** | **०** | |

### ६.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ६.६ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.६ : वातावरण तथा फोहरमैला व्यवस्थापन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सरसफाइकर्मी व्यवस्थापन | सरसफाइ कार्यमा सहयोग | २०८०/८१–२०८२/८३ | ६६२१ | सफा र स्वस्थ वातावरण |
| २ | सरसफाइ सवारी साधन र उपकरण व्यवस्थापन | फोहोर सङ्कलनको सवारी साधन | २०८०/८१–२०८२/८३ | १६४२१ | नियमित फोहोर सङ्कलन |
| ३ | वातावरणीय सचेतना र विकास | फोहोर न्यूनीकरण र पुनः प्रयोग | २०८०/८१–२०८२/८३ | १८५४ | वातावरण मैत्री समुदाय |
| ४ | सार्वजनिक सरसफाइ पूर्वाधार | सार्वजनिक सरसफाइका लागि पूर्वाधार विकास | २०८०/८१–२०८२/८३ | ८४७५ | व्यवस्थित सार्वजनिक स्थान |
| ५ | वडास्तरीय कार्यक्रमहरू | सरसफाइ र फोहोर व्यवस्थापन सुधार | २०८०/८१–२०८२/८३ | ३९७ | स्वच्छ वातावरण र स्वस्थ समाज |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

फोहोर व्यवस्थापन अभ्यासको सफलताका लागि स्थानीय समुदाय, निजीक्षेत्र र सरकारी क्षेत्रको नेतृत्व र सहयोग अभिवृद्धि महत्त्वपूर्ण छ। व्यवस्थित ल्यान्डफिल साइटहरूको विकास र उपयोग सुरु गर्न आवश्यक छ। यी सर्तहरू कायम गर्न असफल भएमा योजनाको लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न जोखिम हुन सक्छ। वर्गीकरण, प्रशोधन र स्रोतमा फोहोरको पुन: प्रयोगलाई प्रोत्साहन गरेर वैज्ञानिक फोहोर व्यवस्थापनलाई प्रवर्धन गर्नाले यी चुनौतीहरूलाई सम्बोधन गर्न सकिन्छ। फोहोर प्रशोधन र व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोगले पनि मद्दत गर्न सक्छ। थप रूपमा, फोहोर प्रशोधन र पुन: प्रयोगबाट आय आर्जन गर्ने अभ्यासलाई प्रोत्साहन दिनु लाभदायक हुन सक्छ।

जोखिम न्यूनीकरणका सम्भावनाहरू

क. फोहोर व्यवस्थापनका लागि समुदाय र सरकारी निकायबीचको सहकार्यलाई सुदृढ गर्नुपर्छ। यसले स्थानीय तहमा प्रभावकारी फोहोर व्यवस्थापन प्रयासहरूलाई सुनिश्चित गर्नेछ।

ख. स्थानीय बासिन्दाहरूलाई फोहोर व्यवस्थापनका महत्त्वबारे जानकारी दिन र तिनलाई व्यवस्थापन कार्यमा सहभागी गराउन सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। यसले समुदायमा जागरुकता वृद्धि गर्नेछ र व्यवस्थापनका प्रयासहरूलाई सघाउनेछ।

ग. फोहोर व्यवस्थापनको लागि आवश्यक पूर्वाधार विकास गर्दा सावधानी अपनाउनु आवश्यक छ। ल्यान्डफिल साइटहरूको प्रभावकारी विकास र व्यवस्थापनले फोहोर व्यवस्थापनमा सुधार गर्नेछ।

घ. फोहोर व्यवस्थापनमा दिगो अभ्यासलाई प्रवर्धन गर्न स्थानीय स्रोत र समुदायको परिचालन गर्न आवश्यक छ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका विभिन्न प्राकृतिक प्रकोपहरू, जस्तै जलजन्य प्रकोप, भूकम्प, हिउँ, असिना, आगलागी, हुरीबतास, र महामारीको जोखिममा रहेको छ। यस जोखिम व्यवस्थापनका लागि नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरेको छ, जसले स्थानीय विपद् जोखिम न्यूनीकरण नीति तथा योजनालाई कार्यान्वयन गरिरहेको छ। नगरपालिका क्षेत्रमा प्रशिक्षित स्थानीय खोज, उद्धार र प्राथमिक उपचार कार्यकर्ताहरूको कुल सङ्ख्या ९० जना छ। विपद्ग्रस्त क्षेत्रमा अन्तरसरकारी, सुरक्षा निकाय, गैरसरकारी संस्था र निजीक्षेत्रले पनि सहकार्य गर्छन्।

गत आर्थिक वर्षमा वातावरणमैत्री स्थानीय शासनको हिसाबले खासै उपलब्धि हासिल गर्न नसके तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरी अगाडि बढ्ने निर्णय भएको छ। नगरपालिकाले वातावरणमैत्री स्थानीय सरकारको कार्यविधि तयार गरी आगामी दुई वर्षभित्र वातावरणमैत्री सहर घोषणा गर्ने लक्ष्य राखेको छ। विगतका वर्षहरूमा दुई सयभन्दा बढी पहिरो पीडितलाई राहत वितरण गरिएको छ भने २०७९-८० चैत मसान्तसम्ममा विपद् व्यवस्थापन योजना तयार गरिएको छ।

### ६.३.२ समस्या तथा चुनौती

सम्भावित विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक पर्ने न्यूनतम उपकरण, उपकरण र औजारहरूको उचित व्यवस्थापन र पूर्व तयारीको अभाव एक प्रमुख चुनौती हो। स्थानीय तहमा विपद्बारे जनचेतना र विपद् व्यवस्थापनको आधारभूत ज्ञान र सीपको पनि अभाव छ। डोजरको अन्धाधुन्ध प्रयोगले भोकमरीको जोखिम बढाएको छ र विपद् जोखिम न्यूनीकरण, तयारी र प्रतिक्रियालाई पूर्ण रूपमा मूलधारमा राखिएको छैन।

### ६.३.३ सोच

"विपद् व्यवस्थापनः समृद्धिमा योगदान"

### ६.३.४ उद्देश्य

क. विपद्बाट हुने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्नु।
ख. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका कार्यहरूलाई योजनाबद्ध रूपमा सञ्चालन गर्नु।

### ६.३.५ रणनीति

क. विपद् व्यवस्थापनको लागि संस्थागत संरचना विकास तथा विस्तार गर्ने।
ख. विपद् जोखिम न्यूनीकरणलाई बहु–सरोकारको विषयको रूपमा कार्यान्वयन गर्ने।
ग. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयारीका लागि अन्तर–सरकार तथा स्थानीय सरोकारवालाहरूबीच सहकार्य गर्ने।
घ. विपद् जोखिम न्यूनीकरणलाई विकास निर्माणका गतिविधिसँग एकीकृत रूपमा लैजाने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ६.७ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.७ : विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विपद्को कारण प्रभावित भएका व्यक्ति (प्रति १ लाखमा) | सङ्ख्या | १ | ०.८ | ०.६ | ०.४ | ०.२ |
| जलवायु परिवर्तन सम्बन्धी शिक्षा समावेश गरेका विद्यालयको अनुपात | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | १०० |
| विपद् व्यवस्थापन योजना भएका सामुदायिक सङ्घसंस्था | सङ्ख्या | १० | १५ | २० | २५ | ३० |
| विपद् जोखिम न्यूनीकरण तालिम प्राप्त गर्ने व्यक्तिहरू | सङ्ख्या | ५० | ७५ | १०० | १२५ | १५० |
| जलवायु परिवर्तन अनुकूलन परियोजनामा समावेश गरिएका परिवारहरू | सङ्ख्या | २०० | ३०० | ४०० | ५०० | ६०० |
| जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने संरचनात्मक परियोजनाहरू | सङ्ख्या | ५ | ७ | ९ | ११ | १३ |
| विपद् व्यवस्थापनको लागि आधुनिक उपकरणहरूको प्रयोग | सङ्ख्या | १० | १५ | २० | २५ | ३० |
| जलवायु परिवर्तन अनुकूलन कोष | रु. लाख | ० | ० | १० | ३० | ५० |

### ६.३.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ६.८ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.८ : विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| **आर्थिक वर्ष** | **बजेट अनुमान** | | | | **बजेटको स्रोत** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ९०७३ | ७९७३ | ११०० | ० | ९०७३ | ० | ० | |
| **२०८२/८३** | ७१२९ | ६२६५ | ८६४ | ० | ७१२९ | ० | ० | |
| **२०८३/८४** | ७८२८ | ६८७९ | ९४९ | ० | ७८२८ | ० | ० | |
| **कुल जम्मा** | **२४०३०** | **२१११७** | **२९१३** | **०** | **२४०३०** | **०** | **०** | |

### ६.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ६.९ मा प्रस्तुत गरिएको छ:

*तालिका ६.९: विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आगजनी तथा आपतकालिन प्रतिकार्य व्यवस्थापन | आगलागी प्रतिकार्य र आपतकालीन सेवा सुदृढीकरण | २०८१/८२ - २०८३/८४ | २९१३ | प्रभावकारी आगलागी प्रतिकार्य र आपतकालीन व्यवस्थापन |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | विपद् पूर्वतयारी | समुदायलाई जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा मानवीय सहायता मापदण्डबारे सचेतना | २०८१/८२ - २०८३/८४ | १८५४ | समुदायको विपद् जोखिम न्यूनीकरणमा सहभागिता र सचेतना |
| ३ | विपद् व्यवस्थापन क्षमता विकास | स्थानीय स्तरमा विपद् व्यवस्थापन क्षमतामा वृद्धि | २०८१/८२ - २०८३/८४ | १७२२ | जनप्रतिनिधि, वडा सचिव, टोलका अगुवा, र युवा स्वयंसेवकको क्षमता विकास |
| ४ | विपद् व्यवस्थापन, पूर्वाधार र संसाधन | विपद् व्यवस्थापन पूर्वाधार विकास र आवश्यक स्रोतको व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | १६२८८ | विपद् व्यवस्थापनमा आवश्यक पूर्वाधार र स्रोतको व्यवस्था |
| ५ | वडास्तरीय कार्यक्रमहरू | विपद् व्यवस्थापनमा सुधार | २०८१/८२ - २०८३/८४ | १२५३ | विपद् स्थितिमा तत्काल राहत र प्रभावकारी व्यवस्थापन |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रका जोखिम र चुनौतीहरूलाई न्यूनीकरण गर्न, MTEF ले एउटा रणनीति प्रस्ताव गरेको छ जसमा उच्च मूल्यका बिरुवाहरू रोपेर वन क्षेत्रहरूलाई उत्पादनशील वनमा रूपान्तरण गर्ने, वन र जैविक विविधताको पहिचान र संरक्षणमा अन्तर-सरकारी साझेदारी र सहकार्य गर्ने, र जोखिम क्षेत्रहरूको पहिचान र माटोको क्षरणको दिगो नियन्त्रणका लागि विधिहरू अपनाउने कुरा समावेश छ। यद्यपि, यी रणनीतिहरूको सफलता वन र जैविक विविधता संरक्षणप्रति समुदाय र सरकारी अधिकारीहरूको बढ्दो सचेतना र सहयोगमा निर्भर गर्दछ। क्षरण नियन्त्रणको अवधारणालाई पूर्वाधार विकासको क्रममा सचेत रूपमा आत्मसात गर्नुपर्छ। यदि यी सर्तहरू पूरा भएन भने, यो अपेक्षित परिणामहरू प्राप्त गर्न चुनौतीपूर्ण हुन सक्छ।

जोखिम न्यूनीकरण गर्ने सम्भावनाहरू:

- क. वन र जैविक विविधताको संरक्षणका लागि समुदाय र सरकारी निकायबीचको सहकार्यलाई सुदृढ गर्नुपर्छ।
- ख. स्थानीय बासिन्दाहरूलाई वन र जैविक विविधताको महत्त्व बारेमा सचेतना फैलाउन कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।
- ग. माटो क्षरण रोकथामका लागि पूर्वाधार विकासको क्रममा सावधानी अपनाउनु आवश्यक छ।
- घ. वन क्षेत्रको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि नीतिगत र प्राविधिक उपायहरू अवलम्बन गर्नुपर्छ।
- ङ. स्थानीय बासिन्दाहरूलाई वैकल्पिक जीविकोपार्जनका उपायहरूमा प्रशिक्षण र सहयोग उपलब्ध गराउनुपर्छ।

# परिच्छेद – ७ : संस्थागत विकास र सुशासन क्षेत्र

क्षेत्रगत लक्ष्य: दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासन प्रवर्धन गर्ने

## ७.१ नीति, कानुन, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

सूर्योदय नगरपालिका १४ वटा वडाहरू भएको स्थानीय सरकार हो। नगरपालिकाले पूर्वाधार सुधारका लागि पहल गरेको छ र सबै वडा कार्यालयमा सडक, सञ्चार, र विद्युत सेवा उपलब्ध गराएको छ। सेवा प्रवाहलाई सहज बनाउन संस्थाको पुन:संरचना र जनशक्ति व्यवस्थापनका सन्दर्भमा अझै केही चुनौतीहरू छन्। ऐन, नियम, कार्यविधि, र निर्देशिका तयार र प्रमाणित भए पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

वित्तीय सुशासनका लागि आन्तरिक नियन्त्रण प्रणाली लागु भएको छ र चालु आर्थिक वर्षको पहिलो १० महिनामा बेरुजुको प्रतिशत २.६ प्रतिशतबाट घटेर २.३ प्रतिशत पुगेको छ। बेरुजुको कुल विस्तार अघिल्लो आर्थिक वर्षमा ११.६ प्रतिशत थियो भने चालु आर्थिक वर्षको पहिलो १० महिनामा ३१ प्रतिशत थियो। नगरपालिकाले आफ्नो स्थानीय तहको संस्थागत स्व-मूल्याङ्कनमा सन् २०१८ मा ५९.११ को तुलनामा ९६.१२ अङ्कका साथ उल्लेखनीय सुधार गरेको छ। वित्तीय जोखिम मूल्याङ्कनको हालको औसत ८५.५ प्रतिशत रहेको छ।

### ७.१.२ समस्या तथा चुनौती

नगरपालिकाले प्रयास गरे पनि सुशासनको क्षेत्रमा अझै पनि राजनीतिक र व्यावहारिक जटिलताहरू छन्। सेवा प्रवाहलाई सहज बनाउन संस्थागत पुन:संरचना र जनशक्ति व्यवस्थापनको अभाव हुनुका साथै नीति, कानुन, नियम र कार्यविधि कार्यान्वयनमा कठिनाइ भइरहेको छ। कानुन, नीति, नियम र कार्यविधिबारे नागरिकलगायत सरोकारवालालाई प्रभावकारी रूपमा जानकारी नभएकाले प्रभावकारी कार्यान्वयनमा बाधा पुगेको छ।

### ७.१.३ सोच

"नतिजामूखी प्रशासनः विकास तथा सुशासन"

### ७.१.४ उद्देश्य

क. सेवा प्रवाहलाई नतिजामूखी र प्रभावकारी गराउनु।
ख. सेवा प्रवाहलाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाउनु।

### ७.१.५ रणनीति

क. सेवा प्रवाहलाई सेवाग्रहीमैत्री, पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने।
ख. सुशासन प्रवर्धनका लागि अन्तर–सरकार तथा नागरिकको सहकार्यमा वृद्धि गर्ने।
ग. न्याय सम्पादनलाई सरलीकृत रस्तरीय तुल्याउने।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ७.१ मा प्रस्तुत गरिएको छ:

*तालिका ७.१ : नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्थानीय सेवा प्रवाह सम्बन्धी निर्देशिका, कार्यविधि र विषय क्षेत्रगत योजना तर्जुमा | सङ्ख्या | १२२ | १२५ | १३० | १३५ | १४० |
| नयाँ नीति र कानुन पारित गरिएका | सङ्ख्या | १० | १५ | २० | २५ | ३० |
| न्याय प्रवाहको औसत समय | दिन | ९० | ८० | ७० | ६० | ५० |
| सुशासन सम्बन्धी तालिम प्राप्त गर्ने व्यक्तिहरू | सङ्ख्या | ५० | ७५ | १०० | १२५ | १५० |
| समुदायबाट दर्ता गरिएका मुद्दाहरू | सङ्ख्या | २०० | २२० | २४० | २६० | २८० |
| सेवा प्रवाहको गुणस्तर मापन | सर्वेक्षण | १ | २ | ३ | ४ | ५ |
| न्यायिक निर्णयहरूको अनुपालन | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| सार्वजनिक सुनुवाई/गुनासो चौतारी | सङ्ख्या | ५ | ७ | १० | १२ | १५ |
| नागरिक चार्टर कार्यान्वयन | सङ्ख्या | १ | १ | १ | १ | १ |

### ७.१.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ७.२ मा प्रस्तुत गरिएको छ:

*तालिका ७.२ : नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| **आर्थिक वर्ष** | **बजेट अनुमान** | | | | **बजेटको स्रोत** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | ३२०० | ३०५० | १५० | ० | ३२०० | ० | ० | |
| **२०८२/८३** | २५१४ | २३९६ | ११८ | ० | २५१४ | ० | ० | |
| **२०८३/८४** | २७६१ | २६३२ | १२९ | ० | २७६१ | ० | ० | |
| **कुल जम्मा** | **८४७५** | **८०७८** | **३९७** | **०** | **८४७५** | **०** | **०** | |

### ७.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ७.३ मा प्रस्तुत गरिएको छ:

*तालिका ७.३: नीति, कानुन, न्याय तथा सुशासन उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति तथा कानुन | स्थानीय सरकार सञ्चालनका लागि थप कानुन निर्माण तथा संशोधन | २०८१/८२ - २०८३/८४ | ५३० | स्थानीय सरकारको सेवा प्रवाह मापदण्ड तयार र कार्यान्वयन |
| २ | न्यायिक समिति र न्यायिक निरुपण | न्यायिक समितिको क्षमता विकास र मेलमिलाप केन्द्रहरूको व्यवस्थापन | २०८१/८२ - २०८३/८४ | ३५७५ | न्यायिक निरुपण र मेलमिलाप प्रक्रियामा सुधार |
| ३ | लागु औषध र नसालु पदार्थ नियन्त्रण | लागु औषध र मदिरा तथा सुर्तिजन्यवस्तु नियन्त्रण तथा नियमन | २०८१/८२ - २०८३/८४ | ६६२ | लागु औषध, मदिरा र सुर्तिजन्यवस्तु सम्बन्धी चेतना वृद्धि |
| ४ | सुशासन प्रवर्धन र नियमन | सुशासन प्रवर्धन, बजार अनुगमन र उपभोक्ता अधिकार संरक्षण | २०८१/८२ - २०८३/८४ | ३७०८ | सुशासन र उपभोक्ता अधिकार संरक्षणमा सुधार |

### ७.१.९ जोखिम पक्ष तथा अनुमान

उपरोक्त चुनौतीहरूसँग सम्बन्धित जोखिमहरूलाई न्यूनीकरण गर्न नगरपालिकाले सेवा प्रवाहलाई प्रभावकारी, भरपर्दो, पहुँचयोग्य र उच्च गुणस्तरीय बनाउने रणनीति लिएको छ। सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र सेवाग्राहीमैत्री बनाउँदै, अन्तरसरकारी तथा नागरिकको सहकार्य अभिवृद्धि गरी न्याय प्रशासनलाई सरल र मानकीकरण गर्दै यो उपलब्धि हासिल हुनेछ। तर, यी रणनीतिहरूको सफलता जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी, नागरिकलगायत सरोकारवालाहरूबीचको साझा समझदारी र सहकार्यमा निर्भर छ। यदि यी व्यवस्थाहरू हासिल भएन भने, त्यहाँ अपेक्षित परिणामहरू प्राप्त नहुने खतरा छ।

अन्त्यमा, सूर्योदय नगरपालिकाले सुशासन र संस्थागत विकासको क्षेत्रमा केही प्रगति गरेको भएतापनि चुनौती सामना गर्न बाँकी नै छ। नगरपालिकाले संस्थागत पुन:संरचना, जनशक्ति व्यवस्थापन र नीति, कानुन, नियम र कार्यविधिको प्रभावकारी कार्यान्वयनमा ध्यान दिन जरुरी छ। अन्तरसरकारी र नागरिक सहकार्यका साथसाथै सेवा प्रवाहलाई प्रभावकारी, भरपर्दो, पहुँचयोग्य र उच्च गुणस्तरको बनाउने रणनीति सही दिशामा अघि बढेको कदम हो। यद्यपि, यी रणनीतिहरूको सफलता सरोकारवालाहरूबीचको साझा समझदारी र सहकार्यमा निर्भर गर्दछ।

जोखिम न्यूनीकरणका उपाय

क. जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी, र नागरिकहरूसँग नियमित प्रशिक्षण र संवेदनशीलता कार्यक्रम सञ्चालन गरी सुशासन, जवाफदेहिता र पारदर्शिताको महत्वबारे जानकारी दिने।

ख. प्रदेश, र स्थानीय तहबीचको सहकार्यलाई मजबुत बनाउँदै नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्ने।

ग. सेवा प्रवाहमा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्दै सेवा सुधारका लागि सुझावहरू सङ्कलन गर्ने र सम्बोधन गर्ने।

घ. सेवा प्रवाहको गुणस्तर र प्रभावकारितालाई नियमित रूपमा अनुगमन गर्दै, सुधारका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने।

ङ. सेवा प्रवाहलाई डिजिटल प्रविधिमार्फत पारदर्शी र प्रभावकारी बनाउँदै, सेवा प्राप्तिमा सहजता ल्याउने।

च. सुशासनको क्षेत्रमा बाह्य र स्वतन्त्र अनुगमनकारी निकायहरूलाई सक्रिय गरी वस्तुनिष्ठ अनुगमन र मूल्याङ्कनको व्यवस्था गर्ने।

छ. सेवा प्रवाहमा सरोकारवालाहरूको अधिकार र जिम्मेवारी स्पष्ट पार्दै, जवाफदेहिता र पारदर्शितालाई अभिवृद्धि गर्ने।

ज. सेवाग्राहीहरूको गुनासो र समस्याहरूलाई छिटो र प्रभावकारी रूपमा सम्बोधन गर्न समस्या समाधान संयन्त्रको स्थापना र सञ्चालन गर्ने।

## ७.२ सङ्गठन, मानव संसाधन र क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाले आफ्नै दुईवटा भवनबाट सञ्चालित १४ वटा वडाहरू समेट्छ । यसमा शाखा/उपशाखा/इकाइ/आयोजना/कार्यक्रममा १२१, स्वास्थ्य शाखामा ८४, सेवा करारमा ८२, र वडामा ५४ जना गरी कुल ३३७ कर्मचारी कार्यरत छन् । नगरपालिकाले आफ्नो सञ्चालन र सेवा प्रवाहलाई सहज बनाउन कम्प्युटर सफ्टवेयर प्रणाली प्रयोग गर्ने नीति लिएको छ । संगठनात्मक तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई क्षमता विकास योजना कार्यान्वयनको चरणमा छ । चैत मसान्तसम्म नगर कार्यपालिकामा १ सय १७ जना जनशक्ति र चालू आवमा १ सय १६ प्राविधिक कर्मचारी कार्यरत छन् ।

### ७.२.२ समस्या तथा चुनौती

नगरपालिकाले कार्यभार अनुसार जनशक्तिको व्यवस्था गर्न सकेको छैन र संगठनात्मक तथा व्यवस्थापन सर्वेक्षणले सिफारिस गरेको संगठनात्मक संरचनाको कार्यान्वयन पनि व्यावहारिक हुन सकेको छैन । नगरपालिकाको कार्यपालिका कार्यालयमा जनशक्तिको क्षमता विकासको अवसरको अभाव रहेकोले विद्यमान संरचना र जनशक्तिले कार्यसम्पादनलाई परिणाममुखी र जनमुखी बनाउन चुनौती रहेको छ ।

### ७.२.३ सोच

"सुदृढ संरचना र जनशक्तिः उत्कृष्ट कार्य सम्पादन र समृद्धि"

### ७.२.४ उद्देश्य

सेवा प्रवाहलाई जनमुखी र विकास प्रक्रियालाई परिणाममुखी बनाउनु ।

### ७.२.५ रणनीति

क. कार्यबोझका आधारमा जनशक्तिको व्यवस्था गरी आवश्यकताका आधारमा क्षमता विकासका अवसर उपलब्ध गराउने।
ख. कार्य सम्पादन करारमार्फत सेवा प्रवाह र कार्य सम्पादनलाई जनमुखी र सेवाग्राहीमैत्री बनाउने ।
ग. कार्यपालिका र वडा कार्यालयको सङ्गठन क्षमता सुदृढीकरण गरी कार्यसम्पादन छरितो र सहज गराउने ।
घ. कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ७.४ मा प्रस्तुत गरिएको छ:

*तालिका ७.४ : सङ्गठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| तालिम प्राप्त कर्मचारी | सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० |
| कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट अङ्क प्राप्त गर्ने कर्मचारी | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |
| संगठनात्मक संरचना सुधार | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ |
| पेसागत विकास कार्यक्रम | सङ्ख्या | १० | १२ | १५ | १८ | २० |
| प्राविधिक सीप तालिम प्राप्त कर्मचारी | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० |
| ई-गभर्नेन्स कार्यान्वयन भएका कार्यालय । निकाय | सङ्ख्या | ५ | ६ | ८ | १० | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यस्थल सन्तुष्टि सर्वेक्षण | सङ्ख्या | १ | २ | ३ | ४ | ५ |
| वार्षिक क्षमता विकास तालिम | सङ्ख्या | ५ | ६ | ८ | १० | १२ |
| ई-शासन प्रणालीमा अभ्यस्त कर्मचारी | सङ्ख्या | २० | ३० | ४० | ५० | ६० |
| अवसर र प्रोत्साहनको सिर्जनात्मकता | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ |
| समस्याहरू समाधान गर्ने समय | दिन | १० | ८ | ६ | ५ | ४ |

### ७.२.७ विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सङ्गठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ७.५ मा प्रस्तुत गरिएको छ:

*तालिका ७.५ : सङ्गठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नगरपालिका | नेपाल सरकार | कोशी प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८१/८२** | १५५७३६ | १५१५३६ | ४२०० | | १५५७३६ | ० | ० | |
| **२०८२/८३** | १२५८४९ | १२२५४९ | ३३०० | | १२५८४९ | ० | ० | |
| **२०८३/८४** | १३९३६५ | १३५७४१ | ३६२४ | | १३९३६५ | ० | ० | |
| **कुल जम्मा** | **४२०९५०** | **४०९८२६** | **११२४** | | **४२०९५०** | **०** | **०** | |

### ७.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सङ्गठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको सङ्क्षिप्त विवरण तालिका नं. ७.६ मा प्रस्तुत गरिएको छ:

*तालिका ७.६: सङ्गठन, मानव संसाधन र क्षमता विकास उप–क्षेत्रको कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सङ्गठन विकास | नागरिक सहायता सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | १३२४ | सेवा प्रवाहमा सुधार र सेवाग्राहीको सन्तुष्टि वृद्धि |
| २ | मानव संशाधन र क्षमता विकास | कर्मचारीहरूको कार्य सम्पादन नतिजाका आधारमा प्रोत्साहन | निरन्तर | ८४७५ | कार्यसम्पादनमा वृद्धि र प्रोत्साहित कर्मचारी |
| ३ | आन्तरिक नियन्त्रण | आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता मुल्याङ्कन कार्यक्रम | निरन्तर | १९८६ | प्रभावकारी आन्तरिक नियन्त्रण |
| ४ | कार्यपालिकाको कार्यालय सञ्चालन खर्च | नगरपालिका सञ्चालनका लागि आवश्यक खर्च व्यवस्थापन | निरन्तर | ३८३४३९ | प्रशासनिक कार्य सम्पादनमा सहजता, सेवाको गुणस्तरमा वृद्धि, र समग्र नगरको विकास |
| ५ | वडा कार्यालयहरू सञ्चालन खर्च | वडा कार्यालय सञ्चालन र व्यवस्थापन | निरन्तर | २५२९४ | प्रभावकारी प्रशासनिक सेवा, कर्मचारीको प्रोत्साहन, समग्र कार्यालय सञ्चालनमा सुधार |
| ६ | वडास्तरीय कार्यक्रमहरू | क्षमता अभिवृद्धि, कर सङ्कलन, सम्मान तथा प्रोत्साहन | निरन्तर | १९४९ | सशक्त टोल विकास संस्था, प्रभावकारी कर सङ्कलन, प्रतिभा प्रोत्साहन |

### ७.२.९ जोखिम पक्ष तथा अनुमान

सूर्योदय नगरपालिकाले सङ्गठन, मानव संसाधन, र क्षमता विकासमा विभिन्न जोखिमहरूको सामना गरिरहेको छ । ती जोखिमहरूको प्रभावलाई न्यूनीकरण गर्न निम्न उपायहरू अपनाउन सकिन्छ:

जोखिमहरू

- क. जनशक्तिको व्यवस्थापनमा चुनौतीहरू, संस्थागत पुन:संरचना, र क्षमता विकासको अभावले कार्यसम्पादनलाई प्रभावकारी र जनमुखी बनाउन अवरोध उत्पन्न गर्न सक्छ ।
- ख. कर्मचारीहरूलाई आवश्यक क्षमता विकास तालिमको अभावले सेवा प्रवाहको गुणस्तरमा कमी आउन सक्छ ।
- ग. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको अभावले कर्मचारीहरूको मनोबल र कार्यसम्पादनमा कमी आउन सक्छ ।

जोखिम न्यूनीकरणका उपायहरू

- क. कार्यभारका आधारमा जनशक्तिको व्यवस्था गरी, संगठनात्मक पुन:संरचना र व्यवस्थापनलाई सुधार गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- ख. नियमित रूपमा जनशक्ति र जनप्रतिनिधिहरूलाई तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ग. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्दै, कर्मचारीहरूलाई उत्कृष्ट कार्यसम्पादनका लागि प्रेरित गर्ने ।
- घ. सेवा प्रवाहलाई प्रभावकारी र आधुनिक बनाउन कम्प्युटर सफ्टवेयर प्रणाली र सूचना प्रविधिको उपयोग गर्ने ।
- ङ. सेवा प्रवाह र कार्यसम्पादनलाई नियमित रूपमा अनुगमन र मूल्याङ्कन गर्दै सुधारका उपायहरू अपनाउने ।
- च. अन्तरसरकारी, नागरिक, र निजीक्षेत्रसँग सहकार्य र समन्वय गर्दै सेवा प्रवाह र जनशक्ति व्यवस्थापनलाई सुधार गर्ने ।

सम्भावनाहरू

- क. प्रभावकारी जनशक्ति व्यवस्थापनले सेवा प्रवाहलाई छरितो र प्रभावकारी बनाउन सहयोग गर्नेछ ।
- ख. नियमित तालिम र क्षमता विकास कार्यक्रमहरूले कर्मचारीहरूको दक्षता र कार्यसम्पादनमा सुधार ल्याउनेछ ।
- ग. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीले कर्मचारीहरूको मनोबल र कार्यसम्पादनमा वृद्धि गर्नेछ ।
- घ. आधुनिक सूचना प्रविधिको उपयोगले सेवा प्रवाहलाई छरितो, पारदर्शी, र प्रभावकारी बनाउन सहयोग गर्नेछ ।
- ङ. अन्तरसरकारी र नागरिक सहकार्यले सेवा प्रवाहलाई प्रभावकारी बनाउन र जनशक्ति व्यवस्थापनलाई सुधार गर्न महत्वपूर्ण योगदान दिनेछ ।

सूर्योदय नगरपालिकाले सङ्गठन, मानव संसाधन, र क्षमता विकासमा निहित जोखिमहरूलाई न्यूनीकरण गर्दै, सेवा प्रवाहलाई जनमुखी र विकास प्रक्रियालाई परिणाममुखी बनाउन सक्छ । नगरपालिकाले विद्यमान संरचना र जनशक्तिको प्रयोग गरी आफ्नो सांगठनिक क्षमतालाई सुदृढ गरी कार्यसम्पादनलाई परिणाममुखी र जनमुखी बनाउन सक्छ । बलियो संरचना र जनशक्तिले नगरपालिकालाई उत्कृष्ट कार्यसम्पादन र समृद्धितर्फ डोऱ्याउन सक्छ ।

## ७.३ राजश्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

सूर्योदय नगरपालिकाको राजस्व सङ्कलनमा उल्लेखनीय सुधार भइरहेको छ। नगरपालिकाले राजस्व सुधार कार्ययोजना तर्जुमा गरी नियमित रूपमा अद्यावधिक गर्दै आएको छ। राजस्व परामर्श समितिको सिफारिसका आधारमा कर र गैरकर दरहरू निर्धारण भई आन्तरिक राजस्व सङ्कलन अभ्यास थप व्यावहारिक र सतर्क भएको छ।

नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदारहरूबाट सहयोग प्राप्त गर्दै आन्तरिक राजस्व वृद्धिलाई बलियो बनाउन योगदान पुऱ्याएको छ। नगरपालिकाले वर्षौंदेखि आफ्नो राजस्व सङ्कलन र स्रोत परिचालन अभ्यासलाई सुधार गर्न प्रयास गर्दै आएको छ। हालै नगरपालिकाले आन्तरिक राजस्व वृद्धि र स्थानीय करको दायरा विस्तार गर्न राजस्व सुधार कार्ययोजना बनाएको छ। योजना राजस्व परामर्श समितिको सिफारिसमा आधारित छ, जसले नगरपालिकालाई आफ्नो खर्च क्षमता सुधार गर्न, चालु खर्च बढाउन र वैज्ञानिक अनुमान र प्रक्षेपण तयार गर्न सल्लाह दिएको छ।

गत आर्थिक वर्षमा सूर्योदय नगरपालिकाले कुल चालु खर्च रु. ६९ करोड ९७ लाख २१ हजार, जसमध्ये ७४.६ प्रतिशत वा रु. ५२ करोड २२ लाख ४९ हजार खर्च भएको थियो। कुल पुँजीगत खर्च अनुमानित रु. ६८ करोड ४३ लाख ८७ हजार थियो, जसमध्ये ४८ प्रतिशत वा रु. ३३ करोड ५० लाख ४२ हजार खर्च भएको थियो। नेपाल सरकारसँग भएको सम्झौताअनुसार भाडामा चिया बगान सञ्चालन भइरहेको क्षेत्रबाट राजस्व सङ्कलनमा नगरपालिकाले चुनौती सामना गरेको छ। साथै, करदाता शिक्षा र आवश्यक सूचनाको अभावले राजस्व सङ्कलनमा कठिनाइ भएको छ।

### ७.३.२ समस्या तथा चुनौती

